वर्ष : १८, अंक : २, काठमाडौं, २०७९ बैशाख ९ गते शुक्रबार, 22 April 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।– (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# लोसपा–एमालेको गठबन्धनले कार्यकर्ता असन्तुष्ट

## पाँच दलीय तालमेलबाट जसपा ठगिएको गुनासो

**मधेशवाणी डेस्क**

काठमाडौं । स्थानीय निर्वाचनका लागि दलहरूबीच गठबन्धन गरेर जाने निर्णय भइरहँदा नेता तथा कार्यकताहरूमा असन्तुष्टि पनि उजागर भएको छ ।

पाँच दलीय गठबन्धनले बुधबार ६ महानगर र ११ उपहानगरका लागि उम्मेदवारको बाँडफाँट गरेपछि जसपामा असन्तुष्टि चुलिएको छ ।

यस्तै लोसपाले एमालेसँग गरेको चुनावी तालमेलप्रति नेता तथा कार्यकताहरूले गुनासो गरेका छन् ।

वीरगञ्ज महानगरपालिकामा लोसपा र एमालेले चुनावी गठबन्धन गरेका छन् । नगर प्रमुख एमालेलाई र उपप्रमुख लोसपालाई दिने गरी उनीहरूबीच तालमेल भएको हो ।

तालमेल सम्बन्धी सम्झौता पत्रमा नेकपा एमाले पर्सा जिल्ला अध्यक्ष जयप्रकाश थारू र लोसपा जिल्ला अध्यक्ष पुरूषोत्तमलाल झाले हस्ताक्षर गरेका छन् ।

३० वैशाखमा हुने चुनावमा वीरगन्जको मेयरमा एमालेका विजयकुमार सरावगी उम्मेदवार बन्ने भएका छन् भने उपमेयरमा लोसपाका पुरूषोत्तमलाल झा उम्मेदवार हुनेछन् । सरावगी वर्तमान मेयर हुन् । उनी हालै मात्र एमालेमा प्रवेश गरेका थिए । वडा अध्यक्ष र सदस्यको हकमा टुंग्याउ बाँकी छ ।

दुवै पार्टीका नेताहरूले वीरगञ्जमा संयुक्त पत्रकार सम्मेलन गरी गठबन्धन भएको जानकारी दिएका छन् ।

सत्ता गठबन्धनको तर्फबाट वीरगञ्ज महानगरपालिकाको मेयर जनता समाजवादी पार्टी (जसपा) र उपमेयर नेपाली कांग्रेसको भागमा परेको छ । तर कांग्रेसका स्थानीय नेताहरूले असन्तुष्टि जनाएका छन् ।

सत्ता गठबन्धनबाट वीरगन्ज मेयरमा




**वीरगन्ज महानगरमा चुनावी तालमेल घोषणा गर्न आयोजित एमाले र लोसपाको संयुक्त पत्रकार सम्मेलनमा नेताहरू ।**

जनता समाजवादी र उपमेयरमा कांग्रेसको उम्मेदवारी रहने सहमति भइसकेको छ ।

**जसपामा चर्कियो विवाद**

सत्ता गठबन्धनले आगामी स्थानीय तहका लागि महानगरपालिका र उपमहानगरपालिकाको भागबण्डा टुंगो लगाएसँगै जसपामा चर्को असन्तुष्टि देखिएको छ ।

गठबन्धनको निर्णय अनुसार नेपाली कांग्रेसले काठमाडौं, ललितपुर र विराटनगर महानगरपालिकामा मेयर लिएको छ भने वीरगञ्ज, भरतपुर र पोखरा महानगरपालिकामा उपमेयरमा उम्मेदवारी दिने भएको छ ।

नेकपा माओवादी केन्द्रले भरतपुर महानगरपालिकामा मेयर पाएको छ भने ललितपुर महानगरपालिकामा उपमेयर उसको भागमा परेको छ ।

नेकपा एकीकृत समाजवादीले पोखरा महानगरपालिकामा मेयरमा उम्मेदवारी दिनेछ । त्यस्तै उसले काठमाडौं महानगरपालिकामा उपमेयरमा उम्मेदवारी दिनेछ ।

त्यस्तै, जनता समाजवादी पार्टी (जसपा) ले वीरगंज महानगरपालिका र विराटनगरमा उम्मेदवारी दिने गठबन्धनमा सहमति भएको छ ।

उपमहानगरमा कांग्रेसले इटहरी, धरान, कलैया, बुटवल, तुलसीपुर, नेपालगञ्ज र धनगढीको प्रमुख पाउने सहमति भएको छ भने माओवादीले जितपुर सिमरा र घोराहीको प्रमुख पाएको छ । एकीकृत समाजवादीले हेटौंडा पाउँदा जसपाले जनकपुर पाएको छ ।

दलहरूबीच केन्द्रमा भागवण्डा टुंगो लाग्दा स्थानीय स्तरमा विरोध भइरहेको छ भने नेताहरूले असन्तुष्टि जनाएका छन् ।

जनकपुर र वीरगञ्ज जसपालाई दिने निर्णय भएसँगै त्यहाँ कांग्रेस कार्यक्ताहरू क्रुद्ध भएका छन् ।

कांग्रेस जनकपुरका नगर अध्यक्ष मनोज साहले यो निर्णय स्वीकार नगर्ने चेतावनी दिए । निर्णय नसच्याए कठोर कदम चाल्ने चेतावनी नेता कार्यकर्ताले दिएका छन् ।

कांग्रेसमा मात्र होइन गठबन्धनका अन्य दलका नेता कार्यकर्ताले समेत भागबण्डामा असन्तुष्टि व्यक्त गरेका छन् । जनता समाजवादी पार्टी (जसपा) बाँके जिल्ला कमिटीले केन्द्रमा शीर्ष नेताबीचको सहमति नमान्ने चेतावनी दिएको छ । जसपाले दाबी गरेको नेपालगञ्ज उपमहानगरपालिकाको प्रमुख कांग्रेसले पाउने सहमति बालुवाटारमा भएपछि जसपा नेताहरू आक्रोशित बनेका हुन् । उनीहरूले उक्त निर्णय सच्याउन अल्टिमेटम नै दिएका छन् ।

यस्तै सत्ता गठबन्धनको भागबन्डामा नेपालगञ्ज उपमहानगरको नेतृत्वबाट जसपा बाहिरिएपछि जिल्लास्तरबाटै गठबन्धनको निर्णयलाई लत्याउँदै उम्मेदवारी दिने संकेत देखिएको छ ।

बाँकेका चार स्थानीय तहमा कुनै पनि हालतमा गठबन्धन नगर्ने निर्णयमा पुगेर केन्द्रलाई पत्राचार गरेको जसपाले केन्द्रले कार्यकर्ताको भावनाविपरीत गरेको गठबन्धन नमान्ने संकेत दिएको छ ।

पार्टी बाँके अध्यक्षसमेत रहेका नेपालगञ्ज उपमहानगरपालिकामा मेयरका आकांक्षी कमरूद्दिन राईले केन्द्रको गठबन्धनको निर्णय स्वीकार गर्न नसकिने अवस्थामा रहेको बताए ।

पार्टीले बाँकेका चार पालिकामा गठबन्धन नगर्ने भनी केन्द्रलाई पठाएको जिल्लाको

*बाँकी अन्तिम पृष्ठमा*

## समानुपातिक निर्वाचन प्रणाली अपनाउनुपर्ने



जसपा अध्यक्ष उपेन्द्र यादव

गोरखा । जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले समावेशी चरित्रको समानुपातिक निर्वाचन प्रणाली अपनाउनुपर्ने बताएका छन् । जसपाले गोरखामा आयोजना गरेको चुनावी सभामा सम्बोधन गर्दै अध्यक्ष यादवले नेपालको चुनाव महँगो हुँदै गएकोले किसान, मजदुर, गरिब वर्गले आर्थिक अभावमा चुनावमा प्रतिस्पर्धा गर्न नसक्ने बताएका हुन् । शासकीय स्वरूप, संसदीय प्रणाली, निर्वाचन प्रणाली र न्याय प्रणाली परिवर्तन गर्नुपर्छ उनले भने ।

## 'विकासमा भारतीय लगानी र प्रविधि आवश्यक'

काठमाडौं । सहरी विकास मन्त्री रामकुमारी झाँक्रीले नेपालको पूर्वाधार विकासमा भारतीय लगानी र प्रविधि आवश्यक रहेको बताएकी छन् । उनले पूर्वाधार विकासमा नेपाल अहिले पनि पछाडि रहेकाले पछिल्ला वर्षहरूमा भारतले आधुनिक प्रविधिसहितको सडक, टनेल, पुल, सहरी एवं यातायात पूर्वाधारमा गरेको प्रगति नेपालका लागि अनुकरणीय रहेको बताइन् । निर्माण उपकरण उद्योगको दक्षिण एसियाकै सबैभन्दा ठूलो कार्यक्रम एक्सकोनको पूर्वावलोकन कार्यक्रममा मन्त्री झाँक्रीले एक्सकोनमा नेपालको सहभागिता महत्वपूर्ण हुने बताइन् । नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल निर्माण व्यवसायी महासंघको सहकार्यमा भारतीय उद्योग परिसंघले सो कार्यक्रमको आयोजना गरेको हो ।

भारतले आफ्नो विकासका साथै नेपालको विकासपनि सहयोग गर्नुपर्नेमा उनको सुझाव थियो । एक्सकोन, भारतीय उद्योग परिसंघद्वारा आयोजित दक्षिण एसियाको सबैभन्दा ठुलो निर्माण उपकरण र निर्माण प्रविधि व्यापार मेला हो । यसको ११औं संस्करण भारतको बैंगलोर अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रमा आगामी जेठ ३ देखि ७ गते ९ सम्म आयोजना हुँदैछ । सोही प्रदर्शनीका वारेमा जानकारी सहित नेपाललाई उक्त प्रदर्शनीको निम्तो दिन सो कार्यक्रमको आयोजना गरिएको थियो ।

कार्यक्रममा महासंघका अध्यक्ष शेखर गोल्छाले भने,'भारत नेपालको सबैभन्दा ठुलो व्यापार साझेदार हो । भारतले नेपाललाई तेस्रो मुलुकको व्यापारका लागि पारवहन सुविधा दिएको छ । भारतका सार्वजनिक र निजी दुवै क्षेत्रले नेपालमा लगानी गरेका छन् । अत्यन्त नजिकको छिमेकीको नाताले भारतलाई नेपालको पूर्वाधार विकासमा अझ बढी सहयोग गर्न आवश्यक छ ।' भारतीय दूतावासका प्रथम सचिव प्रियदर्शनी आरले नेपालको हरेक विकास प्रयासमा भारतले सहयोग गर्ने बताउँदै एक्सकोन प्रदर्शनीमा परिणामदायी रूपमा सहभागिताका लागि आग्रह गरिन् ।

## मधेश प्रदेशमा १ हजार बढी मतदानस्थल अति संवेदनशील

जनकपुरधाम । मधेश प्रदेशमा १ हजार ६३ वटा मतदानस्थल अति संवेदनशील रहेका छन् । यस्तै सो प्रदेशमा ८ सय ८८ संवेदनशील र २ सय १२ वटा मतदान केन्द्र सामान्य रहेका जनाइएको हो । जिल्ला सुरक्षा समितिको सिफारिसका आधारमा निर्वाचन आयोगले मतदानस्थललाई ३ तहमा वर्गीकरण गरिएको छ । आयोगका अनुसार मधेश प्रदेशमा सबैभन्दा बढी 'अति संवेदनशील' मतदानस्थल छन् । विगतको निर्वाचनको घटना क्रमका आधारमा मतदानस्थललाई वर्गीकरण गरिएको आयोगले जनाएको छ ।

विगतको निर्वाचनमा मतदान बिथोलिएका, झडप भएका मतदानस्थललाई अति संवेदनशीलको रूपमा सुरक्षानिकायले लिएको छ । मधेश प्रदेशका प्रहरी महानायब निरीक्षक उमेश रञ्जितकारले विगतमा भन्दा अहिले सुरक्षा चुनौती सामान्य रहेको बताए । उनले विप्लव नेतृत्वको नेकपा, जनमत पार्टी, साना-साना समूहहरू मूलप्रवाहको राजनीतिमा आएकाले सुरक्षा चुनौति पनि सामान्य रहेको बताए । सप्तरीमा २०८, सिरहामा १७०, धनुषामा १८३, महोत्तरीमा ११०, सर्लाहीमा १०३, रौतहटमा ८३, बारामा ६२ र पर्सामा ६२ वटा मतदानस्थल अति संवेदनशिल मानिएको छ । यस्तै सप्तरीमा ८५, सिरहामा ४६, धनुषामा ११६, महोत्तरीमा १४५, सर्लाहीमा १८४, रौतहटमा ११९, बारामा १०८ र पर्सामा ८५ वटा मतदान स्थललाई संवेदनशिल मानिएको छ । सप्तरीमा ४, सिरहामा ५, धनुषामा २४, महोत्तरीमा ३, सर्लाहीमा ३१, रौतहटमा ७४, बारामा ५१ र पर्सामा २० वटा मतदान स्थल सामान्य मानिएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

## रेशम चौधरीलाई फसाइएको छ : प्रचण्ड



धनगढी । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले कैलालीको टीकापुर घटनामा दोषी ठहरिएका रेशम चौधरीलाई 'निर्दोष' भएको बताएका छन् । एक नाबालकसहित ८ सुरक्षाकर्मीको ज्यान जानेगरी २०७२ भदौमा भएको घटनामा संलग्न भएको पुष्टि गर्दै चौधरीलाई आजीवन कारावासको सजाय सुनाइएको छ । तर, बिहीबार कैलाली पुगेका माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले भने रेशम निर्दोष रहेको बताएका हुन् ।

माओवादी केन्द्रले कैलालीको गौरिगंगा नगरपालिकास्थित मसुरियामा आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा बोल्दै अध्यक्ष प्रचण्डले भने, 'रेशम चौधरीको टीकापुर घटनामा कुनै संलग्नता छैन, उनी निर्दोष छन्, तर उनलाई फसाइएको छ ।' स्थानीय तह निर्वाचनको मुखमा प्रचण्डले चौधरी निर्दोष रहेको भन्दै थारू मतदातालाई प्रभावित पार्न खोजेका हुन् । तर माओवादी केन्द्रकै समर्थनमा बनेको वर्तमान सरकार गठन भएको १० महिनासम्म पनि सो विषयमा मौन छ ।

अध्यक्ष प्रचण्डले रेशम चौधरी निर्दोष रहेको भन्दै उनका विषयमा एक दुई दिनमै सरकारसँग गम्भीर रूपमा छलफल गर्ने बताए । 'घटनामा सामेल नहुने व्यक्ति अहिले जेलमा छन्,' अध्यक्ष प्रचण्डले भने, 'दोस्रो चोटि प्रधानमन्त्री हुँदा रेशम चौधरीलाई मैले नयाँ दिल्लीमा भेटेको थिएँ, त्यतिवेला मिडियामा ठूलो आलोचना भएको थियो, मैले रेशमलाई भेट्न नहुने केही कारण छैन, मैले रेशमलाई बाहिर पनि भेट्न सक्छु भित्र पनि भेट्न सक्छु ।'



लोकतान्त्रिक समाजवादी पार्टी नेपाल
DEMOCRATIC SOCIALIST PARTY NEPAL
केन्द्रीय कार्यालय ..., काठमाडौं

मिति–२०७९-१-२

हार्दिक शुभकामना

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवाद प्रति समर्पित रहि विगत १७ वर्षदेखि निरन्तर प्रकाशन हुँदै आएको राष्ट्रिय साप्ताहिक 'मधेशवाणी' १८औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यसको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक बधाई व्यक्त गर्दछु । साथै, नयाँ वर्ष २०७९ को अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीको सुख, शान्ति, दिर्घायु, उन्नति तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

महन्थ ठाकुर
अध्यक्ष



## सम्पादकीय

# निर्वाचन उन्मुख मुलुक

३० वैशाखमा घोषित स्थानीय तहको निर्वाचनमा सम्पूर्ण देश र जनता होमिएका छन् । निर्वाचन आयोग, राजनीतिक दल र निर्वाचनमा चासो राख्ने सबैका गतिविधि स्थानीय तह निर्वाचन केन्द्रित रहेको छ । यसले मुलुकको वातावरण नै निर्वाचनमय बनेको छ । राजनीतिक दलका पछिल्ला प्रत्येक बैठक, छलफल, अन्तरक्रिया र भेला निर्वाचनसम्बन्धी विषयमा केन्द्रित छ भने निर्वाचन आयोगले पनि निर्वाचनका लागि आवश्यक सामग्रीको व्यवस्थापन गरिहेको छ । निर्वाचनको मिति जति जति नजिक आउँदैछ, त्यति त्यति निर्वाचनसम्बन्धी गतिविधि र कार्यक्रम अब केन्द्रबाट प्रदेश हुँदै स्थानीय तहतर्फ उन्मुख भरहेको छ ।

राजनीतिक दलहरू उम्मेदवार सिफारिशको अन्तिम तयारीमा जुटेका छन् । केही दलले केही ठाउँमा उम्मेदवारबारे निर्णय गरिसकेका छन् भने केही दलले उम्मेदवार तय गर्न आन्तरिक छलफलमा व्यस्त छन् । उता आयोग पनि मुख्य निर्वाचन अधिकृत, निर्वाचत अधिकृत र जिल्ला निर्वाचन अधिकारीको छनोट गरिसकेर निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धि प्रशिक्षण गरिरहेको छ । यसका साथै निर्वाचन सम्पन्न गर्न आयोगले आफ्ना सबै संयन्त्र परिचालन पनि गरिरहेको छ । परम्परागत पद्धति खर्चिलो र प्रभावकारी नभएको निष्कर्षसहित यस पटक आयोगले मतदाता शिक्षाका लागि विद्युतीय सञ्चार माध्यम र सामाजिक सञ्जालको अधिकतम प्रयोगमा जोड दिएको छ । त्यसका लागि आयोगले वेभसाइटलगायतका अन्य सामाजिक सञ्जालको प्रयोग र इ-बुलेटिन प्रकाशन थालेको छ । विभिन्न भाषाभाषीमा मतदाता शिक्षासम्बन्धी सूचनामूलक कार्यक्रम सञ्चालन तथा जिल्ला निर्वाचन कार्यालयले स्थानीय एफएम रेडियो, पत्रपत्रिका र टेलिभिजनबाट पनि निर्वाचन शिक्षाको आवश्यक प्रचार प्रसार गरिरहेको छ ।

विगतमा निर्वाचन शिक्षाका लागि गरिएका खर्चको तुलनामा कार्यक्रम प्रभावकारी नभएको ठहरसहित यस पटक आयोगले पर्चा, पम्प्लेट छपाई गरी निर्वाचन शिक्षा नगर्ने नीति लिएको हो । पर्चा, पम्प्लेटका कारण वातावरण दूषित हुनुका साथै

**राजनीतिक दलहरूको प्रतिस्पर्धा सभ्य र अनुशासित नभएसम्म निर्वाचन स्वतन्त्र र निष्पक्ष हुन सक्दैन । निर्वाचन आयोगले निर्वाचनका सन्दर्भमा आचारसंहिता बनाउने गर्दछ । यस्तो संहिता बनाउँदा दलहरू पनि सहभागी हुन्छन् ।**

शहरको शोभा समेत कुरूप बनेको आयोगको बुझाई छ । आचारसंहिताको परिधिभित्र रही मापदण्डविपरित झण्डा र पर्चा पम्प्लेट प्रयोग नगर्न नगराउन आयोगले दललाई भनेको छ ।

सामाजिक सञ्जाललगायत न्यू मिडिया प्रविधिको प्रयोग गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, मितव्ययी र भयरहित तुल्याउन आयोगले राजनीतिक दल र उम्मेदवारलगायत सबै सरोकारवाला पक्षलाई अनुरोध गर्दै आएको छ ।

निर्वाचन भनेको लोकतन्त्रको आधारभूत तत्व हो । आवधिक निर्वाचन प्रणाली लोकतान्त्रिक शासन प्रणालीको सुन्दर गहना पनि हो राजनीतिक सत्ता परिवर्तनको शान्तिपूर्ण प्रक्रिया र माध्यम भनेको नै निर्वाचन हो । निर्वाचनको माहोल अरू कसैले बनाएर बन्दैन, स्वयं दलहरूले यस्तो वातावरण सिर्जना गर्नुपर्दछ । अबको एक वर्ष सबै राजनीतिक दलहरू चलायमान हुने देखिन्छ । किनकि राजनीतिक दलहरूले महाधिवेशनमार्फत नयाँ नेतृत्व पाएका छन् ।

निर्वाचन भनेर मात्र हुँदैन । निर्वाचनमा सबै शक्तिले आफ्नो पक्षमा विजय हासिल गर्न अनेक तिकडम अपनाउने हुँदा स्वतन्त्र र निष्पक्ष निर्वाचन लोकतन्त्रको पूर्व शर्त हो । निर्वाचनमा दलहरू होमिएर मात्र हुँदैन, जनताको चासो, सक्रियता, सहभागिता र मतदान भएन भने निर्वाचनको कुनै अर्थ रहँदैन । जनतामा दलहरूप्रति वितृष्णा पैदा भयो भने मतदानमा सहभागी नहुन सक्दछन् । त्यसैले अबको एक वर्ष दलहरूले देशलाई निर्वाचनमय बनाउन जरूरी छ ।

अर्कोतर्फ निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउने दायित्व राजनीतिक दलहरूको हो । निर्वाचन परिणाम आफ्नो पक्षमा पार्न जनतालाई गलत सूचना दिने, मारपिट गर्ने, भोजभतेर गर्ने, भोट किनबेच गर्ने, जनतालाई मतदान स्थलमा जान अनुत्प्रेरित गर्ने जस्ता हर्कत हुने गर्दछन् । राजनीतिक दलहरूको प्रतिस्पर्धा सभ्य र अनुशासित नभएसम्म निर्वाचन स्वतन्त्र र निष्पक्ष हुन सक्दैन । निर्वाचन आयोगले निर्वाचनका सन्दर्भमा आचारसंहिता बनाउने गर्दछ । यस्तो संहिता बनाउँदा दलहरू पनि सहभागी हुन्छन् । तर बनाएको आचार संहिता व्यवहारमा लागू हुँदैन । यही कारण एउटा निर्वाचन लड्न करोडौं खर्च हुने गरेको छ । त्यसैले अबका दिनमा सबै दलहरूले निर्वाचन आचारसंहितालाई व्यवहारिक कार्यान्वयन गर्ने गरी बहस छलफल गर्न जरूरी छ । जे होस् देश निर्वाचनमय बन्दै जाँदैछ । दलहरूले पनि यसका सहयोग गर्नु अहिलेको आवश्यकता हो ।

# सुशासनको दावा, नियत र नियति

## विचार - विश्लेषण भाग-१३०



उपेन्द्र झा

आदर्शका हितकारी शब्दहरू प्रयोग गरेर विपरित आचरणमा रम्ने राजनीति दलका अगुवाहरू देश बिगार्ने तत्वहरूमा आफूलाई स्वीकार्दैनन् । तर सत्य चाहिं यही हो । चुस्त, दुरूस्त, भ्रष्टाचारमुक्त सुशासन, देशमा उत्पादकत्व बढाएर परनिर्भरताबाट देशलाई मुक्त गराउने, विकास र समृद्धि ल्याएर देशलाई विकासोन्मुख अवस्थामा लैजाने लेखतमा दावा गरेपनि यसको ठीक विपरित दिशामा देशलाई डोऱ्याउने काँग्रेस, कम्युनिष्ट पार्टीको एउटै विचार र व्यवहार हुनु आठौं आश्चर्यजनक बिषय होइन ? त्रुटि भएको भए सुधारका लागि ३२ वर्ष यथेष्ठ समय होइन ?

चुनावी प्रक्रियाबाट जन प्रतिनिधी छानिनु लोकतान्त्रिक पद्धति हो । तर पनि सरकारको कडा आलोचना किन भई रहेको छ । पंचायती व्यवस्थामा पनि यसरी नै चुनाव हुन्थ्यो । त्यो लोकतान्त्रिक विधी किन थिएन । आज पनि त्यही विधीबाट प्रतिनिधी छानिन्छन् । यो लोकतान्त्रिक कसरी भयो ? के लोकतन्त्र भनाउँदाहरूको तानाशाही चुनावी प्रणाली नै असल लोकतन्त्र प्रणाली हो ? पंचायती व्यवस्थावादीहरूले हरेक क्षेत्रमा आफ्नो वर्चस्व बढाएकोले जनताबाट आलोचित हुनु परेको थियो । अहिले पनि काँग्रेस, कम्युनिष्टको नाममा सिङ्गै राजनीति प्रणालीलाई कब्जामा लिई देशलाई धमिरा लगाउने प्रयास गरिएको छ । राजनीति राज्य चलाउने नीति हो । कसैले निजी प्रयोजनमा यसलाई कसरी उपयोग गर्न सक्छ ।

स्थानीय सरकारलाई जन आकाँक्षा अनुरूप प्रतिनिधी छानिने, शक्तिशाली र स्वायत्त बनाउने ऐनले तर्जुमा गरेपनि संघीय सरकार तथा प्रदेश सरकारको प्रत्यक्ष हस्तक्षेप अहिले स्पष्ट रूपमा देखिएको छ । स्थानीय सरकारको स्वायत्ततामाथि नियम विपरीतको हस्तक्षेप कुन नियतले र किन गरिएको छ । स्थानीय जनताले आफ्नो आकाँक्षा बमोजिम सरकार बनाउने मौलिक हकलाई किन बन्देज लगाउने प्रयास गरिएको छ । नीति नियमलाई मिच्न सबै राजनीति दल अहिले एकमत भएका छन् । संघीय तथा प्रदेश सरकार पारस्परिक बैठक गरि देशभरिका गाउँपालिका, न.पा, उपमहा न.पा. र महानगरपालिकाका प्रमुख, उपप्रमुख पदको बाँडफाँड गरेका छन् ।

स्थानीय स्वायत्त अधिकार विषयको कुरा उठाउँदा संघीय प्रणालीको पहिलो अभ्यास भएकोले यस्तो हस्तक्षेप देखिएको सफाईमा भन्ने गरेको छ । स्थानीय सरकारको अधिकार र कर्त्तव्यबारे सिकाउन यो हस्तक्षेप भएको हो भन्ने तर्कले कानून मिचाईं एकपल्टका लागि क्षमायोग्य हुन सक्छ । तर के संघीय सरकार र प्रदेश सरकारको हस्तक्षेप यतिमा सिमित हुन्छ त ? कथमपि होईन । राज्यलाई दोहन गर्ने माफियाको सञ्जाल देशभरि फैलाएर बलियो किला बनाउने नियतले यो हस्तक्षेप गरिएको हो ।

अहिले स्थानीय सरकारको लागि व्यक्ति चयनभन्दा पार्टी चयन सर्वोपरि छ । नेपाली काँग्रेस, एमाले र माओवादीको प्रतिस्पर्धामा पछि पछि भुरा पार्टीहरू पनि भाग्य अजमाउन मैदानमा देखा परेका छन् । पार्टी समर्थकको रूपमा रहेको आम जनतालाई पार्टीपंक्तिभन्दा बाहिर जाने अनुमति हुँदैन । आम जनता स्वायत्त अधिकार बुझ्दैन । पार्टीका मानिसले जे बुझाउँछ, त्यही सही हो ।

नीति नियम बमोजिम राजनीति दलहरूको व्यवहार मिली रहेको छैन । वर्चस्व कायम राख्न बाटामा आउने अवरोधलाई संविधान संशोधन गरेर भएपनि मनोवाँछित उपाय खोज्न पछि नपर्ने शीर्ष राजनीति दलहरू भागबण्डामा सबै एकमत हुन्छन् । शीर्ष दलहरूको सैद्धान्तिक, वैचारिक मतान्तर रहेपनि राजनीति व्यवहार भने समान छन् । भर्खरै ओलीको सरकारको बेला ओली र देउवा एउटै थालमा भात खान्थे भने शेरबहादुर देउवा अहिले प्रधानमन्त्री हुँदा ओली प्रतिस्पर्धी बनेको छ । नेकपा (एकीकृत समाजवादी), नेकपा (माओवादी केन्द्र), जसपा र नेपाली काँग्रेस चुनावमा अहिले गठबन्धन बनाएका छन् ।

एमालेसंग एक्ला एक्लै जुन पार्टी आएपनि चुनावमा सबैको जमानत जब्त हुन्छ भन्ने ओलीको अहंकारी उद्घोषले पनि देउवाको यो गठबन्धन बन्न बल पुगेको हो । हावामा तीर हान्ने गरेको बानीले कहीं आफ्नै उपर झर्ला कि भन्ने डरले एमालेले बाँकी बचेका भुरा पार्टीहरूलाई मिलाएर गठबन्धन तयार गरेको छ । **देशै एमाले, त्यसैले हामी एमाले** भन्ने नाराका साथ चुनावमा उत्रेको एमाले उद्घोष गरे जस्तै पहिलो पार्टीको रूपमा आउने कि नआउने समयले बताउला ।

मफियाहरूले बनाएको खर्चिलो चुनाव प्रणालीलाई निर्वाचन आयोगले जतिसुकै कडा आचारसंहिता ल्याएपनि निष्पक्ष, ईमानदार मानिस चयन हुनै सक्दैन । निर्वाचन आयोग पनि त्यसैको हिस्सा भएकोले उसले फरक कोशिश गर्न सक्दैन । नेपाली काँग्रेसका महामन्त्री शशाँक कोईरालाले पनि आफ्नो संसदीय निर्वाचनमा ६ करोड खर्च गर्नु परेको स्वीकारेका छन् । खर्च भएको रकम किन सार्वजनिक गरेको भनेर निर्वाचन आयोगले उल्टै शशाँक कोईरालालाई कारवाहीको शिकँजामा लिन खोजि रहेको छ ।

देशैभरि निर्वाचन आयोगको आँखा अगाडि पैसाको खोलो बगेको कुरासंग निर्वाचन आयोगको कुनै चासो हुँदैन । निर्वाचन आयोग पनि त्यही प्रणालीको हिस्सा हुनेमा कुनै शंका छैन । देशको नियम, कानून एकातिर राजनीतिक व्यवहार अर्कोतिर भएपछि हाम्राभन्दा राम्रा मानिसको चयन हुँदैन । यसरी माफियाको रजाईं चलि रहन्छ । राज्यको दोहन र शोषण निरन्तर रूपमा चलि रहन्छ । देशको टाट पल्टिने अवस्थासम्म यी परजीवी खूनको अन्तिम बून्द चुसी रहेको हुन्छ । असीमित धन कमाएका यी परजीवी देशमा संकट परेको बेला विदेशिएर बस्ने यिनको मनसाय रहन्छ । यहाँ बस्दा राष्ट्रवादको आतंक फैलाउँछन् ।

देशमा अर्थ संकट घरदैलोमा आई पुग्न धेरै बेर छैन । तैपनि बेखबर राजनीतिक दलहरू चुनावमा भागबण्डामा गिद्ध जस्तै लुँछाचुँडी गर्नमा व्यस्त छ । भारतले हडप्नै लागेको देश बचाउने जिम्मा एमालेको भनेर चुनावी नारा दिएर बकम्फुसे राष्ट्रवादको नारा फेरि उचालिएको छ । राष्ट्रवादको नाममा देशको यावत् विषमतालाई ढाकछोप गर्ने र राज्यलाई चुस्ने प्रक्रियालाई निरन्तरता दिने यी दलहरू निर्लज्जतापूर्वक मत माँग्न जनताको घरदैलोमा पुगेका छन् । हेरौं देशको विषम परिस्थितिले नेपालको राजनीतिलाई सकारात्मक दिशातिर मोड्छ कि ?

**देशैभरि निर्वाचन आयोगको आँखा अगाडि पैसाको खोलो बगेको कुरासंग निर्वाचन आयोगको कुनै चासो हुँदैन । निर्वाचन आयोग पनि त्यही प्रणालीको हिस्सा हुनेमा कुनै शंका छैन । देशको नियम, कानून एकातिर राजनीतिक व्यहार अर्कोतिर भएपछि हाम्राभन्दा राम्रा मानिसको चयन हुँदैन । यसरी माफियाको रजाई चलि रहन्छ । राज्यको दोहन र शोषण निरन्तर रूपमा चलि रहन्छ ।**

janukjha24@gmail.com

# स्थानीय सरकारले स्वास्थ्यलाई प्राथमिकतामा नराख्दा समस्या

**राकेश प्रसाद चौधरी**

जलेश्वर । महोत्तरी जिल्लाका पालिकाहरूले स्वास्थ्य र शिक्षालाई प्राथमिकतामा नराख्दा विभिन्न समस्या उत्पन्न हुन थालेका छन् ।

कोभिड-१९ विरूद्धको खोप मात्र नभई परिवार नियोजनका साधनहरूको प्रयोगमा समेत बेबास्ता हुने गरेको छ । पालिकाहरूमार्फत स्वास्थ्य संस्थामा परिवार नियोजनका साधनहरू समयमा आपूर्ती नहुने, आपूर्ती भएका साधनहरू दक्ष जनशक्तिको अभावमा सेवाग्राहीसम्म नपुग्ने गरेको पाइन्छ ।

नेपाल सरकारले परिवार नियोजनका साधन पिल्स, कण्डम, डिपो प्रोभेरा, इमप्लान्ट, आइयुसिडिसहितका साधन तथा सेवा निःशुल्क गरेका छ ।

महोत्तरी जिल्लाको १५ पालिकामध्ये अधिकांशमा परिवार नियोजनका साधनमध्ये इमप्लान्ट तथा आइयुसिडि लगाउने दक्ष जनशक्ति छैन । डिपो लगाउने सिरिन्जको समेत अभाव छ । जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख भोला यादवले स्वास्थ्य सेवा प्रति कुनै सरकार जवाफदेही नरहेकोले समस्या उत्पन्न भएको बताए ।

हाल पिल्स र कण्डम बितरण तथा डिपो प्रोभेरा सुई लगाउने कार्य नियमित रहेको बताउँदै कोभिड१९ बिरूद्धको खोप लिन आउने उमेर पुगेका सेवाग्राहीलाई परिवार नियोजनको साधन प्रयोगबारे परामर्श दिने काम सँग सँगै बढाउन तयारी भइरहेको उनले जानकारी दिए ।

मेरी स्टोप्स, आड्रा नेपालसहितका गैरसरकारी संस्थाहरूले इमप्लान्ट, आइयुसिडिसहितको सेवा सोनमा, जलेश्वर लगायतका केही पालिकाहरूमा प्रदान गरेपनि निरन्तरता हुने गरेका छैन ।

स्थानीय पालिकाहरूले समेत विभिन्न गैरसरकारी संस्थासँग सहकार्य गर्न सकिरहेको छैन । स्थानीयस्तरमा स्वास्थ्यकर्मीलाई बिभिन्न तालिमहरूबाट समेत बंचित गरिएको छ ।

रामगोपालपुर नगरपालिका स्वास्थ्य संयोजक अच्छेलाल साहले पालिकाहरूले भवन बनाउने कामलाई प्राथमिकतामा राखेर दक्ष जनशक्ति उत्पादन तथा ब्यबस्थापन, स्वास्थ्य कार्यक्रम संचालन र अन्य सरोकारवालासँग समन्वयको काममा बेबास्ता हुने गरेको आरोप लगाए ।

स्वास्थ्यमा दक्ष जनशक्तिको ब्यबस्थापन कसरी गर्नेबारे कुनै किसिमको राजनीतिक छलफल नहुँदा समस्या आउने गरेको बताए ।

तथ्यांक संकलन तथा ब्यबस्थापनमा समेत पालिकाहरू गंभिर नहुँदा विभिन्न योजना बनाउन समस्या हुने गर्दछ ।

जिल्लामा कोभिड१९ बिरूद्ध लगाइएका खोपको तथ्यांक समेत जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीमा आवधिक हुन सकेको छैन ।

त्यही परिवार नियोजन साधनको प्रयोग र सेवा उपभोग गर्नेहरूको तथ्यांक नहुँदा योजना बनाउने समस्या हुने गर्दछ । जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीका परिवार नियोजन शाखा प्रमुख बिरेन्द्र तिवारीले जिल्लाभरिका पालिकास्तरीय स्वास्थ्य संयोजकसँग छलफल गरि एकीकृत परिवार नियोजन सेवाको जिल्ला स्तरीय माइको प्लानिङ्ग प्रतिवेदन प्रदेश एवं संघीय सरोकारवाला निकायमा पठाएपछि समस्या समाधान हुनसक्ने बताए ।

महोत्तरीमा अझैसम्म ७७ प्रतिशतले मात्र कोभिड१९ बिरूद्धको खोप लिएका छन् । त्यही सातसय लक्ष्य लिइएकोमा ५ सय ५९ जना महिलाले मात्र स्थायी बन्ध्याकरण गराएकी थिइन् ।

जिल्ला स्वास्थ्य कार्यालयबाहेक जलेश्वर प्रादेशिक अस्पतालले समेत समय समयमा स्थायी बन्ध्याकरण शिविर संचालन गर्ने गर्छ । अस्पतालका प्रमुख डा. सतिश साहले स्थायी बन्ध्याकरण सेवा नियमित कार्यक्रम अन्तर्गत राख्न पहल गरिरहेको जानकारी दिए ।

यो कार्यक्रम नियमित भएपछि बन्ध्याकरण गराउन चाह्ने महिला वा पुरूषले जुनसुकै समयमा यो सुविधा प्राप्त गर्न सक्छन् ।

# एउटै व्यक्तिलाई धेरै पद दिएको देखेर लोसपा परित्याग गरें



जानकीराम साह
मेयरका प्रत्याशी एवं
वडाध्यक्ष, जनकपुरधाम उपमहानगरपालिका–७

**० चुनावको मुखमा दल परिवर्तन किन गर्नुभयो ?**

– मैले यो पाँच वर्षभित्र आफ्नो वडामा जुन किसिमले काम गरेको छु, यहाँका आम जनसमुदायले मलाई मेयरमा दाबेदारी गर्नुस् भनेर भन्नुभयो । त्यसकारणले म आवद्ध लोकतान्त्रिक समाजवादी पार्टी नेपालमा पनि आवाज उठाउँदा मसहित पाँचजनाको नाम सिफारिस भयो । लोसपाबाट यस्ता व्यक्ति सिफारिस भएका छन् जो प्रदेशसभाको सदस्य, जिल्ला अध्यक्ष र प्रदेशको प्रमुख सचेत पनि हुनुहुन्छ । उहाँको नाम पनि मेयरमा सिफारिस गरिएको छ । त्यसकारणले लोसपामा चित्त बुझेन । अनि त्यो पार्टी छोडेर नेकपा (एमाले) प्रवेश गरेको हुँ ।

**० मेयरको टिकटकै लागि एमाले प्रवेश गर्नुभएको हो ?**

– मेयरको टिकटभन्दा पनि पार्टीभित्र एउटा प्रक्रिया र पद्धति हुन्छ । म पनि लामो समयदेखि राजनीति गर्दै आएको छु । हामीले गरेको कामको राम्रो मूल्यांकन जनताबाट भएको छ, जनताले मलाई मेयरको रूपमा हेर्न चाहन्छन् । त्यसको मूल्यांकन पार्टीले पनि गर्नुपर्ने हो । यदि पार्टी हाम्रो कामको मूल्यांकन गरेन भने के गर्ने त ?एमालेले हाम्रो आम समुदायको भावनाको कदर गर्छ भन्ने विश्वास छ । अहिले एमालेप्रति मधेशमा विश्वास बढ्दै गएको छ । हाम्रा आम समुदायले पनि एमाले नै प्रवेश गर्दा राम्रो हुन्छ भन्ने सुझावहरू पनि आयो । त्यसकारणले आम समुदाय र जनभावनाको कदर गर्दै एमाले प्रवेश गरेको हुँ ।

**० तर लोसपाले पनि मेयरकालागि तपाईंको नाम सिफारिस गरेको थियो नि?**

– लोसपाले मेरो नाम पनि सिफारिस गरेको थियो तर मलाई चित्त बुझेन । प्रदेश सांसद, सचेक र जिल्ला अध्यक्ष भएका एकै जना धेरै पद लिएर आफ्नै नाम मेयरका लागि सिफारिस गर्नुभएको छ । त्यसकारणले मेरो चित्त बुझेन र यो पार्टीमा बसेर मेरो केही काम छैन ठाने । जब सबै पद एउटै व्यक्तिलाई पार्टीले दिन्छ भने हामी कहाँ जाने त ?

**० तपाईंको नाम त सिफारिस भएको थियो, टिकट पाउने आधार देख्नु भएन?**

– टिकट नपाउने आधारभन्दा पनि एउटै व्यक्तिलाई धेरै पद दिएको देखेर लोसपा परित्याग गरेर एमाले प्रवेश गरें ।

**० तर एमालेले पनि तपाईंलाई नै मेयरको टिकट दिन्छ भन्ने सुनिश्चितता छ त ?**

– मलाई विश्वास छ कि एमालेले यहाँको जनभावनाको कदर गर्छ । पार्टीले जे निर्णय गर्छ त्यसलाई हामीले पालना गर्ने नै छौं ।

**० एमालेमा पनि जनकपुरधाम उपमहानगरको मेयरका लागि धेरै आकांक्षीहरु छन् नि?**

– ठिक छ । पार्टीले यसको निर्णय गर्ने हो । सबैको कामको मूल्यांकन पार्टीले गर्नेछ । मेरो काम र यहाँका जनभावनाको कदर पार्टीले गर्नेछ भन्नेमा विश्वस्त छु ।

**० यदि एमालेले पनि तपाईंलाई टिकट दिएन भने ?**

– तैपनि म एमालेमै बस्छु । तर अहिलेसम्म मैले एमालेबाट टिकट नपाउने अवस्था मैले देखेको छैन । अहिले एमालेले मधेशको भावनालाई बुझेको छ ।

**० तर विगतमा तपाईंहरु मधेश विरोधी एमाले, एमाले मुक्त मधेश भनेर नारा लगाउनुभएको थियो नि?**

– त्यो त मधेशआन्दोलनको एउटा राप ताप थियो । त्यतिबेला एउटा माहोल थियो । एमाले मधेशविरोधी देखिएको थियो । तर विस्तारै एमालेले मधेशको मुद्दालाई सम्बोधन गर्ने तत्परता देखाउँदै आएको छ । एमालेको सरकारले हुँदा मधेशका समस्याहरू समाधान गर्न केपी ओली प्रधानमन्त्री हुँदा प्रयास गर्नुभएको थियो । मधेशको मुद्दा सम्बोधन गर्न एमाले सकारात्मक भएको छ । त्यसकारणले हामीलाई विश्वास छ कि मधेशको मुद्दा एमालेले सम्बोधन गर्छ । त्यो विश्वासका साथ पनि हामी एमाले प्रवेश गरेका हौं ।

**० अब एमाले मधेशविरोधी छैन त ?**

– होइन, अहिले मधेशप्रति एमाले सकारात्मक छ र मधेशका माग सम्बोधन गर्छ ।

**० अहिले जनकपुरधाम उपमहानगरमा पाँच दलीय गठबन्धनबाट वर्तमानका मेयर र तपाईंले परित्याग गरेको लोसपाको बलियो पकड छ । तपाईंलाई कतिको चुनौति छ ?**

– पाँच दलीय गठबन्धनले हामीलाई चुनौति हुन्छ भन्ने मलाई लाग्दैन । किनकि जनता सर्वोपरी हो । दलबीच गठबन्धन भएको हो, जनताले गठबन्धन गरेको होइन । पाँच दलीय गठबन्धनमा नै अहिले विवाद देखिएको छ, पूर्वमेयरले दाबेदारी गरिरहनु भएको छ । यहाँका आमसमुदायलाई थाहा छ कि अहिलेका मेयरले जनकपुरधाम उपमहानगरकालागि के गर्नुभएको छ । यसको जवाफ आमसमुदायले दिनेछ । यहाँका जनताले सही निर्णय गर्नुहुन्छ । यो गठबन्धनले हामीलाई केही बिगार्दैन । पाँच दल एक्ला-एक्ले प्रतिस्पर्धा गर्न नसकेर गठबन्धन बनाएको छ । तैपनि एमाले एक्लै जित्ने तागत राख्दछ ।

**० तपाईं वडाध्यक्षको लागि लड्दा साइकल छाप थियो, अहिले सूर्यबाट लड्दै हुनुहुन्छ । तपाईंका मतदाताले सूर्यलाई भोट हाल्छ ?**

– चुनाव चिन्हलाई चिन्नु भन्दा पनि व्यक्तित्वलाई यहाँका जनताले राम्ररी चिनेका छन् । चुनाव चिन्ह त हुन्छ नै तर जनताले व्यक्तित्व पनि हेर्छन् ।

**० जनकपुरधाम उपमहानगरमा एमाले कुनै दलसँग सहकार्य गर्छ कि एक्लै चुनाव लड्छ ?**

– एमालेले जनकपुरधाममा कोहीसँग सहकार्य गर्छ जस्तो देखेको छैन । हामी जनकपुरधाममा एक्लै लड्नुपर्छ भन्ने चाहन्छौं । किन कि एक्लै चुनाव जित्ने क्षमता एमालेसँग छ । जनकपुरधाममा एमालेसँग ऊर्जावान युवाहरू छन्, जसले आफ्नै बलमा चुनाव जिताउन सक्छन् ।

**० तपाईंले वर्तमान मेयर लालकिशोर साहको धेरै विरोध गर्नुभएको थियो नि?**

– वर्तमान मेयर लालकिशोर साहले उपमहानगरपालिका एउटा पनि राम्रो काम गर्न सक्नुभएन । उहाँको हरेक गलत क्रियाकलापको मैले विरोध गरेको थिएँ । म व्यक्तिगत रूपमा लाल किशोरको विरोध गरेको थिएन, उहाँको कार्यशैलीको विरोध गरेको थिएँ । जनकपुरधाममा धेरै यस्ता कामहरू गर्न सकिन्थ्यो, त्यसमा उहाँको ध्यानै गएन । यहाँ ल्याण्डफिल निर्माणको कुरा थियो, शिक्षा, स्वास्थ्यलगायत कुनै पनि क्षेत्रमा उहाँ काम गर्न सफल हुनुभएन । मैले मेयरका विरूद्ध सर्वोच्च अदालत मुद्दा पनि दायर गरेका छौं । लुकाएर नगरसभा उहाँले गर्नुभएको थियो । त्यसकारणले उहाँको क्रियाकलापलाई जनमानसले राम्ररी मूल्यांकन गरेका छन् ।

**० यदितपाईं मेयरमाविजयीहुनुभयो भने तपाईंको पहिलो प्राथमिकता के हुनेछ ?**

– मेरो सबभन्दा पहिलो प्राथमिकता सरसफाइहनेछ । त्यस्तै, ल्याण्डफिलको व्यवस्था, लामखुट्टेबाट जनकपुरवासीलाई मुक्ति हाम्रो पहिलो प्राथमिकता हुनेछ । हाम्रो प्राथमिकताका कुराहरू जुन वर्तमान मेयरले गर्न सक्नु भएन त्यो पूरा गर्ने मेरो प्रतिबद्धता हो ।

**० तपाईंका प्रतिबद्धताहरु के-के छन् ?**

– जनकपुरधामको सरसफाइ, गुठीका जग्गाको संरक्षण, मांसमदिरामुक्त जनकपुरधाम, किसानको समस्या, गुणस्तरीय शिक्षा, युवालाई रोजगारी, स्वास्थ्य क्षेत्रमा सुधार लगायत थुप्रै कुराहरू छन् । यी कुराहरूलाई म आफ्नो कार्यकालभित्र पूरा गर्नेछु भन्ने मेरो प्रतिबद्धता हो । यी कुराहरूमा अहिलेका मेयरको ध्यान नै पुग्न सकेन । जनकपुरधामअहिले मधेश प्रदेशको राजधानी भएकोले नयाँ जनकपुरधामको निर्माण होस्, सुन्दर र सफा जनकपुरधामको निर्माण होस् । जानकी मन्दिरमा पर्यटकलाई कसरी आकर्षित गर्न सकिन्छ त्यसमा पनि हाम्रो प्राथमिकता रहनेछ । नयाँ जनकपुरको निर्माण होस् भन्ने हाम्रो कल्पना छ । मैले प्रतिबद्धता मात्र जनाउने होइन कि गरेर देखाउँछु । मैले आफ्नो वडा नं. ७मा काम गरेर पनि देखाएको छु । मआफ्नो वार्डमा थुप्रै कामहरू गरेको छु । यहाँका जनसमुदाय मेरो कामबाट पूर्ण सन्तुष्ट छन् । त्यस कारणले जनकपुरधाम उपमहानगरपालिका भरि आम समुदायले मलाई मेयरको रूपमा हेर्न चाहेका छन् ।

**० गत चुनावमा मेयर र तपाईं एउटै पार्टीबाट जित्नुभएको थियो । त्यति बेलाका प्रतिबद्धताहरु कतिको पूरा भयो त ?**

– मैले त आफ्नो वार्डमा गरेका सबै प्रतिबद्धता पूरा गरेको छु । तर मेयरले एउटा पनि प्रतिबद्धता पूरा गर्न सक्नुभएको छैन । जुन किसिमको बजेट थियो, त्योअनुसार कामै भएको छैन । करोडौं-अर्बौं रूपैयाँ जुन विकास निर्माणका लागि आएको थियो त्यो फ्रिज भएका छन् । ल्याण्डफिलकै लागि ४८ करोड रूपैयाँ छुट्याइएको थियो, त्यो रूपैयाँ फ्रिजभएको छ । ३ करोड रूपैयाँ उपकरणहरूका लागि आएको थियो त्यो पनि फ्रिज भएको छ । कोरोनाकालमा विपद् व्यवस्थापनका लागि आएको करोडौं रूपैयाँ पनि फ्रिज भएको छ । त्यसकारणले मेयर लालकिशोर साहको कुनै पनि उदाहरणीय वा सन्तोषजनक काम देखा परेको छैन ।

# मधेशीको मत कांग्रेस–एमालेलाई नै बुझाउने हो भने उतै किन नजाने ?



सञ्जय यादव
पूर्वनेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

**० तपाईंले लोकतान्त्रिक समाजवादी पार्टी नेपाल किन परित्याग गर्नुभयो ?**

– मेरो राजनीतिक पृष्ठभूमि भनेको मधेश आन्दोलनबाट आएको हो । आन्दोलनको क्रममा दुई पटक जेल बसिसकेको छु, पाँच पटक टाउको फुटेको छ । युवाहरूलाई अवसर दिनु र आन्दोलनमा युवाहरूको जुन योगदान थियो त्यसलाई गप्राथमिकतामा राख्न पार्टीका शीर्ष नेताहरूलाई बारम्बार आग्रह गर्दै आइरहेका थिएँ । तर उहाँहरू पार्टीको गतिविधि नै नगरी सांगठनिक कार्यहरू नै बन्द गर्नुभयो । शीर्ष नेताहरूले कुनै वास्ता गर्नु भएन । यदि कोही पैसावाला छन्, आन्दोलनको उसको लगानी होस् नहोस् कुनै मतलब छैन, त्यस्ताहरूले बढी प्राथमिकता पाउँछन् । पार्टी अध्यक्ष जुन जातिका छन्, उसले प्राथमिकता पाउँदै गए । समग्रमा भन्ने हो भने मधेशको राजनीति जातिवादमा फँसेको छ ।

**० पार्टी नेतृत्वप्रति तपाईंको मुख्य असन्तुष्टि छ ?**

– मधेश आन्दोलन र पार्टीप्रति लगानी भएका युवा नेतृत्वहरूलाई शीर्ष नेताहरूले कहिल्यै प्राथमिकता दिनुभएन । मैले कुनै पद नपाएर पार्टी छोडेको होइन, आफ्नो बाटो रोजेको हुँ ।

**० तर चुनावको मुखमा नै किन?**

– यदि म जनतामा भिजेको छु, आफ्नो क्षेत्रमा काम गरेको छु र आफूलाई युवाको ढुकढुकी ठान्छु भने पार्टी कार्यालयमा बसेर समानुपातिक सिट मागेर मेरो दिन जाँदैन । गत चुनावमा पनि मैले पार्टीसँग टिकट मागेको थिएँ । मैले पार्टी परित्यागको घोषणा गर्दा शीर्ष नेताहरूप्रति कुनै किसिमको गुनासो गरेको छैन । हाम्रा मधेशका पार्टी अध्यक्षहरू आफूलाई भगवानभन्दा कम ठान्नु हुन्न । हाम्रा अध्यक्षहरूका अगाडि हामी कार्यकर्ता होइनौं, लठैत मात्रै हौं । लठैतको रूपमा मात्रै हामी प्रयोग हुँदै आएका छौं । त्यसैले अब आगामी राजनीतिक यात्रा नयाँ तरिकाले सुरूआत गर्नेछौं ।

**० कुनै पार्टीबाट मेयरको अफर आयो कि?**

– चुनावमा टिकट पाउनु ठूलो कुरा होइन । पार्टीको आफ्नो एउटा सिस्टम हुन्छ । मैले आफ्नो निर्वाचन क्षेत्र मधेश प्रदेशको बारा निर्वाचन क्षेत्र नं. १ (ख)को प्रदेशसभाका लागि तयारी गरेको हुँ । मलाई मेयरको टिकट चाहिएको छैन । टिकट बाँड्ने ठाउँमा म आफै छु । यदि अझ पनि हाम्रा नेताहरू मधेश आन्दोलन र मुद्दाप्रति इमान्दार हुनुहुन्छ भने व्यक्तिगत स्वार्थ त्याग्नुस् । त्यसपछि मात्र पार्टी बन्छ नत्र भने धरासायी भएर जान्छ र सम्पूर्ण मधेशीजनतालाई कहीं न कहीं दुःख र पीडा भोग्नुपर्छ ।

**० भनेपछि तपाईं आगामी प्रदेशसभाको निर्वाचनका लागि तयारीमा हुनुहुन्छ ?**

– मैले त खुलेरै भनेको छु । त्यो हिसावले म जनताका बीचमा काम गरेको छु । आफ्नो क्षेत्रमा मैले प्रदेश सरकारको बजेट, संघीय सरकारको बजेटदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शक्तिहरूबाट समेत बजेट ल्याएर विकास निर्माण लगायतका कामहरू गरेको छु । साथै मैले विगत १५ वर्षदेखि निरन्तर रूपमा जनताकाबीच काम गर्दै आएको छु । त्यसैले जनताको चाहनाअनुसार प्रदेशसभामा प्रतिस्पर्धा गर्ने तयारीमा छु । आजको दिनमा सडक, पुल निर्माणभन्दा पनि गुणस्तरीय शिक्षाको आवश्यकता छ । गुणस्तरीय शिक्षा र स्वास्थ्यकालागि मैले बारामा दौड प्रतियोगिता पनि गराएका थिएँ । यी मुद्दाका साथ म प्रदेशको चुनावमा भाग लिनेछु । मलाई आशा छ जनताले मलाई सहयोग गर्नेछन् ।

**० कुन पार्टीबाट प्रदेशसभा सदस्यको लागि चुनावमा जाँदै हुनुहुन्छ ?**

– मधेश आन्दोलनका मुद्दा जुन पार्टीले सम्बोधन गर्छ, त्यो पार्टीसँग सहकार्य गरेर अगाडि बढ्छु । म जुन पार्टीमा जान्छु, यदि मधेशको मुद्दासँग बेइमानी हुन्छ, त्यहीं दिन त्यो पार्टीबाट बिदा हुन्छु ।

**० तपाईं एमाले प्रवेश गर्न लाग्नु भएको हो भन्ने चर्चा छ नि?**

– अहिले म कुनै पार्टी रोजिसकेको छैन । दुई-तीनदिनमा स्पष्ट हुन्छ । हाम्रो मुद्दा सम्बोधन गर्ने स्थितिमा मूलतः कांग्रेस र एमाले हो । कांग्रेस, एमाले र जसपासँग कुरा भइरहेको छ । तर जुन पार्टीले मधेशको मुद्दालाई विगतमा अलि सहज ढंगले हेरेका छन्, त्यो पार्टी नै रोज्ने हो । यस अघिको केपी ओलीको सरकारले कम्तीमा नागरिकता मुद्दा, आन्दोलनकारीहरूमाथि लगाइएका झुट्ठा मुद्दा फिर्ता भयो, घाइतेहरूलाई सम्बोधन गर्‍यो । तर अहिलेको सरकारको करिब १० महिना हुन लाग्यो, तर मधेशका कुनै पनि मुद्दा सम्बोधन गर्ने तिर अघि बढेको छैन । जबकि स्वयम् मधेशका मसिहा भन्ने पार्टीका मन्त्रीहरू छन् । कम्तीमा केपी ओलीको सरकारमा लोसपा १३ दिनमै केही मुद्दाहरू सम्बोधन गरायो तर जसपाले अहिलेसम्म विभिन्न भागवण्डामा मात्रै सीमित छ ।

**० भनेपछि, एमालेप्रति तपाईंको अलि बढी झुकाव छ ?**

– स्वाभाविक हो । हिजो र आजका एमालेमा धेरै परिवर्तन भइसकेको छ । हिजोको केपी ओली र आजको केपीमा धेरै परिवर्तन भएको छ । आजको दिनमा केपी ओली प्रति जुन झुकाव छ, यदि यस्तै रहिरह्यो भने हामी मात्र होइन, मधेशका अन्य युवाहरू पनि सोच्न बाध्य हुन्छन् ।

**० त्यसो भए एमाले प्रवेश गर्ने तयारीमा हुनुहुन्छ ?**

– अहिलेसम्म स्पष्ट भइसकेको छैन । कांग्रेस, एमाले र जसपाबाट कुरा आइरहेका छन्, जसमा मलाई सहज लाग्छ, त्यही पार्टीमा प्रवेश गर्नेछु ।

**० विगतमा तपाईंहरुले मधेश विरोधी केपी ओली, एमाले मुक्त मधेश लगायतका नारा लगाउनुभएको थियो । एमाले कसरी मधेश मैत्री हुनसक्छ ?**

– यो जतिको पीडाको घडी हाम्रो लागि केही हुँदैन । जीवनमा यस्तो समय आउँछ भनेर मैले सपनामा पनि सोचेको थिइनँ । मैले रोएर लोसपा परित्याग गर्ने निष्कर्षमा पुगेको हुँ । मैले कहिल्यै सोचेको थिइनँ कि मधेशवादी पार्टी छोडेर कांग्रेस-एमालेतिर मेरो झुकाव हुन्छ । तर हाम्रा नेताहरूको गतिविधिका कारण परिस्थिति निर्माण भयो हामी जस्ता युवा सोच्न बाध्य भयौं । हामी आन्दोलन गर्‍यौं, केपी ओली मुर्दावादको नारा लगायौं । तर कसका लागि आन्दोलन गर्‍यौं ? हाम्रा नेताका आफन्तहरूलाई समानुपातिक सांसद बनाउनका लागि? भोट बेचेर नेताको घरमा पैसा थुपार्नका लागि? ती सबका लागि हामीले आन्दोलन गरेको अनुभव भयो । मैले कसैमाथि व्यक्तिगत रूपमा आरोप लगाएको होइन, आम जनताले हेरिरहेका छन् ।

**० कांग्रेस र एमाले नै किन रोज्नुपर्ने ?मधेशकै कुनै राजनीतिक दल किन रोज्नु भएन त ?**

– हामी जति आन्दोलन गरेर मधेशी जनताको भोट लिएर आउँछौं तब हाम्रा नेताहरू ती भोट त्यही कांग्रेस र एमालेलाई बुझाउने गरेका छन् । आफूलाई मधेशको मसिहा भनाउने एउटा टिम केपी ओलीलाई नेता मानेको छ भने अर्को टिमले शेरबहादुर देउवालाई नेता मानेको छ । मधेशमा नेता देखा परेका छैनन्, ठूला दलका पिछलग्गु मात्र हुन् । कुनै-कुनै बेला प्रचण्डको भाषा ठिक लाग्छ कि जब वार्ता नै गर्ने हो यिनीहरूको मालिकसँग नै गर्ने । मधेश आन्दोलन र मधेशकालागि यो कुरा दुर्भाग्य हो । अहिले पनि मेरो अलिकति पनि इच्छा छैन कि मधेशवादी पार्टी छोडेर जाने । तर के गर्ने ? मैले सामाजिक सञ्जालमार्फत् लोसपा परित्यागको घोषणा गरेदेखि धन्यवाद र स्वागत बाहेक कसैले पनि नकारात्मक टिप्पणी गरेका छैनन् । यहाँ सम्म कि अहिलेसम्म हाम्रा अध्यक्षमण्डलबाट किन परित्याग गर्नुभयो, आएर कुरा गर्नुस् भनेर भनेको छैन । जिल्ला-जिल्लाबाट मलाई फोन आइरहेको छ कि राम्रो गर्नुभयो, अब सबैले यस्तै गर्नेछन् । यसबाट मलाई यो अनुभव भयो कि म अहिलेसम्म अन्ध्यारोमा थिएँ । म मात्रै पीडित छैन, मजस्ता कैयौं आन्दोलनकारी युवाहरू पीडित छन् । मधेशका पार्टी केही नेताहरूको सिन्डिकेटबाट चल्छ । जसले जति गणेश परिक्रमा गर्न सक्छ, उसले त्यति बढी अवसर पाउँछन् । तर हाम्रो जीनमै छैन कसैको चाप्लुसी गर्ने । इतिहास साक्षी छ कियादवको छोराले कहिल्यै पनि कसैको चाप्लुसी गर्दैन ।

**० दिन प्रति दिन मधेशका युवा नेताहरु मधेश केन्द्रित दल परित्याग गर्दै ठूला दलहरु नै रोज्दैछन् । भनेपछि अब मधेश केन्द्रित दल इतिहासमा मात्रै सीमित हुँदैछ त ?**

– मधेशमा यदि राम्रो नेतृत्व भइदिएको भए कहिल्यै पनि मधेशको पार्टी र मुद्दा समाप्त हुँदैन । मधेशको मुद्दा आज पनि खराब छैन, तर नेतृत्वकर्तामा कहीं न कहीं कमी रहेको छ । आजसम्म रेकर्ड हेर्ने हो भने हृदयेश त्रिपाठी जस्तो मधेशको हस्ती जसको मधेशप्रति लगानी अहिलेसम्म कसैको छैन, उहाँले पनि छोड्नुभयो । उनीजस्ता धेरै नेताहरू पीडित भएर मधेशको राजनीतिक पार्टी छोडेका छन् । आज पनि छोड्ने क्रममा छन् । मधेश र देशको राजनीतिमा यदि कसैलाई सबभन्दा बढी सम्मान गर्छु भने त्यो व्यक्ति महन्थ ठाकुरजी हुनुहुन्छ । उहाँजस्तो व्यक्ति मधेशले पाउनु धेरै ठूलो भाग्यको कुरा हो ।

**० तर, महन्थ ठाकुरको नेतृत्व क्षमतामा प्रश्न उठाउँदै पार्टी परित्याग गर्नेहरु पनि धेरै छन् ?**

– हाम्रो हिन्दू धर्ममा सत्यको प्रतीक बृहस्पतिलाई भनिन्छ । तर एक्लो बृहस्पति पनि झुट्ठो हुँदोरहेछ । नेता महन्थ ठाकुर साँच्चिनै शालीन, बौद्धिक, नेतृत्व क्षमतालगायत सबै गुण भएको व्यक्ति हुनुहुन्छ । तर उहाँलाई काम गर्न दिने टिम राम्रो भएन । त्यसैले अब म आफ्नो राजनीतिक यात्रा कुनै राष्ट्रिय पार्टीबाट सुरूआत गर्नेछु ।

# यति महँगो निर्वाचन किन र कसका लागि ?



ललित कुमार यादव

१८ औं शताब्दिमा पुरातनवादी "टोरीज" विरुद्ध "हेविग्ज" समूह पछि बेलायतबाट राजनीतिक दलको उदय भएको हो। जहाँ लोकतन्त्र (संसदीय बहुदलीय निर्वाचन पद्धती) छ, त्यहाँ राजनीतिक दलको अस्तित्व हुन्छ। राजनीतिक दलको मुख्य उद्देश्य निर्वाचन मार्फत चुनिएर राज्य र सत्ता सञ्चालन गर्नु हो। लोकतन्त्रमा कुनै पनि राजनीतिक दललाई चुनावमा भाग लिन र स्वतन्त्र रूपमा प्रचार प्रसार गर्न बन्देज हुदैन। राजनीतिक दलले खुल्ला रूपमा आफ्नो विचार, नीति, कार्यक्रम, मुद्दा, एजेण्डा, र उद्देश्य तथा लक्ष्य अभिब्यक्ति , घोषणापत्र तथा प्रतिबद्धता मार्फत जनता समक्ष राख्ने गर्छन्। जनताले पनि दलहरूको अभिब्यक्ति, घोषणापत्र तथा प्रतिबध्दताकै आधारमा राजनीतिक दल रोज्ने र मन पराउने गर्छन्। राजनीतिक दललाई जनतामा जान र जनतालाई आफुले मन पराएको राजनीतिक दललाई छनौट गर्न कुनै पनि ब्यक्ति, समुह वा दलको डर, त्रास, धम्की, आतंक, लोभ र लालच हुनु हुदैन। नेपालमा राजनीतिक दल खोल्न पाउने स्वतन्त्रता नेपालको संविधान २०७२ मा मौलिक हकको रूपमा उल्लेख गरिएको छ।

अहिले राजनीतिक दलहरूका बारेमा विभिन्न किसिमका टिका टिप्पणी भै रहेका छन्। कुनै पनि दलले जनताको मतको कदर गर्न नसकेको देखिन्छ। राजनीतिक दलहरू देश र जनता प्रति देखाउनु पर्ने ईमान्दारिता देखाउन र आफैले विगतमा गरेका प्रतिबध्दता पुरा गरी जनविश्वास जित्न सकेका छैनन्। दलहरूले निर्वाचन जिते पनि जनविश्वास जित्न सकेका छैनन्।कुनै पनि दल जनताको प्यारो पार्टि बन्न सकेका छैनन्, प्यारो बनेका छन् त केवल सिमित आफ्ना कार्यकर्ताका । राजनीतिक दलले राज्य र सत्ता सञ्चालन गरेर पनि जनविश्वास जित्न नसक्नुलाई दलको असफलता वाहेक अरू केही नाम दिन सकिदैन। सर्बप्रथम राजनीतिक दलहरूले जनविश्वास जित्न नसकेको यथार्थलाई स्विकार गरेर जनविश्वास जित्न सक्ने गरी काम गर्न तयार हुनु पर्ने देखिन्छ। अहिलेसम्म दलहरूको ध्ययान जसरी पनि चुनाव जित्नेमै केन्द्रित रहेका छन्। जनविश्वास जित्ने तर्फ ध्ययान नै दिएका छैनन्।

राजनीतिक दलहरू जे जस्ता भएपनि जनताको मतलाई स्विकार्नै पर्छ। चुनाव जितेर आएको दल र ब्यक्ति शासक भए जनता शासित हुनु पर्छ, सेवक भए जनताले सेवा पाउछन्। देश र जनतालाई शासक होईन सेवक चाहिन्छ।लोकतन्त्रको आधारभूत पक्ष भनेकै जनादेशलाई स्विकार गर्नु र सम्मान गर्नु हो। बहुदलीय प्रणालीमा दर्जनौं राजनीतिक दलहरू चुनावी प्रक्रियामा भाग लिन्छन्, तर थोरै दलले मात्र चुनाव जित्ने र सत्ता सञ्चालनको अवसर प्राप्त गर्छन्।राजनीतिक दल सफल हुन जनभावना अनुसार सत्तामा रहेर जनताकै लागि काम गर्नु पर्छ।जनभावनालाई संस्थागत गर्न नसक्दा त्यहीबाट लोकतन्त्र कमजोर हुने र अधिनायकबादको जन्म हुने गर्छ। कुनै राजनीतिक दलले जनभावना अनुसार काम गर्न नसकेमा , त्यसलाई हटाउने क्षमता चुनावी प्रकृया मार्फत जनतामा मात्र हुन्छ। त्ससको लागि आवधिक निर्वाचनको व्यवस्था हुन्छ। राजनीतिक दल सधै सफल नै हुन्छन् भन्ने छैन् असफल पनि हुन सक्छन् आन्तरिक वा वाह्य कारणबाट । राजनीतिक दल विनाको लोकतन्त्र र लोकतन्त्रमा राजनीतिक दलको भूमिका नहुने भन्ने हुदैन्।

राजनीतिक दलहरू सत्तामा गएसँगै आफैले जनतासँग गरेका प्रतिबध्दता र लोकतन्त्रका आधारभुत पक्षलाई समेत बिर्सिने गरेका छन्। उनीहरूमा दलगत स्वार्थ हाबि हुने गरेको पाइन्छ।यसरी राजनीतिक दल सफल हुनै सक्दैन्। सफल हुन राजनीतिक दलले देशको परिस्थिति, आवश्यकता र जनभावना अनुसारको काम गर्न सक्नु पर्छ।

लोकतन्त्रीक प्रणालीमा आवधिक निवाचन हुनै पर्छ। लोकतान्त्रीक प्रणालीको लागि आवधिक निर्वाचन अति आवश्यक पनि हो। तर आवधिक निर्वाचन हुदैमा, लोकतान्त्रीक प्रणाली सही बाटोमा हिडेको ग्यारेण्टी गर्दैन। न त जनताले खोजेको जनप्रतिनिधि चयन भएर जनचाहना अनुसारको सरकार गठन हुने कुराकै ग्यारेण्टी गर्न सक्छ निर्वाचनले। निर्वाचनमा मतदाताले भयरहित वातावरणमा कुनै किसिमको प्रलोभनमा नपरी स्वच्छ, स्वतन्त्र र निषपक्ष रूपमा मतदान गर्न पाउनु पर्छ।




जनताको वास्तविक प्रतिनिधि चुनिन स्वच्छ, निषपक्ष र धाँधलीरहित चुनाव हुन त्यतिकै जरूरी हुन्छ।निर्वाचन जनता र राजनीतिक दल दुबैका लागि आफ्ना गल्ति सच्याउने एउटा अवसर हो। निर्वाचन मार्फत जनताले जनभावना अनुसार काम नगरेको खण्डमा आफ्ना प्रतिनिधि र सरकार परिवर्तन गरेर अरूलाई राज्य र सत्ता सञ्चालनको अवसर दिन सक्छन् भने राजनीतिक दलले जनताको मत जितेर शक्तिमा आउन सक्छन्। निर्वाचनको अवसरलाई जनता र राजनीतिक दलले सहि तरिकाले सदुपयोग गर्न सकेमा मात्र जनभावना अनुसारको सरकार गठन हुने वातावरण बन्छ, नभए सरकार गठन हुन्छ तर जनभावना अनुसारको सरकार गठन हुदैन।

२०७४ सालमा पहिलो स्थानीय तहको निर्वाचन सुसम्पन्न भई पहिलो पटक संघियता अनुसारको स्थानीय सरकारको अभ्यास मुलुकमा भयो। ५ बर्षको अवधि समाप्त हुन लाग्दा एक आध स्थानीय सरकारलाई अपवाद मान्ने हो भने स्थानीय सरकारहरूले संघियताको अनुभुति गराउने र जनभावना अनुसारको काम गर्न नसकेकोमा कुनै द्वविधा छैन्। प्रायजसो जनप्रतिनिधिहरू सत्ता र शक्तिमै रमाएको देखियो। दलहरूले जनतासँग गरेको प्रतिबध्दता पुरा गर्न सकेनन्।संघियताको आर्थिक भार मुलुकले थेग्नै नसक्ने प्रश्न पनि उठि नै रह्यो। जनप्रतिनिधिहरूको रबैया पनि यस प्रश्नको वरिपरि नै रह्यो। यही वैशाखको ३० गतेको लागि दोस्रो स्थानीय तहको निर्वाचन हुने मिति तोकिएको छ र त्यसपछि यहि वर्ष प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन हुनेछ। हुन लागेको यी निर्वाचनहरूलाई दल र जनताले कतिको सदुपयोग गर्न सक्छन् , त्यसले नै मुलुकको अगामी पाँच वर्षको भविष्य तय गर्नेछन्।

अब हुने निर्वाचनमा दल र उम्मेदवारले पुरा गर्न सक्ने प्रतिबध्दता मात्र गर्नु पर्छ। जनतालाई झुक्याएर मत लिन पुरै गर्न नसकिने सपना जनतालाई देखाउनु हुदैन्। यस्तो गर्नु भनेको जनता ठग्नु हो। मुलुकको प्रस्थिति र अवस्थाको हेक्का राखेर मात्र जनतालाई सपना देखाउनु पर्ने र सोही अनुसारको घोषणाको आधारमा जनताको मत लिनु पर्ने हुन्छ दल र उम्मेदवारले। जनताले नै दल र उम्मेदवारको भविष्य तय गर्ने भएकाले संधैभरि जनताको मत पाउन सक्ने गरी दल र उम्मेदवार जनतामा जानु पर्छ। संधै साम, दाम, दण्ड र भेद को चार नीति प्रयोग गरेर जनताको मत हत्याउने नीति दल र उम्मेदवारले त्यागनु पर्छ। जनताले पनि लोभ र लालचमा परेर होईन, दल र उम्मेदवारको प्रतिबध्दता हेरेर मतदान गर्नु पर्छ। ती प्रतिबध्दताहरू पुरा गर्ने आधारहरू के के हुन, पुरा गर्न सक्छन् की सक्दैनन् , केवल मत लिनका लागि मात्र ती प्रतिबध्दताहरू गरेका त होईनन् यी र यस्तै कुराहरूमा विचार पुऱ्याउन अति आवश्यक छ।जनताले गरेको मतदानबाट कुनै पार्टि र उम्मेदवारको मात्र हार जित हुने होईन् । मतदान गर्ने मतदाताको स्वयम् पनि हार जित हुन्छ। असल प्रतिनिधि छानिएमा सबै मतदाताको जित हुन्छ नभए सबै मतदाता र मुलुककै हार हुन्छ। निर्वाचित हुने प्रतिनिधिले अरू कसैको होईन तिनलाई मतदान गरेकै मतदाताले तिरेको करको पैसा चलाउने हो। मतदाताले आफनै पैसा चलाउने अधिकार गलत ब्यक्तिलाई कुनै पनि वहानामा दिनु हुदैन्।राज्यको साधन र स्रोत दुरयपयोग गर्न सक्नेलाई मत दिनु हुदैन्। आफुले सेवा गर्न दिएको मतले आफै अगामी पाँच वर्ष शासित हुनु पर्ने अवस्थाको सृजना हुने वातावरण मतदाताले बनाउनु हुदैन। विगतमा गरेका गल्तीहरू जनता र राजनीतिक दल दुवैले सच्याउनु पर्छ।

निर्वाचनमा राजनीतिक दलले आफ्ना घोषणापत्र , छवि र उम्मेदवारलाई देखाएर प्रतिस्पर्धा गर्नु पर्छ। जनताले पनि आफ्ना प्रतिनिधि छान्ने आधार यीनै हुन। तर के नेपालमा यीनै आधारमा निर्वाचनमा प्रतिस्पर्धा हुन्छ र नेपाली मतदाताले यीनै आधारमा आफ्ना प्रतिनिधि छान्ने गरेका छन्? यो गम्भिर प्रश्न नेपालको निर्वाचनको सम्बन्धमा उब्जिएको छ। यसको सही उत्तर हो , होईन, नेपालमा पैसाको आधारमा चुनाव लडिन्छ र जितिन्छ। जुन कुराले निर्वाचनलाई विकृत बनाउदै लगेको छ। यसमा राजनीतिक दल, उम्मेदवार र मतदाता स्वयम् पनि दोषि छन्। उम्मेदवारमा पैसा खर्च गरेर चुनाव जित्ने चाहना हुनु र मतदाताले उम्मेदवारसँग झिनो लाभ लिने सोच्नु नै गलत हो। पैसाको आधारमा प्रतिस्पर्धा भएको चुनावबाट छनिएका प्रतिनिधि कहीले पनि जनप्रतिनिधिको भूमिकामा खरो उत्रिन सक्दैनन्। अहिलेको चुनावी प्रतिस्पर्धाको आधारले पैसा खर्च गर्न नसक्ने उम्मेदवार जति सुकै असल भएपनि प्रतिनिधिको रूपमा छान्निने बाटो नै बन्द गरेको छ। पैसा खर्च गरेर निर्वाचित भएको प्रतिनिधिको ध्ययान आफुले चुनावमा खर्च गरेको रकम उठाउनमै केन्द्रित हुने भएकोले देश र जनताको हितको बारेमा सोच्नै सक्दैनन्।

केही समय अगाडी एउटा सार्वजनिक कार्यक्रममा शशांक कोइरलाले २०७४ सालको प्रतिनिधि सभाको निर्वाचनमा आफुले ६ करोड खर्च गरेको र प्रति चुनाव खर्च बढदै गएको बताए।निर्वाचन आयोगले ०७४ मंसिरमा भएको संघिय निर्वाचनमा प्रत्यक्षतर्फ प्रतिनिधिसभाका एक उम्मेदवारले २५ लाख सम्म खर्च गर्न पाउने सिमा तोकेको थियो। यसरी हेर्दा उनले निर्वाचन आयोगले तोकेको सिमा भन्दा २४ गुणा खर्च गर्दा समेत निर्वाचन आयोगलाई छल्न झ्याए। पछिल्लो समयमा गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारीले पनि प्रदेशसभा सदस्य निर्वाचनमा आफुले गरेको खर्च निर्वाचन आयोगसँग ढाँटेको बताए।

राजनीति सेवा हो पेशा होईन। यसलाई कसैले अस्विकार गरेका छैनन्, तर सेवा गर्न जानकै लागि किन यति खर्च गरिन्छ? एउटा चुनावमा एउटा उम्मेदवारले गरेको खर्च हेर्ने हो भने अधिकांश नेपालीले त्यति रकम आफ्नो जिवनकालमा वचत समेत गर्न नसकिने देखिन्छ। चुनाव किन यति महँगो भयो? अब कसले चुनाव लडन सक्छ? चुनाव लडछु भन्ने बित्तिकै कमसेकम ६-७ करोड चाहिने अवस्था छ।तपाईहरूमध्ये कोही चुनाव लडन तयार हुनुहुन्छ भने म छोडन तयार छु। यी कुराहरू पनि सो कार्यक्रममा कोइरालाले बताए, तर ६ करोड के के मा खर्च गरियो र सबभन्दा बढी खर्च के मा भयो भन्ने कुरा बताएनन्।माथिका यी कुराहरूले चुनावमा निर्वाचन आयोगले तोकेको सिमाभन्दा कयौं गुणा बढी खर्च हुने गरेको र मध्यमवर्गका नागरिकले समेत चुनाव लडने कुरा सोच्नै नसक्ने तथ्यलाई पुष्टी गरेको छ।गरिबिको रेखा मुनि रहेका जनताको कुरै छोडौं। यति महँगो निर्वाचन किन र कसका लागि ? अधिकांश जनतालाई प्रतिनिधि हुन रोक्ने चुनाव किन चाहियो र कसलाई चाहियो ? सबैले प्रतिनिधि हुने अवसर पाउने चुनाव कहिले गराउने ? पैसाको बलमा किन चुनाव जित्न खोज्दै छन् , राजनीतिक दल र उम्मेदवारहरूले ? यसको सामाधान के हो र सामाधान कहिले निकाल्ने ? यी र यसतै प्रश्नको उत्तर राजनीतिक दल र उम्मेदवारसँग आम मतदाताले खोज्न सक्नु पर्छ। राजनीतिक दल र उम्मेदवारले निर्वाचनको सन्दर्भमा उठेका सबै प्रश्नको उत्तर आम मतदातालाई दिन सक्नु पर्छ।

यसको विकल्पका रूपमा प्रत्यक्ष निर्वाचित कार्यकारी र पुर्ण सामानुपातिक निर्वाचन प्रणाली का कुरा नउठेका होईनन्, तर महँगो निर्वाचनको विकल्प यी विकल्प हुन सक्छन की सक्दैनन् ? गम्भिर प्रश्न रहेको छ। मुलतः राजनीतिक दलको नियत र नियति सफा हुनु पर्ने देखिन्छ। सबै वर्गका जनताको प्रतिनिधित्व राज्य र सत्ता सञ्चालनमा कसरि गराउने भावना राजनीतिक दलमा हुनु पर्छ।यसमा निर्वाचन प्रणाली बाधक हुन्छ भन्ने ब्यक्तिगत मलाई लागदैन्। लाभको पदमा आफ्ना नाता र नजिकका मान्छेलाई मात्र सक्षम देख्ने दलका नेतृत्वको छवि नै बनिसकेको छ। यस्तोमा एउटा वर्गको अनुहारलाई देखाएर मत प्राप्त गरेर अर्कै गर्गको आफ्ना आफन्तलाई टिका लगाउने काम गर्दैनन् दलहरूले भने ग्यारेण्टी के छ? तसर्थ राजनीतिक दलको नेतृत्वले आफ्नो सोच परिवर्तन गरी आफ्ना नियत र नियति सफा गर्नु पर्ने हुन्छ।

निर्वाचन आयोगको काम निर्वाचन गराउने मात्र होईन। स्वच्छ, निस्पक्ष र धाँधलिरहित वतावरणमा निर्वाचन सुसम्पन्न गराउने जिम्मेवारी पनि आयोगकै हो। निर्वाचन सम्पन्न गराउन आयोगले जारी गरेका निर्देशिकाहरू, अचारसंहिता, खर्चको सिमा र निर्वाचन सम्बन्धि अन्य ऐन कानुनहरूको पालना भए नभएको सुक्ष्म निगरानी गरी उलंघन गर्नेलाई कारवाहीको दायरामा ल्याउन कुनै कसर बाँकी राख्नु हुदैन। यसको लागि आवश्यक समयन्त्रको विकास गर्नु पर्छ। अहिले निर्वाचन आयोगले उम्मेदवारले गर्न पाउने खर्चको सिमा तोक्ने गरेको भएपनि उम्मेदवारले गरेको खर्चको निगरानी गर्न सकेको देखिएको छैन्। उम्मेदवारले बुझाएको विवरणलाई नै पत्याउनु पर्ने अवस्था छ।अगामी निर्वाचनमा आयोग यी अवस्था भन्दामाथि उठन् सक्नु पर्छ। सकेसम्म मतदातालाई आफ्नो एक महत्वको बारेमा बुझाउन सकेमा पनि चुनाव यति महँगो हुदैन्। जनतामा राजनीतिक चेतना र सचेतनाको विकास गर्ने काम राजनीतिक दलको पनि हो। तसर्थ निर्वाचनलाई कम खर्चिलो बनाउन राजनीतिक दलहरूले मतदातामा राजनीतिक चेतना र सचेतनाको विकास गराउन र चुनावमा प्रतिस्पर्धा गर्ने आधार परिवर्तन गर्न जरूरी छ। साम , दाम, ढण्ड र भेदको नीति प्रयोग गरेर चुनाव जित्न खोज्नेलाई दलहरूले आफ्नो उम्मेदवार बनाउनु हुदैनन्।

lkskeshariaaryan@gmail.com

## एमालेबाट जलेश्वर नगरपालिकाको मेयर उम्मेद्वार म नै हुनेछु : नब्बा सिंह



जलेश्वर । नेकपा (एमाले)को तर्फबाट महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिकाका मेयर पदको उम्मेद्वारका लागि टिकट आफूले नै पाउने दाबी राजकिशोर साह उर्फ नब्बा सिंहले गरेका छन् । बुधबार जलेश्वरमा पत्रकार सम्मेलनको आयोजना गरी नब्बा सिंहले जलेश्वरको मेयरका लागि एमालेले अहिलेसम्म कसैलाई टिकट नदिएको स्पष्ट पारेका हुन् । एमाले नेता रामआधार कापर जलेश्वरको मेयरको टिकट पाएको भन्ने कुरामा कुनै सत्यता नरहेको उनले बताएका छन् । नब्बा सिंहले भने, 'अहिलेसम्म पार्टीले कसैलाई जलेश्वरको मेयरका लागि टिकट दिएको छैन । आमजनता तथा कार्यकर्तामा भ्रम सिर्जना भएको हो ।' उनले एमालेका केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य रामदयाल मण्डलमार्फत् आफूलाई टिकट दिनुपर्ने पार्टीलाई पहिला नै जानकारी गराइसकेको बताए । उनले पार्टीले जलेश्वरको मेयरका लागि आफूलाई नै टिकट दिने विश्वस्त रहेकोसमेत बताए ।

## सबैलाको मेयर उम्मेदवार बीपी साह को हुन् ?



जनकपुरधाम । डा.सीके राउत नेतृत्वको जनमत पार्टीले धनुषा जिल्लाको सबैला नगरपालिकाको मेयरमा बीपी साहलाई उम्मेदवार बनाएको छ । जनमत पार्टी सबैला नगर समितिले साहलाई सर्वसम्मत रूपमा मेयरमा उठाउने निर्णय गरेपछि डा.राउतले स्वयम् आफ्नो फेसबुक पेजबाट साहको उम्मेदवारी घोषणा गरेका हुन् ।

३१ वर्षीय बीपी साह त्रिभुवन विश्विद्यालय केन्द्रीय विभागबाट एमए र नेपाल ल क्याम्पस काठमाडौंबाट एलएलबी गरेका हुन् । सँगै उनले राजनीतिशास्त्रमा बीए पनि गरेका छन् । विगत १५ वर्षदेखि पत्रकारिता गरेका साह झण्डै १२ वर्ष काठमाडौंमा बसेर संघीय संसदको संसदीय एवं राजनीतिक पत्रकारिता गरेका हुन् । रेडियो नेपाल, भारतीय टेलिभिजनलगायत कयौं मिडियामा काम गरेका साहले नेपालमा दर्ता हुने पहिलो अनलाइन न्यूजपोर्टल हुलाकी न्यूज डटकमका सम्पादक पनि हुन् ।

सबैला नगरपालिका वडा नम्बर १२ रघुनाथपुर घर भएका साह किसान परिवारमा जन्मेका हुन् । तीन भाई बहिनी मध्ये सबभन्दा कान्छो बीपी साह सुरूवाती कालदेखि नै सामाजिक कार्यमा सक्रिय हुँदै आएका छन् । रघुनाथपुर सेवा समाजका अध्यक्षसमेत रहेका साहले न्यायका लागि भएका विभिन्न आन्दोलनमा सक्रिय भएर पटक पटक प्रहरी हिरासतमा पुगेका हुन् ।

आर्थिक रूपमा विभिन्नहरूका लागि सामाजिक संस्थामार्फत उनले सहयोग गर्दै आएका छन् । प्रहरी हिरातमा संकास्पद मृत्यु भएका शम्भू सादा र अस्पतालको बेडमा छटपटिएर मृत्यु भएका राजु सादालगायतको घटनामा दोषीलाई कारवाही गराउन भएको आन्दोलनमा उनी नेतृत्वदायी भूमिकामा थिए । निडर स्वभाव र सहयोगी भावनाका साह जनमत पार्टीमा स्थापना कालदेखि नै आवद्ध छन् । समाज परिवर्तन गर्ने दृष्टिकोण र समाजसुधारको अभियानमा उनी अगाडि छन् ।

धनुषा जिल्लाको सबैला नगरपालिका शिक्षित एवं व्यवसायिक नगरी भएकोले डा.सीके राउतले शिक्षित एवं स्वच्छ छबीका युवा बीपी साहलाई उम्मेदवार बनाएका हुन् । आन्तरिक सवेक्षणले बीपी साहले मेयरमा चुनाव जित्ने देखाएपछि जनमत पार्टीले उनलाई उम्मेदवार बनाएको दाबी गरिएको छ ।

## मधेश अपडेट

### वीरगन्जमा लोसपा र एमालेबीच गठबन्धन

वीरगन्ज । आसन्न स्थानीय निर्वाचनमा मधेश प्रदेशको एक मात्र महानगर वीरगन्जमा लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र नेकपा (एमाले)बीच गठबन्धन गर्ने सहमति भएको छ । बिहीबार वीरगन्जमा एमाले र लोसपाले संयुक्त पत्रकार सम्मेलनको आयोजना गरी गठबन्धनको घोषणा गरेका छन् । वीरगन्ज महानगरको प्रमुख (मेयर) एमालेले पाउने र उपप्रमुख (उपमेयर) लोसपाले पाउने सहमति भएको पत्रकार सम्मेलनमा जनाइएको छ । यस्तै, विभिन्नहरूको पनि बाँडफाँट भएको हो । संयुक्त पत्रकार सम्मेलनमा लोसपाका शीर्ष नेताहरू लक्ष्मण लाल कर्ण, विमल श्रीवास्तव, पर्सा जिल्ला अध्यक्ष पुरूषोत्तम झा र एमालेका सचिव रघुवीर महासेठ, मेयरका प्रत्याशी विजयकुमार सरावगी लगायतका दुवै पार्टीका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

### 'वीरगन्जमा जसपाको जीत सुनिश्चित'

वीरगंज । मधेश प्रदेशका मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले वीरगन्ज महानगरपालिकामा पुनः जसपाको जीत सुनिश्चित रहेको बताएका छन् । वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ मा आयोजित घरदैलो तथा अगुवा कार्यकर्ता भेलाका क्रममा मुख्यमन्त्री राउतले यस्तो दाबी गरेका हुन् । उनले वीरगन्जमा जसपाप्रति बढेको जनलहरले पार्टीका उम्मेदवारहरूको जित सुनिश्चित भएको दाबी गर्दै मधेशका मुद्दाकै कारण जसपा मधेशमा एक नम्बर पार्टी भएको बताए । मधेशका एजेन्डालाई सम्बोधन गर्न अझै जनताले एक पटक जसपालाई पुनः अवसर दिनुपर्ने कुरामा मुख्यमन्त्रीले जोड दिएका हुन् ।

### भ्रष्टाचार नगर्नेलाई जनमतको टिकट

जनकपुरधाम । आसन्न स्थानीय तहको निर्वाचनलाई मध्यनजर गर्दै डा.सीके राउत नेतृत्वको जनमत पार्टीले उम्मेद्वारहरूको टुंगो लगाएको छ । कुनै दलसँग चुनावी तालमेल नगर्ने निर्णयमा पुगेको जनमतले आफ्नो उम्मेद्वारहरूलाई टिकट वितरण गरेको हो । भ्रष्टाचार विरोधी आन्दोलन चलाएको जनमत पार्टीले उम्मेद्वारको मापदण्ड समेत तय गरेको छ । जसमा भ्रष्टाचारविरूद्ध शून्यसहनशीलता रहेको जनमतका नेता बीपी साहले बताएका छन् । पालिका तथा वार्डहरूका लागि टिकट पाउन जनमत पार्टीले भ्रष्टाचार नगर्ने प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्नेलाई टिकट दिइएको नेता साहले जानकारी दिएका हुन् । जनमत पार्टी मुख्यतः प्रदेश नं. १, मधेश प्रदेश, लुम्बिनी प्रदेशमा आफ्नो उम्मेद्वारी दिन लागेको हो । यस्तै अन्य प्रदेशहरूमा पनि जनमतका उम्मेद्वारहरू रहने साहले बताए । मुख्यतः जनमतको आधार क्षेत्र मधेश प्रदेश, प्रदेश नं. १ र लुम्बिनी प्रदेश रहेको बताउँदै नेता साहले यी तीनवटै प्रदेशमा बलियो उपस्थिति हुने दाबी गरेका छन् ।

### नेपालगन्जमा जनमतबाट यादवले पाए टिकट

नेपालगन्ज । डा.सीके राउत नेतृत्वको जनमत पार्टीले बाँकेको तीन पालिकासहित ११ वडाध्यक्षका लागि टिकट वितरण गरेको छ । जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष अब्दुल खानले टिकट वितरण गरेका हुन् । नेपालगन्ज उपमहानगरपालिकाको मेयरका लागि जनमतको बाँके जिल्ला अध्यक्ष पहलाद यादवलाई टिकट दिइएको उपाध्यक्ष खानले जनाएका छन् । अनुशासन तथा भ्रष्टाचारको शुन्य सहन शिलतामा हस्ताक्षर तथा औठा छाप गराई टिकट विरणगरिएको हो। यसैगरी, जानकी गाउँपालिका अध्यक्षका लागि विष्णुप्रसाद यादव र उपाध्यक्षका लागि बन्दना कुमारी वर्मा, डुडुवा गाउँपालिका अध्यक्षका लागि रियाज अहमद शेष सहित ११ वडाको अध्यक्षको टिकट निश्चित गरि वितरण गरिएको खानले बताए । उम्मेद्वारहरूलाई अनुशासन तथा भ्रष्टाचारको शून्य सहनशीलता पत्रमा हस्ताक्षर तथा औठा छाप गराई टिकट विरण गरिएको खानले जानकारी दिएका हुन् ।

### मित्रवत् प्रतिस्पर्धा हुन्छ : प्रचण्ड

धनगढी । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वैशाख १३ पछि मात्र अर्थमन्त्री जनार्दन शर्माले राजीनामा दिने वा नदिने विषयको निर्णय हुने बताएका छन् । कैलालीको धनगढी पुगेर प्रचण्डले पत्रकारहरूसँग कुरा गर्दै उनले भने, 'यो विषय सुरूदेखि नै गभर्नर र सरकारबीचमा समस्याका रूपमा देखिएकै हो । अब अर्थमन्त्री र प्रधानमन्त्रीले सल्लाह गरेर नै त्यो डिशिजन लिएको भन्ने कुरा पनि प्रष्ट छ । १३ गते अदालतले दुवैलाई बोलाएको छ । अदालतमा दुवैका कुरा आउँछन् । यस्तै उनले वैशाख ३० गते नै निर्वाचन हुने बताए । 'कतिपय व्यक्तिहरूले गठबन्धनले निर्वाचन सार्छन् कि भन्ने हल्ला चलाएका थिए । हिजो मात्रै देशभरिका सबै महानगरपालिका र उपमहानगरपालिकामा सहमतिको टुङ्गो लागिसकेको छ । अब त केही कन्फ्युज छैन होला ।' उनले भने, 'सुदूरपश्चिम लगायत देशैभर सबै क्षेत्रमा तालमेल गर्ने र सहमति नभएका ठाउँमा मित्रवत् प्रतिस्पर्धा हुन्छ ।' प्रचण्डले सत्तारूढ गठबन्धनभित्र भागबन्डामा देखिएको असन्तुष्टिले निर्वाचन परिणाममा फरक नपार्ने दाबी गरे । उनले गठबन्धनभित्र देखिएका असन्तुष्टि मिल्दै जाने र यसले निर्वाचन परिणाममा फरक नपार्ने बताए । गठबन्धनभित्रको असन्तुष्टि लोकतन्त्रको सुन्दरता भएको बताउँदै उनले यो धेरै ठूलो कुरा नभएको जनाए ।

### कांग्रेस नेता यादवद्वारा पार्टी परित्याग

रूपन्देही । उम्मेदवारको सिफारिश सूचीमा नपरेपछि रूपन्देहीको सिद्धार्थनगरका कांग्रेस नेताले पार्टी परित्याग गरेका छन् । सिद्धार्थनगरको प्रमुखका आकांक्षी मात्रिकाप्रसाद यादवले पत्रकार सम्मेलन गरी नेपाली कांग्रेस परित्यागको घोषणा गरेका हुन् । नगर समितिले संविधान सभा सदस्य इस्तियाक अहमद खानलाई मात्रै प्रमुखको उम्मेदवारको लागि सिफारिस गरेपछि असन्तुष्टि जनाउँदै यादवले पार्टीको साधारण सदस्यसमेत नरहने गरी पार्टी परित्याग गरेको घोषणा गरेका हुन् । प्रमुख पदमा ६ जना आकांक्षीको नाम जिल्ला र प्रदेश समितिमा सिफारिस गर्ने भनिए पनि नगर समितिले इस्तियाक अहमद खानको नाम मात्र समावेश गरेपछि यादव असन्तुष्ट थिए । यादव गत स्थानीय तहको निर्वाचनमा पनि सिद्धार्थनगर नगरपालिकाको प्रमुखमा एमालेका हरि अधिकारीसँग पराजित भएका थिए । उनी पार्टीको क्षेत्रीय अधिवेशनमा पनि सभापति पदमा पराजित भएका थिए ।

### पाँच पालिकामा एमालेको उम्मेदवार टुंग्यायो

बाँके । नेकपा एमाले, बाँकेले पाँच वटा पालिकाको उम्मेदवार टुंग्याएको छ । अब तीन वटा पालिकाको उम्मेदवार टुंगो लगाउन बाँकी छ । एमाले नेताका अनुसार नेपालगञ्ज उपमहानगरपालिका, खजुरा गाउँपालिका, नरैनापुर गाउँपालिका, डुडुवा गाउँपालिका र जानकी गाउँपालिकाको उम्मेदवार टुंगो लागिसकेको छ । नेपालगञ्जमा पशुपतिदयाल मिश्र, खजुरामा सुमन मल्ल, नरैनापुरमा पदमावती यादव, डुडुवामा सरोजकुमारी यादव र जानकीमा हिमांशु यादवलाई उम्मेदवार बनाइएको छ । कोहलपुर नगरपालिका, बैजनाथ गाउँपालिका र राप्तीसोनारी गाउँपालिकामा उम्मेदवार टुंगो लगाउन बाँकी छ । यी पालिकामा धेरै जनाले इच्छा देखाएकाले मिलेर आउन आग्रह गरिएको छ । २०७४ सालको चुनावमा एमालेले आठ वटामध्ये चार वटा पालिका जितेको थियो । नेपालगञ्ज उपमहानगरपालिकाको २३ वटा वडामध्ये सात वटा वडामा सर्वसम्मत भएको छ । अरूमा धेरैको नाम आएकाले छलफलका क्रममा रहेको जिल्ला सचिव रत्न खत्रीले जानकारी दिए ।

### जिताउने अभियानमा जुट्न साहको निर्देशन

सर्लाही । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का स्थायी कमिटी सदस्य एवं पूर्व मन्त्री प्रभु साहले आगामी स्थानीय तहको निर्वाचनमा पार्टीको उम्मेदवारलाई विजयी गराउँने अभियानमा जुटन जनवर्गीय संगठनका नेतालाई निर्देशन दिएका छन् । सर्लाहीको लालबन्दीमा आज पार्टीको २२ वटै जनसंगठनहरूको भएको मधेस प्रदेश स्तरीय संयुक्त भेलालाई सम्बोधन गर्दै उनले यस्तो निर्देशन दिएका हुन् । सत्तारूढ दलको पाँच दलीय गठबन्धनबाट फैलिएको राजनीतिक गन्धबाट मुलुकलाई मुक्त गर्न ३० बैशाखमा हुने स्थानीय तहको निर्वाचनमा एमालेलाई मतदान गर्न २२ वटै जनसंगठनहरूले आम जनसमुदायलाई अपिल गर्न घरदैलोमा पुग्नुपर्ने उनले बताए । 'पाँच दलको अपवित्र गठबन्धनले फैलाएको राजनीतिक गन्धबाट देशलाई मुक्त गर्न आसन्न स्थानीय तहमा नेकपा एमालेलाई मतदान गर्न २२ वटै जनसंगठनले आम जनसमुदायलाई अपिल गर्न घरदैलोमा पुग्ने अठोट हामीले गरेका छौं' नेता साहले भने ।

# जसपा नेपालको स्थानीय तह निर्वाचन घोषणापत्रको पूर्णपाठ

**खण्ड (क)**

**भाग १**

**विचार, राजनीति तथा कार्यदिशा**

आदरणीय दिदीबहिनी तथा दाजुभाइ,

यही २०७९ साल बैशाख ३० गते देशमा स्थानीय तहको निर्वाचन हुँदैछ ।स्थानीय तह, संघीय शासन प्रणालीको प्राथमिक र महत्त्वपूर्ण आधार हो। संघीय लोकतान्त्रिक गणतन्त्रले निर्दिष्ट गरेका लक्ष्य तथा उद्धेश्य हासिल गर्न सवल, सक्षम, सुदृढ र सुशासित स्थानीय तह अपरिहार्य हुन्छ । समावेशी लोकतन्त्र र समावेशी विकासलाई अपनत्वसहित प्रत्याभूत गर्ने आधार स्थानीय तह हो । यो तहको निर्वाचनले स्थानीय लोकतन्त्र, स्वायत्तता, स्वशासनको प्रत्याभूति तथा प्रभावकारी सेवासुविधाप्रदान गर्न उल्लेखनीय योगदान गर्ने छ । जनता समाजवादी पार्टी, नेपालले यस स्थानीय निर्वाचनलाई उच्च महत्व दिएको छ । साथै, सम्पूर्ण नागरिक तथा मतदाताको सक्रिय तथा सार्थक सहभागिताको अपेक्षा गर्दछ ।

एकात्मक तथा केन्द्रीकृत राज्यले सृजना गरेका सबै प्रकारका विभेद, असमानता र अल्पविकासलाई अन्त्य गर्दै समतामुलक समाजको निर्माण गर्न वित्तिय संघीयता, शक्तिको निक्षेपण, समानुपातिकता,समावेसीता र सहभागीताका सिद्धान्त, मर्म र भावनालाई आत्मसात गर्न अनिवार्य हुन्छ। पहिचानमा आधारित संघीयता र बहुभाषिक तथा बहुसँस्कृतिवादमा आधारित राज्य निर्माण गर्ने पार्टीको अभिष्ट, यसका लागि भएका ऐतिहासिक जनसंघर्ष र बलिदानलाई पार्टीले उच्च महत्वका साथ स्मरण र चर्चा गर्दछ। स्थानीय निर्वाचन संघीयता कार्यान्वयनका अधुरा कार्यभार पुरा गर्ने पक्षमा जनमत निर्माण गर्ने अवसर हो।

स्थानीय तहसँग जनताको जनजीवनलाई प्रत्यक्ष प्रभाव पार्ने काम, सेवा र सुबिधासिधै जोडिएका हुन्छन्। अतः स्थानीय तहको निर्वाचन २०७९ र यसबाट निर्वाचितहुने जनप्रतिनीधिसँग यी तमाम विषयबारे समाधानको अपेक्षा राखिनु स्वभाविक हो। स्थानीय तह आआफ्नो ठाउँमा स्वायत्त सरकार हुन्। तथापि हाम्रो जस्तो भर्खरै संघीयता कार्यान्वयन हुदै गरेको देशमा स्थानीय तहमा साधन,स्रोत र वित्तिय व्यवस्थापनका थुप्रै चुनौती छन्। तसर्थसंघ, प्रदेश र स्थानीय तहबीच यथोचित साझेदारी,सुमधुर र सहयोगात्मक सम्बन्धको विकास गर्दै जनअपेक्षा यथाम्भव पुरा गर्न हाम्रो ध्यान जानु पर्दछ ।

नेपालको संविधान लागू भए यता भएको पहिलो स्थानीय निर्वाचन २०७४ र त्यसयताको ५ बर्षको राष्ट्रिय अनुभव समेत अहिले उपलब्ध छ । यो अनुभवको यथोचित समीक्षा गर्दै सफल अभ्यास र सकारात्मक पक्ष आत्मसात गर्नु पर्दछ भने असफल र नकारात्मक प्रवृतिहरू त्याग्नु पर्दछ ।

संघीयता, लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता, सकारात्मक विभेद, सामाजिक न्याय र समाजवाद हाम्रो संविधानका वैचारिक आधारस्तम्भ हुन्। जनता समाजवादी पार्टीले स्थानीय तहको संचालन गर्दा यी संवैधानिक अभिप्रेरणालाई सर्वथा आत्मसात गर्नेछ । तर, यो संविधान जारी गर्दाको बखत हाम्रो पार्टीका केही गम्भीर सैद्धान्तिक विमति थिए । विशेषतः पहिचानमा आधारित प्रदेशको रचना, प्रत्यक्ष निर्वाचित कार्यकारी र पूर्ण समानुपातिक निर्वाचन प्रणालीसहितको शासकीय स्वरूप, प्रदेशका क्षेत्राधिकार, बहुभाषिक तथा बहुसँस्कृतिवादमा आधारित राज्य तथा नागरिकता सम्बन्धी केही प्रावधानहरू हाम्रा अहिलेको संविधानसंग विमतिका बिषय हुन्। तसर्थ स्थानीय निर्वाचनको अभियान सञ्चालन गर्दैगर्दा संविधान संशोधन तथा पुनर्लेखनको पक्षमा पार्टीले जनआवाजलाई अझ जोडले मुखरित गर्ने छ ।

इतिहासका विभिन्न कालखण्डहरूमा देशको समग्र लोकतान्त्रिक आन्दोलन,जनयुद्ध, मधेश जनविद्रोह, शिल्पी/दलित, महिला, आदिबासीजनजाति, थारू, मुस्लिम, खस, सीमान्तकृत, अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदाय लगायतका न्याय र समानताका लागि भएका सबै खाले आन्दोलनमा जीवन बलिदान गर्नु हुने सम्पूर्णआदरणीय अमर शहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली तथा वेपत्ताजन र घाइते-अपाङ्गजनहरूप्रति जनता समाजवादी पार्टी उच्च सम्मान व्यक्त गर्दछ ।

**१.१.जनता समाजवादी पार्टीको नीति र कार्यदिशा**

विगत शताब्दिकोविश्व अनुभवलाई हेर्दा उदार लोकतन्त्र र खुल्लाबजार अर्थतन्त्रको नाममा भएका अभ्यासले असमानता, गरिबी, बेरोजगारी र वातावरणीय विनासलाई झनै बढायो।सन् १९७० को दशकपछि त्यसले संरचनात्मक समायोजन, नवउदारवादी भूमण्डलीकरण, उदारीकरण र निजीकरणको रूप लिँदै गयो। अल्पविकसित राष्ट्रहरू विश्व रंगमञ्चमा सम्मानजनक विकास साझेदार बन्न सकेनन् । विकसित पुँजीवादी राज्यहरूभित्रै आर्थिक असमानता, बेरोजगारी, अर्थतन्त्रको असन्तुलन, वित्तिय संकट, नश्लवाद र सीमान्तकृत समुदायको बहिष्करण चुलिँदै गयो। उदारवादी लोकतन्त्रको कित्ताभित्र बाट संकिर्णराष्ट्रवाद र लोकरिज्याइँजस्ता प्रवृतिको उदय भयो।

अर्कोतिर पूँजीवाद, खुल्ला बजार अर्थतन्त्र र उदार लोकतन्त्रको विकल्पमा आएको साम्यवादी सत्तामा एकदलीयता, वैचारिक स्वतन्त्रताको अभाव तथा अतिकेन्द्रियकरणजस्ता समस्या व्यवहारबाटै पुष्टि भए । फलतः सोभियत संघ तथा पूर्वी युरोपमा साम्यवादी सत्ताहरूको पतन भयो। बाँकी बचेका सीमित कम्युनिष्ट शासनहरू पनि अहिले समस्यामा छन्।

आज हाम्रो देशमापनि एकातिर व्यक्तिगत स्वतन्त्रता, खुल्ला बजार अर्थतन्त्र आधारित राज्यको वकालत गर्ने पार्टीहरू छन् भने अर्कातिर एकदलीय राज्यसत्ताको परम्परालाई गौरवीकरण गर्ने, राजनीतिक स्वतन्त्रता र लोकतन्त्रप्रति पूर्ण प्रतिबद्ध हुन नसक्ने, राज्य-अर्थतन्त्रको कार्यदिशा समात्नु पर्ने आग्रह राख्ने, सामाजिक विविधता, पहिचानको मान्यता र समावेशिताको जनआकांक्षालाई 'जातीय/क्षेत्रीय' भन्दै बदनाम गर्न खोज्ने संकीर्णता, रूढता र जडसूत्रीय अवसरवादी विचारधारा बोकेका पार्टीहरूपनि छन्।

देशआज यी दुई खाले वैचारिक तथा राजनीतिक प्रवृतिको शिकार भएको छ । यही कारणले मुलुकको आर्थिक वृद्धि न्यून हुन पुग्नुका साथै आर्थिक असमानता, बेरोजगारी, सामाजिक विभेद सीमान्तकृत समुदायको बहिष्करण, लोकतन्त्रको सङ्कुचन तथा औपचारिकीकरण जस्ता समस्या दिनानुदिन बढिरहेका हुन्।यसले गर्दाजनसमुदायमा निरासा बढेको छ । यही मौका देखेर देशमा यदाकदा सामन्ती निरङ्कुशतावादी तत्व सल्बलाउने चेष्टा गर्दै छ । इतिहासको रंगमञ्चबाट विदा भइसकेका यस्ता तत्वहरूले अनेक झुठा र भ्रमपूर्ण तर्क अघि सार्दै लोकतन्त्र, गणतन्त्र, संघीयता, समावेशिता, सामाजिक न्याय र धर्मनिरपेक्षतालाई बदनाम गर्ने षड्यन्त्र गर्दै आएका छन्।

यस्तो बिषम परिस्थितिमा वैज्ञानिक समाजवादी चिन्तन पद्धति र परम्पराको सृजनशील विकासमार्फत् विचारधारात्मक शुन्यता र संकटलाई चिर्दै जनसमुदायलाई समुन्नत संघीय समाजवादको उज्ज्वल भबिष्यप्रति आशावादी बनाउनु आज मुलुकको प्राथमिक आवश्यकता बनेको छ । व्यक्तिको निजत्व र मानवजातिको सामूहिकता दुबैको उचित प्रवर्द्धनगर्ने, मानव र प्रकृतिबीचको सम्बन्धको सही सन्तुलन कायम गर्नसक्ने, सामाजिक विविधताको संबोधनमार्फत् सार्थक समावेशिता, पहिचानको मान्यता र बहुसँस्कृतिवादलाई प्रत्याभूत गर्न सक्ने राजनीतिक शक्तिको विकास अपरिहार्य भएको छ ।

जनता समाजवादी पार्टीको आधारभूत राजनीतिक कार्यदिशा यही हो। शास्त्रीय साम्यवादी तथा पुँजीवादी विश्वदृष्टिकोणले सृजना गरेका विभिन्न खाले भ्रम, विचलन र व्यवहारिक जडतालाई चिर्दै समाजवाद-उन्मुख सामाजिक उत्तरदायित्वसहितको अर्थतन्त्र निर्माण गर्न, अल्पविकसित अर्थतन्त्रलाई तीव्र आर्थिक बृद्धि र समन्यायिक वितरणसहितको समतामूलक संमृद्ध अर्थतन्त्रमारूपान्तरण गर्न, गुणस्तरीय शिक्षा र स्वास्थ्यको सहज र सर्वसुलभ उपलब्धता प्रत्याभूत गर्न, सकारात्मक विभेद, सामाजिक न्याय तथा सुरक्षा कार्यक्रमको सवलीकरणजस्ता सवाललाई व्यवहारमा संभव बनाउँदै, रोजगारीका निम्ति पचासौं लाख युवा विदेशिनु पर्ने स्थितिको अन्त्य गर्न तथा कुशासन र भ्रष्टाचारको दलदलवाट राज्य र राजनीतिलाई मुक्त गर्नसमुन्नत संघीय समाजवादको सिद्धान्तमा आधारित एक शसक्त वैकल्पिक प्रगतिशील-लोकतान्त्रिक राजनीतिक शक्तिको आवश्यकतालाई जनता समाजवादी पार्टीले पुरा गर्ने छ ।

जनता समाजवादी पार्टी यिनै युगीन तथा राष्ट्रिय आवश्यकतालाई पूरा गर्न दृढसङ्कल्पित भई निर्माण भएको हो। समुन्नत संघीय समाजवादको सिद्धान्तबाट प्रशिक्षित तथा निर्देशित, सुशासन, सहभागिता र समावेशी विकासको मार्गबाट समृद्ध नेपाल निर्माण गर्ने यस पार्टीको मुख्य लक्ष्य र कार्यभार हो।

१.२.समुन्नत संघीय समाजवादको मार्गदर्शन जनता समाजवादी पार्टीको मार्गदर्शक सिद्धान्तसमुन्नत संघीय समाजवाद हो । 'संघीय समाजवादी लोकतान्त्रिक गणतन्त्र नेपाल'को स्थापना यो सिद्धान्तको मूल अभिष्ट हो। यसका विशेषताहरू १. पहिचान सहितको संघीयता, २. समाजवादी अर्थ-राजनीतिक दिशा, ३. सहभागितामूलक समावेसी लोकतन्त्र, ४. आर्थिक र सामाजिक न्याय, ५. समतामूलक समृद्धि र मानवीय खुशी, ६. सुशासन र भ्रष्टाचारमा शुन्य सहनशीलता, ७. समानुपातिक निर्वाचन प्रणाली रसमावेशीकरण, ८. सामाजिक सुरक्षा सहितको लोककल्याणाकारी राज्य, ९. पर्यावरणीय सन्तुलन र संरक्षण, १०. वहुलतायुक्त तथा वहुसांस्कृतिक राष्ट्रवाद हुनेछन्। यस सम्बन्धी जनता समाजवादी पार्टी, नेपालको धारणा घोषणा पत्रमा ब्याख्या भएकै छ । जसपाले विजय प्राप्त गरेका स्थानीय तह संचालन गर्दा यसका जनप्रतिनिधिहरू पार्टीको उपरोक्त सिद्धान्त र मान्यतामा आधारित भई परिचालित हुनेछन्।

भाग २

**आर्थिक तथा सामाजिक रूपान्तरण**

२.१.आर्थिक तथा सामाजिक रूपान्तरणः आम राष्ट्रिय नीति

मुलुकको तीव्र आर्थिक विकासका लागि (क) मुलुकमा उपलब्ध प्राकृतिक स्रोतसाधन, (ख) यातायात, सञ्चार र उर्जा जस्ता पूर्वाधार, (ग) आधुनिक र प्रभावकारी प्रविधि, (घ) श्रमशील प्रवृति ,(ङ)विकास कार्यलाई अभिप्रेरित गर्ने राजनीतिक नेतृत्व र सहजीकरण गर्ने प्रशासनिक संयन्त्रहरूको बीच सामञ्जस्यता चाहिन्छ । यी पञ्च तत्वको तारतम्य मिलाएर, जनता समाजवादी पार्टी, नेपालले समाजवाद-उन्मुख राष्ट्रिय औद्योगिक अर्थतन्त्रको निर्माण गर्ने नीति अङ्गीकार गर्नेछ । हाम्रो पार्टीले राज्यको सामाजिक उत्तरदायित्व सहितको समाजवादी बजार अर्थतन्त्रको आर्थिक मोडेल अबलम्बन गर्नेछ । यस मोडेलमा सरकारी, निजी, सहकारी र सामुदायिक स्वामित्वबीच गतिशील सन्तुलन, सहकार्य र प्रतिस्पर्धा हुनेछ । हाम्रो पार्टीको आर्थिक तथा सामाजिक रूपान्तरणका आम नीतिहरू यसप्रकारका हुनेछन्। १.समुन्नत संघीय समाजवादको वैचारिक आलोकमा देशमा तीव्र आर्थिक वृद्धि, समन्यायिक वितरण, प्राकृतिक श्रोतको दिगोपन तथा पर्यावरणीय सन्तुलन र मानवीय खुशीको चार- आयामिक विकास नीति अनुसरण गरिनेछ । शुरूको चरणमा वृद्धिमा जोड र अरू पक्षमा उचित ध्यान दिने र क्रमशः पछिल्ला चरणहरूमा वितरण, दीगोपन खुशीमा जोड दिने र वृद्धिमा ध्यान दिने नीति लिइनेछ ।

२.अर्थतन्त्रको सञ्चालन र विकासमा निजी क्षेत्र, राज्य क्षेत्र, सहकारी क्षेत्र र सामुदायिक क्षेत्रको भूमिकाको गतिशील सन्तुलन कायम गरिने छ । राज्यको सामाजिक दायित्व र नियमनकारी भूमिका सहितको वजार अर्थतन्त्रको अभ्यास गरिने छ ।

३.वर्तमान भूमण्डलीकृत अर्थव्यवस्था र भारत तथा चीन जस्ता ठूला अर्थतन्त्रको वीचमा रहेको विशिष्ट भू-राजनीतिक स्थितिलाई मध्यनजर गर्दै सवै देशका अर्थतन्त्रसँग सम्भव र आपसी हितको सम्वन्ध राख्ने र मुख्यतः दुई ठूला छिमेकीका अर्थतन्त्रको मूल्य श्रृङ्खलासंग जोडिएर अधिकतम लाभ लिने नीति अनुशरण गरिने छ ।

४.वर्तमान त्रुटीपूर्ण संघीय संरचनालाई वैज्ञानिक ढंगले पुनर्संरचना गरी सही कार्यान्वयन गर्ने र संघले वृहद्तर नीति निर्देशन तथा ठूला अन्तर-प्रादेशिक पूर्वाधारहरूको मात्र जिम्मा लिने र अन्य सबै नीति योजना निर्माण, कार्यान्वयन र श्रोत परिचालनको जिम्मा प्रदेश र प्रदेशमार्फत् स्थानीय तहलाई दिने नीति लिइनेछ । श्रोतको वाँडफाँडमा संघलाई भन्दा प्रदेश र स्थानीय तहलाई वढी हिस्सा प्रदान गर्ने नीति लागू गरिने छ ।

५.आर्थिक क्षेत्रगत हिसावले शुरूको चरणमा कृषि (प्राथमिक क्षेत्र) को तीव्र रूपान्तरण र आन्तरिक तथा वाह्य वजारसंग जोड्ने ठूला भौतिक पूर्वाधार, उर्जा, प्राविधिक शिक्षा आदिमा विशेष जोड र उद्योग तथा पर्यटन (द्वितीय क्षेत्र) तथा सेवा ( तृतीय क्षेत्र)मा ध्यान दिने नीति लिइने छ । अर्थतन्त्रको विकाससंगसंगै द्वितीय र तृतीय क्षेत्रमा जोड र प्राथमिक क्षेत्रमा ध्यान दिने नीति हुने छ ।

६.मानवीय श्रोत नै देशको सवभन्दा ठूलो सम्पदा र तुलनात्मक लाभको क्षेत्र हुनाले शिक्षा क्षेत्रमा आमूल परिवर्तन गरी दक्ष र उद्यमशील जनशक्ति निर्माण गर्ने, देशभित्रै ठूलो मात्रामा रोजगारी सिर्जना गर्न स्वदेशी तथा विदेशी पुँजी तथा प्रविधि लगानीमैत्री वातावरण वनाउने, अहिलेकोश्रम निर्यात र वस्तु आयातको नीति उल्टाएर पुँजी तथा प्रविधि आयात र वस्तु तथा सेवा निर्यातको नीति लिने कार्यलाई उच्च प्राथमिकता दिइनेछ । यसले एकै साथ अल्पविकास, वेरोजगारी र परनिर्भरताको अन्त्य गरी पूर्ण रोजगारी सहितको अन्तरनिर्भर र समृद्ध अर्थतन्त्रको निर्माण हुने छ ।

७.अर्थतन्त्रमा महान फड्को हान्नको निम्ति अति आवश्यक संस्थागत र संरचनात्मक परिवर्तन गरिनेछ । त्यसका निम्ति सोपानक्रममा आधारित अनावश्यक प्रक्रियामुखी कर्मचारीतन्त्रलाई कार्यगत इकाइ प्रणालीमा रूपान्तरण, वलियो भ्रष्टाचार निरोधक संयन्त्रको रूपमा जनलोकपालको व्यवस्था, सवभन्दा ठूलो प्राकृतिक सम्पदा जमीनको सही उपयोगनिम्ति वैज्ञानिक भूमिसुधारको कार्यान्वयन, सरकारी फजुल खर्चको अन्त्य गर्न सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदनको कार्यान्वयन, सार्वजनिक खरिद ऐन लगायतका विकास विरोधी ऐन नियमहरूको परिवर्तन, वैंकिग प्रणालीमा आमूल सुधार आदि कार्य तदारूकताका साथ गरिने छ ।

८.आर्थिक विकास र समृद्धिको खोजको क्रममा निजी लोभ, मुनाफा र स्वार्थकालागि प्राकृतिक स्रोतको मनपरी दोहन र पर्यावरणीय विनास नेपाल लगायत विश्वभरकै साझा समस्या भएको छ । यसको निम्ति संयुक्त राष्ट्र संघ लगायत अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य गरेर पर्यावरणीय संरक्षण र दिगो विकासको नीति अनुसरण गरिने छ । साथै नेपालमा चुरे लगायतका पर्वत र नदीजन्य, वनजन्य पदार्थहरूको दोहनलाई कडाइपूर्वक नियन्त्रण गरिने छ ।

९.नेपालको विद्यमान सामाजिक विविधताका मुख्य आयामहरू मधेसी, थारू, मुस्लिम, आदिबासीजनजाति, खस, सीमान्तकृत, अल्पसंख्यक तथा लोपोन्मुख जाति, शिल्पी/दलित, दुर्गमबासी, महिला, लैङ्गिक अल्पसङ्ख्यक आदिको सम्मानजनक सहभागिता, प्रतिनिधित्व र साझेदारीलाई सुनिश्चित गर्दै आत्मसम्मानलाई सम्वोधन गरी आर्थिक समृद्धिमा समावेशी विकासको नीति अबलम्बन गरिने छ । समावेशितालाई अझ मूर्त बनाउँदै जनसङ्ख्या अनुपातमा आरक्षण, विशेष सामाजिक सुरक्षा र सामाजिक न्यायलाई उच्च प्राथमिकता दिइने छ ।

**२.२. मधेश सरकारको उपलब्धि तथा प्रादेशिक नीति**

देशमा संघीयता कार्यान्वयन भएयता जनता समाजवादी पार्टीले मधेश प्रदेशमा प्रादेशिक सरकार संचालनको अनुभव हासिल गर्ने अवसर पाएको विदितै छ । यो अवसरलाई पार्टीले देश, प्रदेश र जनताको हितमा अधिकतम् सदुपयोग गरेको छ । यी अनुभव र उपलब्धिको संस्थागत स्वामित्व ग्रहण गर्दै पार्टीले प्रदेश र स्थानीय तह बीचको सम्बन्धलाई अझ समन्वयात्मक तथा प्रभावकारी बनाउँने छ ।

२०७४ फाल्गुन ३ गते 'मधेश सरकार' गठन भएको थियो। संघीय संसदमा पूर्ण बहुमतका बाबजुद तत्कालिन नेकपा (नेकपा) ले राजनीतिक स्थायीत्व दिन सकेन । ७ मध्ये ५ प्रदेशका प्रादेशिक सरकारको नेतृत्व यस बीच परिवर्तन भयो। कतिपय प्रदेशमा बारम्बार नेतृत्व परिवर्तन भयो तर, पार्टीको एकल बहुमत नहुँदा नहुँदै पनि जसपाले मधेश सरकारलाई स्थायीत्व( राजनीतिक स्थायीत्व)को पक्षमा उल्लेखनीय योगदान गर्यो । मधेश सरकारले ४ बर्ष पुरा गरेको छ । पाँच दलीय गठबन्धनका साझेदार दलहरूलाई सरकारमा सामेल गरिएको हुँदा सरकारले बाँकी कार्यकाल पुरा गर्ने राजनीतिक सुनिश्चितता छ ।

मिति २०७८ माघ ३ गते प्रदेशको नाम 'मधेश' राख्ने प्रस्तावलाई प्रदेशसभाको भारी बहुमतले अनुमोदन गर्यो । प्रदेश सभाका १०४ मध्ये ९९ सदस्यको उपस्थिति र ८० सदस्यले पक्षमा मतदान गरी प्रदेशको नाम 'मधेश' राख्ने प्रस्ताव अनुमोदन भयो। 'मधेश' नामांकनसंगै देशले पहिचान आधारित नामांकन प्राप्त गर्न सफलता पाएको छ । जसपाको नेतृत्वमा सरकार भएको प्रदेशमा पहिलो पहिचान आधारित नामांकन गरेर पार्टीले आफ्नो कर्तव्य र दायित्व निर्वाह गरेको छ । देशमा पहिचानमा आधारित संघीयताको आन्दोलन अघि बढाउँन, संघीयताको मर्म अनुरूपका प्रदेश रचना, सिमांकन र नामांकन गर्न यसले प्रेरणाको काम गर्ने छ । संगसंगै प्रदेशको राजधानी जनकपुरधाममा कायम गर्ने निर्णय समेत प्रदेशसभाले गरेको छ । मधेस सरकारका कतिपय कार्यक्रम अत्यन्त लोकप्रिय, जनमुखी र परिणामदायी सावित भएका छन् ।

विशेषतः बेटी पढाउँ, बेटी बचाउँ अभियान, शहिद सम्मान कार्यक्रम, किसानहरूको ऋणको ब्याज भुक्तानी प्रयोजनका लागि विशेष अनुदानले जनसाधारणलाई प्रत्यक्ष प्रभावित र लाभान्वित बनाएको छ। सप्तरीको राजविराजमा कृषि विश्वविद्यालय, पर्साको बीगंजमा प्राविधिक विश्वविद्यालयलगायत तीन वटा विश्व विद्यालय स्थापित भएका छन।मधेस सरकारले देशमै पहिलोपटक प्रादेशिक निजामति ऐन र सुशासन ऐन, प्रादेशिक प्रहरी ऐन तर्जुमा गरी प्रदेशसभाबाट पारित गराएको छ । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान-२०७७ बमोजिम मधेश स्वास्थ्य विज्ञान प्रतिस्ठान स्थापना भएको छ ।

प्रदेशसभाका ६४ निर्वाचन क्षेत्र लक्षित गरी निर्वाचन क्षेत्र सडक कालोपत्रे कार्यक्रम संचालन गरिएको छ । ४ बर्षे कार्यकालमा ९३७ किमी ग्राभेल सडक र २२४ किमी कालोपत्रे सडक निर्माण गरिएको छ। २९२ कल्भर्ट र ३२ नयाँ पुलहरू निर्माण भई संचालनमा आएका छन्। जनता आवास कार्यक्रममार्फत् ९०४५ आवास निर्माण भएका छन । देशमा संघीयता कार्यान्वयन भएपछिको पहिलो सरकार भएका कारण मधेश सरकारसामु थुप्रै चुनौती र समस्या थिए । संघीय सरकारले तदारूकताकासाथ संघीय कानुनहरू नबनाउँदा प्रादेशिक कानुन प्रभावित भए । प्रदेश सरकारलाई जिम्मेवारी हस्तान्तरण गरिनु पर्ने कयौं कार्यालय र निकायहरूसमयमै हस्तान्तरण भएनन्। प्रदेश सरकारमा मुख्य कर्मचारी पदस्थापना, सरूवा, बढुवाको अधिकार केन्द्रिय सरकारमा रहेको कारणले कतिपय प्रशासनिक जटिलता उत्पन्न भए । तथापि मधेश सरकारले निष्ठा र प्रतिबद्धताका साथ जनमुखी कामहरू गर्दै अघि बढिरहेको छ ।

**खण्ड(ख)**

**भाग १**

**स्थानीय तहका चुनौति, संभावना र जसपाको प्रतिवद्धता**

जनता समाजवादी पार्टी देशको भौतिक पूर्वाधार निर्माण, तीब्र आर्थिक विकास र संमृद्धिमा संघीय, प्रादेशिक तथा स्थानीय सरकार, निजी क्षेत्र र जनसमुदायको संयुक्त प्रयास र साझेदारीमा उपलब्ध प्राकृतिक एव मानवीय स्रोत साधनको प्रभावकारी परिचालन तथा व्यवस्थापनमार्फत गर्न सकिन्छ भन्ने विश्वास राख्दछ । यही आम अवधारणाअनुरूप स्थानीय तह सञ्चलान गरिने छन्।

संघीय र प्रादेशिक सरकारसँग सहयोग र समन्वय गर्नुका साथै स्थानीय स्रोतसाधनलाई उत्पादनमूलक आर्थिक क्रियाकलापमा लगाई सम्पूर्ण नागरिक, विशेष गरेर निम्न र मध्यम स्तरीय आय भएका जनताको जीवनस्तरलाई आर्थिक, सामाजिक, सांस्कृतिक रूपले समृद्ध बनाउने प्रक्रियामा स्थानीय तहले योगदान गर्नेछन । स्थानीय जनतालाई सरल तथा सहज रूपमा प्रशासनिक सेवा प्रदान गर्ने मात्र नभएर उनीहरूको आय स्रोत बढाउने र लगानी मैत्री वातावरण तयार पार्ने काम गर्ने छन्।

स्थानीय तहको आर्थिक तथा सामाजिक विकासलाई दीगो बनाउन दीर्घकालिन सोच र उद्देश्यमा स्पष्टता, लक्ष्यहरूको किटान र ती लक्ष्यहरू हासिल गर्न आवश्यक नीतिगत व्यवस्था र कार्यक्रमिक योजनाहरू निर्माण गरिने छ ।

१.१ स्थानीय तह सञ्चालनको पार्टी नीति तथा योजना

स्थानीय तह संचालनका लागि जसपाका सोच, नीति, योजना र कार्यक्रम तपसिल बमोजिम हुनेछन् ।

१.सुशासन र प्रभावकारी सेवा प्रदान गर्ने नीति वडा र पालिका कार्यालयहरूलाई सेवाग्राहीमैत्री बनाइनेछ । कार्यालयमा सेवा लिन आउँने जनतालाई छिटो, छरितो सेवा सुविधा प्रदान गरिनेछ । यसका लागि आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ।कार्यालयलाई आधुनिक प्रविधियुक्त बनाइनेछ । आवश्यक सबै कर्मचारीलाई न्युनतम कम्प्युटर शिक्षाको तालिम दिइनेछ ।

सेवाग्राहीले वडा तथा पालिका केन्द्रसम्म आइपुग्न घण्टा बढीको पैदल यात्रा गर्नु पर्ने भए जन्म, मृत्यु, विवाह दर्ताजस्ता आधारभूत सेवा प्राप्त सुचनाका आधारमा घरघरमा गएर दिइनेछ ।समयसमयमा टाढाका टोलवस्तीमा घुम्ती सेवा शिविर संचालन गरिनेछन्। सेवाग्रहीको भीड जम्मा हुने पालिका तथा वडाहरूका पर्याप्त प्रतिक्षालय निर्माण र पालो प्रणाली लागू गरिनेछ । नागरिक वडापत्र, गुनासो पुस्तिका, उजुरी मन्जुषा, सामाजिक सम्परिक्षण तथा सार्वजनिक सुनुवाईजस्ता सुशासनका औजारहरूलाई प्रभावकारी रूपमा कार्यान्यवन गरिनेछ । सामाजिक सुरक्षा भत्ताको सही र सर्वसुलभ व्यवस्था गरिने छ । भ्रष्टाचारमा शुन्यसहनशीलता कायम गरिनेछ । सरकारी कर्मचारी, राजनीतिक नेतृत्वले भ्रष्टाचार गरेमा, प्रमाण भेटिएमा तुरून्त कानुनी कार्वाही गरिनेछ ।

स्थानीय न्याय प्रक्रियालाई चुस्तदुरूस्त बनाइनेछ। स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने न्यायिक मेलमिलाप तथा मध्यस्थतासम्बन्धि प्रक्रिया पारदर्शी, तटस्थ र निष्पक्ष हुनेछन्। उत्पादन, निर्माण तथा सेवा क्षेत्रमा हुने सिन्डिकेट तथा कार्टेलिङ अन्त्य गरिने छ ।बजार, मूल्य र वस्तु तथा सेवाको गुणस्तर नियमित अनुगमन तथा नियमन गरिने छ। स्थानीय उद्यमशीलता अभिबृद्धि गर्न कानुनी सहजताका लागि सहजिकरण गरिनेछ। श्रमिकहरूको पेशागत सुरक्षा, न्यूनतम पारिश्रमिक, सेवा सुविधा सम्बन्धी समस्या र विवादको स्थलगत नियमन गरिनेछ ।औपचारिक तथा अनौपचारिक क्षेत्रमा रहेका सम्पूर्ण श्रमिकहरूलाई सामाजिक र आर्थिक लगायतका जोखिमबाट मुक्त गरी मर्यादित जीवन यापन एवम् सुरक्षित भविष्य निर्माणको सामाजिक सुरक्षा अभियानलाई सहज गरिनेछ ।

**२.लगानीका स्रोत सम्बन्धि नीति**

चालु खर्च कम र मितव्ययी गर्ने, पुँजीगत लगानी अभिबृद्धि गर्ने नीति लिइनेछ । स्रोतसाधन परिचालन गर्दा करका दरहरू कम गर्ने र दायरा बृद्धि गर्ने नीति लिइनेछ । केन्द्रीय तथा प्रादेशिक सरकारबाट प्राप्त गर्ने नियमित बजेट तथा अनुदानको प्रभावकारी कार्यसम्पादन गरी बिशेष अनुदान प्राप्त गरिनेछ । स्थानीय कर संकलन संयन्त्र पारदर्शी र प्रभावकारी बनाइने छ । गैरसरकारी तथा निजी क्षेत्रको लगानी आकर्षित गर्न प्रयत्न गरिनेछ। पालिकासंग सम्बन्धित गैरआवासीय नेपाली, अन्यत्र बसाइँसराई गरेका पुर्वबसोबासीहरूको सञ्जाल तयार गरि स्थानीय लगानी सम्मेलन तथा भेला आयोजना गरिनेछ ।

३. भौतिक पूर्वाधार निर्माणको नीति भौतिक पूर्वाधार स्थानीय विकास र समृद्धिका आधारशीला हुन । पर्याप्त भौतिक पूर्वाधार विना स्थानीय अर्थतन्त्र सवल, सक्षम र गतिशील हुन सक्दैन । स्थानीय अर्थतन्त्र सवल र गतिशील नभइकन स्थानीय उद्यमशीलता र रोजगारी बृद्धि हुँदैन । तसर्थ पर्याप्त र गुणस्तरीय भौतिक पूर्वाधार विकासलाई उच्च महत्व दिइनेछ । स्थानीय उद्यमशीलता, रोजगार, गरिबी न्यूनिकरण र जीवनस्तर सुधारका लागि अवसर सृजना गर्ने हुने गरी पूर्वाधार विकासको प्रारूप तय गरिनेछ।

**४.स्थानीय अर्थतन्त्र निर्माण नीति**

पालिकाहरूको विशिष्टतालाई दृष्टिगत गरी

*बाँकी पृष्ठ ६ मा...*

## संक्षिप्त समाचार

### 'एमाले र लोसपा एउटै रथका दुई पाङ्ग्रा'

वीरगन्ज । नेकपा (एमाले)का सचिव तथा पूर्वमन्त्री रघुवीर महासेठले एमाले र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल एउटै रथका दुई पाङ्ग्रा भएको बताएका छन् । बिहीबार बिहान एमाले र लोसपाको संयुक्त पत्रकार सम्मेलनमा वीरगन्ज महानगरमा गठबन्धन घोषणा गर्दै सो कुरा बताएका हुन् । महासेठले यो गठबन्धन अब निरन्तर अगाडि बढिरहने बताएका हुन् । विगतका दिनमा पनि लोसपा र एमालेबीच सहकार्य भएको स्मरण गरे ।

### रामनगरमा मनिष सर्वसम्मत सिफारिस

सर्लाही । आसन्न स्थानीय तहको चुनावमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालले जिल्लाको रामनगर गाउँपालिका अध्यक्ष तथा वडाध्यक्ष उम्मेद्वारहरूको नाम सर्वसम्मतले सिफारिस गरेको छ । बिहीबार लोसपा रामनगर गाउँपालिका समिति बैठकले अध्यक्षका पदका लागि मनिष मिश्रलाई छनौट गरेको हो । यस्तै, वडा नं. १ अध्यक्षमा रमापत राय यादव, वडा नं. २ अध्यक्षमा रविन्द्र तिवारी, वडा नं.३ अध्यक्षमा निलम देवी, वडा नं.४ अध्यक्षमा ओम प्रकाश साह, वडा नं.६ अध्यक्षमा महेन्द्र राउत र वडा नं.७ अध्यक्षमा सूर्यकान्त केसरी उम्मेद्वारको रूपमा सर्वसम्मत सिफारिस भएका छन् । यसैगरी, गाउँपालिका उपाध्यक्ष र वडा नं. ५ का अध्यक्ष उम्मेद्वारहरू टुंगो लाग्न बाँकी रहेको अध्यक्षका प्रत्यासी उम्मेद्वार मिश्रले बताएका छन् ।

### 'सरावगीले कुनै उपलब्धिमूलक काम गरेनन्'

वीरगन्ज । जनता समाजवादी पार्टी नेपालको तर्फबाट वीरगन्ज महानगरका मेयर प्रत्यासी राजेशमा सिंहले वीरगन्जमा जसपाप्रति जनताको भरोसा बढ्दै गएको बताएका छन् । आसन्न स्थानीय तहको निर्वाचनका लागि जसपाबाट वीरगञ्ज महानगरको मेयरको उम्मेदवार समेत रहेका सिंहले महानगरमा हालका निर्वाचित जनप्रतिनिधिले कुनै उपलब्धिमूलक काम नगरेको आरोप लगाए । सिंहले आफू महानगरको मेयरको रूपमा निर्वाचित भएपश्चात् स्थानीय तहको काम जनमुखी र पारदर्शी बनाउने उल्लेख गर्दै जनताको घरदैलोसम्म स्थानीय तहको सेवा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे ।

### जनकपुर जेसिजका पूर्वअध्यक्ष जसपामा

जनकपुरधाम । जनकपुर जेसिजका पूर्वअध्यक्ष तुलसी पजियार जनता समाजवादी पार्टी नेपालमा प्रबेश गरेका छन् । युवा नेतृत्व बिकासको मुल मन्त्र सहित सकृय अन्तरास्ट्रिय संस्थाको शाखाको रूपमा रहेको जनकपुर जेसिज २०१९ को अध्यक्षको जिम्मेवारी पूरा गरि सकेका पजियार मुलराजनीतिमा युवाको भुमिका स्थापित गराउने उदेश्यका साथ जसपा प्रबेश गरेका हुन । जनकपुरधाममा आज आयोजित एक कार्यक्रमका बिच जसपाका केन्द्रिय सदस्य एवं जनकपुरधाम उपमहानगरका प्रमुख लालकिशोर साह सहितका नेताहरूले पजियार सहित २ दर्जनभन्दा बढी युवा हरूलाई पार्टीमा स्वागत गरेका छन् । जसपा नगर अध्यक्ष बिष्णुदेव साहको अध्यक्षतामा भएको उक्त कार्यक्रममा केन्द्रीय सदस्य उर्मिला महतो , क्षेत्र नं. ३ का नेता जितेन्द्र यादव, संघिय परिषद सद्स्य नवीन यादव, रंजित चौधरी , प्रदेश सदस्य ममता पाठक सहितका नेताहरूको उपस्थिति रहेको थियो ।

### गोठबाट लागूऔषध बरामद

रौतहट । फतुवा विजयपुर नगरपालिका-२ वरगेनिया टोलस्थित गोठबाट प्रतिबन्धित लागुऔषध बराम भएको छ । प्रतिबन्धित लागूऔषध ट्रामाडोल ५ हजार पीस बिहीबार दिउँसो प्रहरीले बरामद गरेको छ । उक्त गोठमा अवैध लागुऔषध लुकाई राखेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सन्तपुर दोस्तियार र ईलाका प्रहरी कार्यालय लक्ष्मीनियाबाट खटिएको प्रहरीले उक्त लागुऔषध फेला पारी बरामद गरेको हो ।

### फैन्सी पसलमा आगलागीबाट लाखौंको क्षति

रूपन्देही । बुटवल उपमहानगरपालिका-११ योगिकुटीस्थित तिलोत्तमा नगरपालिका-२ बस्ने नुमादेवी बस्यालको फेन्सी पसलमा आगलागी भएको छ । करेन्ट सर्ट भई शुक्रबार बिहान आगलागी हुँदा पसल पूर्णरूपमा जलेर करिब १५ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

### मोटरसाइकल चोरी गर्ने दुई जना पक्राउ

मोरङ । विराटनगर महानगरपालिका-९ मा पार्किङ गरेको को.२० प ५०१० नम्बरको मोटरसाइकल चोरी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही महानगरपालिका-१२ बस्ने २६ वर्षीय राज कुमार कामत र २० वर्षीय प्रबिन मण्डल रहेका छन् । उक्त मोटरसाइकल शनिबार साँझ चोरी भएको थियो । उनीहरू उपर जिल्ला अदालत मोरङबाट चोरी कसूरमा ४ दिन म्याद थप गरी प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

### मोटरसाइकलको ठक्करबाट महिलाको मृत्यु

कपिलवस्तु । कपिलवस्तु नगरपालिका-४ गोपालपुरस्थित सडकमा लु.१३ प ८८०९ नम्बरको मोटरसाइकलको ठक्करबाट एक महिलाको मृत्यु भएको छ । ठक्करबाट सोही ठाउँ बस्ने ६५ वर्षीया बृजमती कुर्मीको आइतबार राति मृत्यु भएको छ । गम्भीर घाइते भएकी उनको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### ट्याक्टर र मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

बाँके । कोहलपुर नगरपालिका-२ सालको बुटास्थित सडकमा ट्याक्टर र मोटरसाइकल एकआपसमा ठोक्किँदा एक जनाको ज्यान गएको छ । भे.२ त ९३९ नम्बरको ट्याक्टर र भे.७ प ५४४६ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई शनिबार दिउँसो दुर्घटनामा हुँदा मोटरसाइकल चालक सोही नगरपालिका-४ बस्ने ४४ वर्षीय रेशम डाँगीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको हो । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### करेन्ट लागेर महिलाको मृत्यु

रौतहट । दुर्गाभगवती गाउँपालिका-१ शिव मन्दिर टोल बस्ने ३० वर्षीया रम्घरिया देवीको करेन्ट लागेर मृत्यु भएको छ । सोही ठाउँ बस्ने नरेश राउतकी छोरीको विबाहको मटकोर पूजामा स्थानीयबासीहरू जम्मा भई सामुहिक गीत गाउने क्रममा शनिबार साँझ माइकबाट अचानक करेन्ट लागेको थियो । करेन्ट लाग्दा गम्भीर घाइते भएकी उनको शिवदर्शन अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । घाइते भएका अन्य ७ जनाको स्थानीय मेडिकल बागमतीमा उपचार भइरहेको छ ।



# निर्दयी महाराजा कनकसिंह धामीको पुनः विगविगी



शान्तिकुमार साह

नेपालको एक ऐतिहासिक घटना सुनाउदै छु। अन्दाजी चार पाँच सय बर्षपूर्व फर्केर हेनुस्! एक दलित दम्पतिको सन्तानकोरूपमा एक जोडा जुम्ल्याहा महान लालहरू पैदा भएका थिए। जेठोको नाम दिनाराम तथा कान्छोको नाम भद्री थियो। यिनीहरूले जन्मजातै एक आपसमा अत्यधिक माया-प्रेम गर्ने वाणीको वर्णन जन जिब्रोमा व्यापक छ। साथै अन्य भद्र मानिसलाई पनि आफनो प्राण भन्दा प्यारो ठान्नु हुन्थियो। दुई शरीरमा भएपनि दुईटैको साथै बाँच्ने र साथै मर्ने दरो ईच्छा शक्ति थियो। यी अनौठो वीर महापुरूषहरूका नाम अन्तराष्ट्रिय जगतमा अमर छ। यिनीहरूको जन्म स्थानको नाम जोगिया जाँजर हो। हाल यो ठाँउ सप्तरी जिल्लाको बोदेबर्साइन न.पा.को जोगिया टोलको एक ठूलो चौंरमा पर्छ। शायद यो ठाँउकै कुनै एक सानो भाग पछि कालान्तरमा गएर बर्साइन कहलाउन थालेको होला। बर्साइन भन्ने ठाँउको चर्चा दिनाराम भद्रीको विरताको लोक कथामा कही कतै पनि वर्णन भएको छैन्। पछि सप्तरी जिल्लामै दुईटा बर्साइन रहेकोले एउटालाई बोदे बर्साइन र अर्कोलाई कोइलारी बर्साइन भन्नु परेको होला।

यो बूढीको जुम्ल्याहा छोराहरू प्रायः घरमा नवस्ने गर्दथ्यो। अन्तै-अन्तै घुमीफीरी संसारीक इर्द-गिर्दको जटिलताहरूको अध्ययन अनुसंधान गर्नु हुन्थ्यो। वातावरणको गहिरो मर्म बुझ्ने क्रममा घरबाट अनुपस्थित रहनु हुन्थ्यो। शासकबाट खोज तलास हुदाँ पनि कहिले भेटदैनथ्यो। यी दाजुभाईहरू विहानै ३ बजे उठेर अनकन्टार जङ्गलमा गइ कठिन शारीरिक व्यायाम गर्दै आइरहेको थिए। निर्भिकरूपमा रात दिन एक समान बुझेर टाढासम्मको वन जङ्गलमा विचरन गर्दै थिए। थरीथरीका रूखविरूवा र जीव जनावरहरूसँग चिनजान गर्नु हुन्थ्यो। जंगली फलफुल तथा कन्दमूल खाइ बाच्नु हुन्थ्यो। यिनीहरूलाई वनको जङ्गली जनावरहरूसँगै उठबस गर्ने बानी परिसकेको थियो। कहिलेकाहि मध्य राति सुत्न मात्रै घर फर्किन्थ्यो। तीन चार घण्टाको सुताई बाहेकको अन्य समयमा उनीहरू जङ्गलकै जीब जनाबरहरूसँग हास्दै खेल्दै जीबन निर्बाह गनुहुन्थे। बुवाआमासँग अनुमति लिएर अनेक प्रकारको अनौपचारिक शिक्षाको अभ्यास गर्दै थिए। रूख विरूव र जीव जनावरलाई गूरू मानेर नाना प्रकारका गुण ज्ञानको अभ्यास गर्दै गरेका थिए। यी दुवै दाजुभाइलाई गाँउका मानिसहरूबाट भेटघाट निकै कम हुन्थ्यो। घर आउने तथा घरबाट निस्कने कहिले कुनै निश्चितनै थिएन।

यो ठाँउको तत्कालिन शासकको नाम कनक सिंह (धामी) र उहाँको धर्मपत्नीको नाम बुधनी सिंह (धम्याइन) थियो। यो शासक आठ कोषे जमिन्दार तथा धनि राजा कहलाउनु हुन्थ्यो। यो क्षेत्रमा आफनो डरलाग्दो प्रभाव स्थापित गरेको थियो। उहाँ बडो निर्दयी मालिक हुनु हुन्थ्यो। उहाँको राजदरबार जाँजर भने ठाँउमा थियो रे। क्रोधित अवस्थामा उहाँको अगाडी पर्ने मान्छेको सातोपुतलो जान्थ्यो। यहाँ कनक सिंहको अगाडी पर्न वितिकै मानिस नर्भस हुन्थ्यो। कुनै पनि मानिसको बक्की नफुटने वातावरण निर्माण भइसकेको थियो।

उहाँको परोक्षमा पनि कुनै मानिसले उहाँको कुरा काटने साहस गर्दैन थियो। उहाँको यज्ञा पालन नगर्नेलाई मृत्यु दण्ड दिनु हुन्थ्यो। घोडा चढेर हिडनु हुन्थ्यो। यो राजा मानिसलाई पनि विनाकुनै संकोच आफनै हात्तले पशुलाई हिर्काए जस्तै कोर्राले हिर्काउदै आइरहेको थियो। उहाँको कोर्राको पिटाई र निर्दयी दण्ड दिने तरिका वडो अनौठो थियो। उहाँको व्यक्तिगत चरित्रको बर्णन जताततै भइरहेको हुन्थ्यो। उहाँको अमानवीय कृयाकलापको चर्चा हरेक घर-घरमा धेरै टाढासम्म भइरहेकै थियो। उहाँको आदेशको संकेत मात्रै प्रप्त हुन वितिकै शासन सिमा भित्र कम्पन हुन्थ्यो। सबै महिला, पुरूष, बाल-बच्चाहरू तर्सेर स्फूतीकासाथ उहाँको कामकाज गर्दै आइरहेका थिए। बूढापाकाहरू पनि लम्केर खेतमा काम गर्न जानु हुन्थ्यो। दिन भरी काम गरे पनि पारिश्रमिक मागने साहस कसैले गर्दैन थिए। बनि नदिए पनि कसैले बोल्ने साहस गर्दैन थियो। एक छाक मात्रै खाएर भए पनि यो राजाको खेतमा वाध्य भएर काम गर्नु पर्थ्यो।

एक दिन मालिकको आदेशको अवहेलना गर्ने एक महिलाको नाम मन्त्रीबाट मालिकलाई सूचित गरियो। कनक सिंह अति क्रोधित भइ घोडा चढेर तुरन्तै त्यो महिला नीरसो सदायको (मुसहरनीको) घर पुगे। उहाँ जंगलतीर रहेको मुसहरी टोलको अन्तिम भागमा पुगे। जङ्गल झार सफा गरेर बनाएको छाप्रोमा पुगे। यो बूढी महिलाको पति समेत मुसहरी टोल खाली थियो। सबै मानिस विहानै घर छोडी सकेका थिए। विहानै दगुर्दै मालिकको खेतमा काम गर्न गइसकेका थिए। अति असक्त, अंध-अपाङ्ग र अति बृद्ध बाहेक कोही पनि मानिस टोल भित्र थिएन। यो टोल लगभग सुनसान थियो। मालिकले लुकि रहेको बूढीलाई उहाँको घरकै अगाडी जम्काभेट भइ हाले। उहाँ घोडादेखि झरेर कोर्राले मर्ने गरी पिटे। एक अबला बृद्ध नारीलाई निर्ममतापूर्वक पिटेर आफनो घर तिर फर्के। यो दण्ड मेरो खेतमा काम गर्न नगएकी कारणले पाइस्। भोलीदेखि यस्तै रवैया रहयो भने तँलाई मृत्यु दण्ड दिनेछु भनेर गाली गर्दै राजा फर्के।

## ऐतिहासिक घटना

जुन दिन कनक सिंहले यिनीहरूका आमालाई पिटाई गरे त्यो दिन सन्योगवस दाजुभाई बिहानै ३ बजेदेखि ८ बजेसम्म दैनिक शारीरिक व्यायामको कोर्ष पुरा गर्नु हुन्थ्यो। शारीरिक, मानसिक, अध्यात्मिक कृयाकलापहरू समाप्त गरी घर फर्केका थिए। तत्पश्चात् घर आइ बा-आमालाई पनि विविध प्रकारका थुप्रै फलफूल खान दिएका थिए। दैनिक देवी देवताको पुजाआजा पनि गर्नु हुन्थ्यो। अनि आफूहरू पनि नाना प्रकारका फलफूल र कन्दमूल टनै खानु हुन्थ्यो। अनि खाना पछि एक डेढ घण्टा आराम-बिश्राम गर्ने बानी दुबै दाजुभाईमा थियो। त्यही पुजन गर्ने छाप्रोमै (गहवरमै) सुतिरहेका थिए। महाराजाबाट दर्दनाक चोट खाइकी आमा निरसो आफनो पिडा लुकाउन सकिन। शरीरमा परेको पिडाको कारण पछि आँसुको छर्को र रूवाईलाई दवाएर राख्न खोजेकी थिइन। तर पनि अन्ततोगत्वा छोराहरूलाई थाहा भइनै हाल्यो। छोराहरू जुरूक्क उठे, के भयो? भनेर सोध्दा बताउन गा-हो मानेकी आमालाई जीद्दी गरे। अनेक विधि फकाएर कसले पिटेको? किन पिटेको?... आदि कुरहरू पत्ता लगाए। श्रोतागण, कुनै पनि ठूलो यात्राको श्रीगणेश प्रथम पाईलाबाट मात्र हुन्छ। माता निरसोको पिटाइ थियो निरंकुशता नाशको महान यात्रा। जेठो छोरो दिनारामले आमालाई स्याहार्न तीर लागे। जडिबूटी घसेर तथा पिसेर घाउ पुर्न थाले। सुनिएको अङ्गलाई मसाज गर्ने काममा लागे। अर्को कान्छो भद्रीले चाहि आमा र दाईको अनुमति लीई कनक सिंहलाई खोजी गरी सम्झाउन तीर उम्केर गए। भद्री कनक सिंह हिडेको बाटो तीर तीब्र गतिमा दगुर्दै थिए। मालिकको घर पुग्नु भन्दापूर्व एक ठूलो चौंर थियो। त्यो चौंरको मध्यभागमानै घोडा सवार गर्दै जुगा बटारेर हिडेको मालिकसँग भद्रीको प्रथम पटक जम्का भेट भयो। विनम्र भाषामा भद्रीले आफनो माताजीलाई कठोर दण्डको कारण सोधे। मालिक अति क्रोधित भइ भद्रीलाई गाली गर्नुभयो। घोडा भद्री तीर फर्काएर कोर्राले हिर्काउने प्रयास पनि गर्नुभयो। अनि भद्रीले रिसलाई थेग्न नसकेर घोडा समेतलाई भूईमा लडाए। घोडा साथै मालिकलाई भुँईमा झारे। अनि भद्रीले हल्का तरीकाले दुई तीन लात हाने। आइन्दा मेरा बा-आमामाथि हात उठाइ बक्सियो भने "मैले मौसुफलाई मृत्यु दण्ड दिनेछु महाराज"। राजाको आक्रमक चरित्र सुधार्न पुनः हात जोरेर आग्रह गर्दै भद्री आफनो घर फर्के। मालिकको शरिर रक्तमय भयो। यो पिटाइले महराजको दुईटा दाँत पनि झर्यो। यस्तो अवस्थामा मालिक लजित भइ चारै तिर फर्केर हेर्यो। ठम्याउदै हुनुहुन्थ्यो र मनमनै सोच्नु हुन्थ्यो। यो घटना कसैलाई थाहा भयो कि कसो? यदि कसैलाई थाहा भयो भने मेरो व्यापक उपहास हुनेछ। यो सार्वजनिक लाजशर्मलाई अब कसरी लुकाउन सक्छु। मनमनै अनेक प्रश्नहरूको ज्वारभाटा उठन थालेको माहाराज किमकर्तव्यभिमूढ अवस्थामा लुकी छिपी जसो तसो राजा आफनो घर फर्कियो। घरमा पत्नीलाई पनि भन्नु नपरोस। यस्तो लाजले लुकेर निर्जन ठाँउमा समय व्यतित गर्दै थियो। धम्याइन रानी दाउरा लिन घरको पछाडीको टहरामा परेशान राजालाई सोधपुछ गर्न थालिन। घटनाको बारेमा रानीलाई थाहा भइनै हाल्यो।

यही पिटाईको प्रतिशोध लिन माल्कीनी बुधनी सिंह धम्याइनले अनेक तन्त्र-मन्त्र प्रयोग गर्न थाली। कटैयामा रहेको मुतनी नदीको किनारमा पुगी नाङ्गै जीउमा वसी। तान्त्रिक बिद्याको बाण चलाउन थाली। विविध छल कपटको प्रयोग गर्दै मरहते गरी। केहि देबीदेबतालाई प्रतिज्ञाको जालमा फसाउन सफल भइन्। यी दुवै दाजु-भाईलाई बुधनीले तत्काल मृत्युको जालमा फसाउन सफल पनि भईन। दुवै दाजु-भाईहरूले यो कपटि झाखीको कपट जालमा परे। आफनै स्वच्छाले देह त्याग गर्नु परेको थियो। अनि यी दुवै दाजु-भाईको तथाकथित झाकीको कुचक्रमा परेकोले तत्काल मर्यादाको पालन गर्न देह त्याग त गरेनै।

तत्पश्चात् यीनीहरूले अनेकरूपमा प्रकट हुन थाले। तुरन्त लुप्त हुने प्रकृयाको शुरूवात गरे। धेरै पटक आफनो पहिचान दुष्टलाई प्रष्ट पारी अवतरित हुन थाले भने जन विश्वास छ। दुष्टहरू र अशुरहरूलाई परिचय दिएर मार्न थाले। जन साधारणको र अन्य मानिसको बीचमा प्रकट नहुने गर्थे भने जनविश्वास छ। विविधरूपमा अवतरीत भइ यहाँका करीब दर्जनौं निरंकुश शासकहरूलाई मारेर सामाजिक न्यायको स्थापना गरेका थिए भने जन विश्वास छ। मानव अधिकार शुन्य समाजमा गरीब, निरीह तथा निम्मुखालाई पनि सम्मानित भइ बाँच्ने वातावरण निर्माण गरे। जीवनमा वाँच्ने तथा गरीखाने अधिकारको प्रत्यारोपन गरे। त्यसकारणले दिनाराम-भद्री यस क्षेत्रको ब्यापक भू-भागमा लोकनायक देवताकोरूपमा सुपुजित छन्। यिनीहरूका नाममा हजारौं देवालयहरू छन। भव्य मन्दिरहरू नेपाल र भारतमा पनि विद्यमान छन्। शुभ प्रभातमै स्नान गरी हजारौं भक्तजनहरू यी न्याय स्थापना गर्ने महापुरूषलाई देवता मानेर यिनका नाम जाप गर्छन्। लाखौं भक्तजनहरू देवालयमा गइ पुजा पाठ गरी प्रार्थना गर्दछन्। हरेक जातजतिको मनोकांक्षा पुरा गर्ने भएकोले जताततै भाकल चढाउन तथा प्रसाद चढाउनका निम्ति घ्इचो लागेका हुन्छन्। हाल कोभिडवाट पनि उहाँलेनै रक्षा गर्नुहुन्छ भने जनविश्वास छ। मानिसमा एम्युनिटी पावर पनि बढाउन उहाँकै आशिर्वाद चाहिन्छ। निषेध अज्ञालाई पनि वास्ता नगरी गहवर तथा मन्दिरका वरीपरी दिनाराम भद्री अष्टजाम तथा पुजा आजा भइरहेकै छ। जिवित हुँदा पनि अरूलाई माया गर्ने यी महापुरूषहरू आज पनि हजारौं ज्याज मानिसहरूका आकांक्षा पुरा गर्दै गरेका छन्। अत्याचारमा परेकाहरू मन्दिरमा गई श्रद्धाले तिनै आत्माहरूलाई पुनः अवतरणको गुहार गर्दैछन्। भारत र नेपालका पिडित मानिसहरूले पुनः दिनाराम भद्रीको अवतरण होस् भनी भाकल गछन्। यस व्यापक क्षेत्रमा विद्यमान अत्याचार नाश होस् भनेर पुजा पाठ, यज्ञादि गर्दै आइरहेका छन्।

वर्तमान कालमा फेरी थुप्रै कनक सिंह धामीहरूका विगविगी बढन थालेका छन्। मानब अधिकार शुन्य हुन थालेको छ। कमजोरलाई दर्दनाक पिडा दिदै आइरहेको छ। उहाँकै जन्म भूमीमा आज मानिसलाई पशू तूल्य व्यवहार हुन थालेको छ। कुकर्म गर्न नजान्नेहरूलाई छद्म जालमा फसाएर हत्या गर्छन। शतीलाई बलत्कार गरी शतीत्व लुटने गर्छन्। अन्याय गर्न नजानेकालाई अन्यायको मार्गमा जर्वजस्ती हिडाउन बाध्य बनाउछन्।

त्यस कारणले दिनाराम-भद्री बाबा पुर्नजन्म लिइ तुरन्त आवोस्। तुरन्त अफनो जन्मभूमीलाई स्वच्छ वनाउन अवतरित होस् यही जन जाहना छ। दिनाराम-भद्री बाबाको जाय बोलनुस्।

श्रोतागण! यस पछिको कारामात अर्को लेखमा...

*– बोदेबर्साइन न.पा.९,सप्तरी, नेपाल*

# जसपा नेपाल...

स्थानीय अर्थतन्त्रका क्षेत्र, सम्भावना र चुनौतिहरूको विश्लेषण गरिनेछ। लागतस्तर कम र तुलनात्मक लाभ बढी भएका क्षेत्रलाई प्रोत्साहन गरिने छ। परम्परागत अर्थतन्त्रका क्षेत्र र सीपलाई प्रोत्साहन र प्रवर्द्धन गरिने छ। स्थानीय अर्थतन्त्रलाई प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्यप्रणालीसंग जोड्न सहयोग गरिने छ। उपलब्ध आर्थिक अवसरहरूको उपयोग गर्दै नयाँ अवसर सृजना र अधिकीकरणको नीति लिइने छ।

**५.वातावरणसम्बन्धी नीति**

भौतिक पूर्वाधार निर्माण, विकास योजना संचालन तथा आर्थिक क्रियाकलापहरू गर्दा वातावरणीय दीगोपनलाई उच्च महत्व दिइने छ। 'खुल्ला आकास, शुद्ध वायु, स्वच्छ जल र हरित वातावरण'नीति स्थानीय विशिष्टतामा आधारित गरी ठोस ढंगले लागू गरिनेछ। वनजंगल संरक्षण र बृक्षारोपणमा जोड दिइने छ। नदीनालाको सरसफाई गरिने छ। बाढी, पहिरो, डुबान, कटानको संभावित जोखिमलाई कम गरिनेछ।जैविक विविधता, वन्यजन्तु, चराचुरूङ्गी, जलचर, खानी तथा खनिज पदार्थ तथापानीका स्रोतहरूआदिको संरक्षण गरिने छ। तापमान बृद्धि र जलवायु परिवर्तनका दुस्प्रभावहरू अनुकुलन गर्ने प्रयास गरिने छ।

६.स्थानीय लोकतन्त्र सुदृढीकरण नीति स्थानीय तहले स्थानीय लोकतन्त्रको सम्बर्द्धन र सुदृढीकरणमा जोड दिनेछन। स्थानीयस्तरमा अस्तित्वमा रहेका सबै राजनीतिक दल, पक्ष र समूहबीच परस्पर सहकार्य, रचनात्मक प्रतिस्पर्धा र नियमित अन्तर्क्रियाको प्रचलन स्थापित गरिने छ। ठूला र महत्वपूर्ण विकास आयोजना तथा सार्वजनिक नीति तय गर्दा सबै राजनीतिक दल र नागरिक समाजको सहभागिता र सहमति प्राप्त गरिने छ। स्थानीय जनसरोकारका सवालमा नागरिक सचेतना तथा पहलदकदमीको अधिकारलाई सुनिश्चित गरिने छ। लोकतन्त्रका विश्वव्यापी मूल्यमान्यता र सिद्धान्तलाई स्थापित गर्दै जान नागरिक तथा मतदाता शिक्षा कार्यक्रम गरिने छन्। स्थानीय संचारमाध्यमलाई सवलीकरण गरिने छ।

७. सामाजिक जागरण सम्बन्धि नीति समाजमा विद्यमान लैङ्गिक विभेद, रूढीवाद, अन्धविश्वास, कुप्रथा, जातपात, छुवाछुत, नश्ल, वर्ण वा रंगभेदी भावना विरूद्ध स्थानीय तहले सामाजिक जागरण गर्ने छन। सामाजिक जीवन पद्धतिलाई वैज्ञानिक, आधुनिक, समतामुलक, मानवीय र गरिमायुक्त बनाउँदै लगिनेछ। समाजको स्थानीय विविधताअनुरूप समावेशितालाई मूर्त बनाइने छ।

**भाग २**

**स्थानीय तहका योजना तथा कार्यक्रम**

स्थानीय तहको मुख्य कार्यभार स्थानीय भौतिक पूर्वाधार, स्थानीय अर्थतन्त्र तथा मानवीय विकास हो। स्थानीय तह सर्वाङ्गिर्ण विकासलाई प्रत्याभूत गर्न तपसिल बमोजिम क्षेत्र योजना तथा कार्यक्रम लागू गरिनेछ।

**२.१.भौतिक पूर्वाधार विकास**

(क) पालिकाहरूको स्थानीय बिशिष्टताअनुरूप सेरोफेरोमा चक्रपथ निर्माण गरिनेछ। पालिकाको केन्द्र र वार्ड केन्द्रहरू जोड्ने सडकहरू बनाइने छ। चक्रपथ, पालिका केन्द्र र वडाका केन्द्र जोड्ने सडकसंग गाउँ, वस्ती तथा टोल लिंक रोड बनाइने छ। पालिकास्तरका विद्यालय तथा आधारभूत सेवा कार्यालयहरूलाई सडकसंग जोडिने छ। सडकहरूको गुणस्तर सुधार गर्दै लगिने छ। सबै पालिकाहरूमा एक बसपार्क बनाइने छ। महानगरहरूमा नगररेल सेवा विकासको संभावनाबारे अध्ययन गरिने छ।

(ख) शुद्ध पिउने पानीको सुविधा नपुगेका घरवस्तीमा खानेपानी सुविधा पुर्‍याइने छ। सार्वजनिक खानेपानी आयोजनाबाट वितरित खानेपानीको रू२०० सम्मको खानेपानी विल निशुल्क गरिने छ। आधुनिक शौचालय सुविधा नपुगेका घरपरिवारलाई शौचालय निर्माण गर्न रू १० हजारको अनुदान दिइने छ। खानेपानीका मुहान र पोखरी संरक्षण गरिने छ। सार्वजनिक पोखरीहरूको निर्माण तथा पुनर्निर्माण गर्दा बहुउदद्देश्यीय प्रारूप- सिँचाई, माछापालन, सौन्दर्यीकरण, बोटिङ र स्थानीय पर्यटनजस्ता अवधारणालाई एकीकृत कार्यान्वयन गरिने छ। नियमित ढल निकासको व्यवस्थित व्यवस्थापन गरिनेछ। अधिक बर्षा, बाढी, ढुबान, कटानको समस्यालाई हल गर्न स्थानीय नदी प्रणालीलाई पुनर्जिवित गरिने छ। फोहोरको नियमित तथा वैज्ञानिक व्यवस्थापन गरिने छ।

(ग) विजुली, टेलीफोनलगायतका तारहरू जमिनमुनि गर्न सम्बन्धित निकायसंग समन्वय र सहकार्य गरिने छ। सहर बजार क्षेत्रमा हरियाली बस्ती विकास गरिने छ। मनोरञ्जन तथा सामाजिक क्रियाकलापका लागि पार्कहरू बनाइने छन्, यथेष्ट खुला ठाउँ राखिने छ। सार्वजनिक जग्गाको संरक्षण गरिने छ।

**२.२. सिंचाइ**

खेतीयोग्य जग्गा भौगोलिक चरित्र, स्थानीय जलस्रोत तथा नदी प्रणालीको अवस्था हेरी सतह सिचाई आयोजना कार्यान्वयन गरिने छन्। भुमिगत सिचाई (स्यालो ट्यूवेल) र लिफ्ट सिचाईका सम्भावनालाई उपयोग गरिने छ। सतह सिंचाईको सुविधा नपुगेका तराईमधेशका किसानलाई पम्पिङ सेट जडानमा विशेष अनुदान दिइने छ। पहाडका गाउँपालिकाहरूमा स-साना सिचाई आयोजनाहरू सञ्चालन गरिने छ।

२.३. सहरीकरण, आर्थिक कोरिडोर र भू-उपयोग सबै गाउँपालिकाहरूको विस्तृत भू-उपयोग योजना र नपा/उपनपा/मनपाहरूको गुरू योजना तयार गरी क्रमशः लागु गरिने छ। आगामी ५० वषसम्मको जनघनत्व पूर्वानुमान गरी आधुनिक सहरी केन्द्र, आर्थिक कोरिडोर तथा औधोगिक क्षेत्र विकास गर्ने नीति लिइने छ। पालिकाको कुल भूमिस्रोतको अध्ययन तथा नक्सांकन गरी आवास, सार्वनजिक पूर्वाधार, वन, औधोगिक क्षेत्र तथा कृषिजन्य भूमिका रूपमा वर्गिकरण गरिने छ। तदनुरूप पूर्वाधार विकासका जोड दिइने छ। अव्यवस्थित बसोबास गरेका व्यक्तिहरूलाई चरणवद्ध रूपमा स्थायी पूर्जा दिइने छ। त्यस्तो अव्यवस्थित बसोबास पहिरो, नदी किनार र जंगलको छेउमा भएमा अन्यन्त्र सार्न पहल गरिने छ। भूमिहिन किसानका साथै खेती गर्न चाहने किसानलाई खेति योग्य जमिनमा संलग्न गराउन जग्गा भाडामा लिई गरिने करार खेतीको अभ्यास सुरू गरिने छ।

२.४.शिक्षा, स्वास्थ्य र खेलकुद क्षेत्र

**(क) शिक्षा**

शिक्षा प्रणालीलाई जगैदेखि रूपान्तरण गरिने छ। त्यसका लागी श्रम, रोजगारमूलक र गुणस्तरीय शिक्षा प्रदान गर्न जोड गरिने छ। माध्यमिक विद्यालय तह सम्मको शिक्षालाई व्यवहारीक रूपमा नै निशुल्क र गुणस्तरिय बनाईने छ। प्रारम्भमा "एक पालीका एक मोडल स्कुल" को अवधारणालाई कार्यान्वयन गरिने छ। सबै विद्यालयहरूमा कम्प्युटर शिक्षा दिइने छ। विशेष शिक्षा (अपाङ्ग शिक्षा) लाई विस्तार गरिने छ। आधारभूत तहमा मातृभाषामा शिक्षा प्रदान गरिने छ। आधारभूत भन्दा माथिल्लो तहमा अंग्रेजी, नेपाली र कम्तीमा एक प्रादेशिक भाषासहित बहुभाषिक नीति लागू गरिने छ। गणित, विज्ञान, स्वास्थ्य विज्ञानलगायतका आधुनिक विषयहरूको पढाई अंग्रेजी माध्यामबाट गरिने छ। विद्यालय र घरवस्तीको दुरी १ घण्टाभन्दा बढी भएका विद्यार्थीहरूका लागि विद्यालय हाताभित्रै होस्टल निर्माण अभियान प्रारम्भ गरिने छ। स्थानीय तहहरूले शिक्षामा सुरूमा कूल बजेटको १० प्रतिशतसम्म लगानी गर्ने छन्।

**(ख) स्वास्थ्य**

क) हरेक गाउँपालीकाहरूका केन्द्रमा कम्तिमा विशेषज्ञ सेवा सहितको एउटा स्वास्थ्य संस्था खोलिनेछ। साथै स्वास्थ्य प्रयोगशालाको व्यवस्था समेत गरिने छ। प्रत्येक पालिकामा गर्भवती महिलाहरूका लागि वर्थीङ सेन्टर स्थापना गरिने छ।

ख) गाउँपालिका र नगरपालिकाका प्रत्येक वार्डहरूमा एक जना चिकित्सक सेवा सहितको स्वास्थ्य चौकी सञ्चालन गरिने छ।

ग) स्वास्थ्य चौकी वा केन्द्रहरूको भौतिक पूर्वाधार र जनशक्तिलाई सकेसम्म एउटै मापदण्डमा सञ्चालन गरिने छ।

घ) नगर, उपमहानगर तथा महानगरपालिकाहरूमा जनसंख्याको अनुपातमा कम्तीमा क्रमशः पाचँ/पन्ध्र बहु विशेषज्ञ सेवा सुविधा सहितको अस्पताल स्थापना गरिने छ।

ङ) पाँच बर्षभित्र सबै स्तरका पालिकाहरूका नागरिकको स्वास्थ्य बिमा गरिने छ। अति विपन्न वर्गहरूको हकमा त्यस्तो बिमा शुल्क (प्रिमियम) स्थानिय तहले उपलब्ध गराउने छ।

च) युवा तथा लैङ्गिक मैत्री यौन तथा प्रजनन स्वास्थ्य अधिकारको बारेमा सचेतना सञ्चालन गरिने छ।

**(ग) खेलकुद**

क) प्रत्येक गाउँपालिकाहरूमा कम्तिमा एक खेल विधाको ग्रामिण स्तरको एक/एक खेलमैदान र रङ्गशाला निर्माण गरिने छ।

ख)नगरपालिका, उपमहानगरपालिकामा बिभीन्न खेलविधाका क्रमशः कम्तिमा तिन र पाँच सुविधासम्पन्न रङ्गशाला निर्माण गरिने छ।

ग) प्रत्येक महानगरपालिकामा कम्तिमा दुई/दुई अन्तराष्ट्रिय स्तरको रङ्गशाला निर्माण गरिने छ।

घ)अपाङ्ग,दृष्टिविहीन र फरक क्षमताका खेलाडीहरूलाई प्रोत्साहन हुने गरि सबै पालिकाहरूमा कम्तिमा दुई/दुई बर्षमा त्यस्ता खेलाडीहरूको खेल प्रतियोगीता सञ्चालन गरिने छ।

**२.५.कृषि र पशुपालन**

१) कृषिमा यान्त्रीकीकरण, आधुनिकीकरण र व्यवसायीकरणलाई प्राथमिकतामा राखिने छ र तराईमा कृषीयोग्य जमिनको व्यापक उपयोग र पहाडमा फलफुल र पशुपालनको विकाशमा जोड दिईने छ।

२) युवाहरूलाई कृषि पेशामा आकर्षित गर्न र यस क्षेत्रको उत्पादकत्व बढाउन कृषिमा यान्त्रिकरण, आधुनिकीकरण र व्यवसायीकरणमा गर्न जोड दिइनेछ। यसका लागि निम्न नीतिहरूलाई कार्यान्वयनमा ल्याईने छ।

क) साना किसानहरूलाई सहकारीमा संगठित गराएर व्यवसायिक खेती गर्ने व्यवस्था मिलाइने छ। जैविक खेती प्रणालीलाई प्रोत्साहन गरिने छ। कृषिमा आधारित स्थानीय उद्यम गर्न चाहने सिमान्तकृत महिला र साना किसानलाई सहुलियत ब्याज दरमा कृषि ऋण उपलब्ध गराइने छ।

ख) व्यवसायिक कृषि (खाद्यान्न बाली, पशुपालन, माछापालन, फलफूल-तरकारी, जडीबुटी खेती) गर्ने कृषि फर्मलाई, कृषिजन्य उद्योगसंचालन गर्न चाहने उद्योगीहरूलाई, कृषि औजार उत्पादन गर्ने कारखाना खोल्न चाहनेहरूलाई वित्तीय संस्थावाट ५ करोडसम्म लिएको ऋणको ५% भन्दा बढीको ब्याज रकम अनुदानको रूपमा उपलब्ध गराउने व्यवस्था गरिने छ।

ग) व्यवसायिक कृषि उत्पादन तथा उत्पादकत्व बढाउन आधुनिक कृषि औजार, गुणस्तरीय मलखाद र विउ विजन समयमा उपलब्ध हुने व्यवस्था र उत्पादित वस्तुहरूको खरिद-विक्री सहज बनाउन हरेक वडामा एकीकृत सेवा दिन शीत भन्डारण सहित एकएक उत्पादन संकलन र विक्री केन्द्रको स्थापना र सञ्चालन गरिने छ।

घ) किसानले बर्षेनी भोगिरहेको मलको समस्या समाधान र माटोको अवस्था सुधार्न स्वदेशमै भर्मी कम्पोष्ट, हरियो मल र बायो फर्टिलाइजर उत्पादन र प्रयोगमा जोड दिइने छ।

ङ) व्यवसायिक कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य तोकिनेछ। सबै किसानहरूलाई ५ वर्षभित्र कृषि तथा पशुपालन विमा कार्यक्रम अन्तर्गत ल्याईने छ।

च) सन् २०३० सम्म लागु हुने गरी व्यवसायिक कृषिमा काम गर्ने व्यक्तिहरूको न्यूनतम तलब निर्धारण गर्ने, कामदारहरूको तलब तथा उद्यमीहरूको खूद नाफाको १०% रकममा सरकारले १०% थप गरी एकमुष्ट उपदान दिने व्यवस्था गरिने छ।

छ) एकीकृत कृषि, पशुपालन, माछापालन, वागवानी र जडीबुटी खेती तथा उद्योगहरूलाई एकीकृत सेवा केन्द्रबाट आवश्यक प्राविधिक सेवा उपलब्ध गराइने छ। यसमा लाग्न चाहने युवाहरूलाई निशुल्क तालिम प्रदान गरिने छ।

**२.६.पर्यटन**

क) हरेक गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाले सम्भाव्यताका आधारमा प्राकृतिक–पर्यावरण, साहसिक, धार्मिक, ताल तथा नदिजन्य, होमस्टे र पदयात्रा पर्यटनलाई पाँच बर्षे कार्ययोजनाका आधारमा निश्चित संख्याका स्वदेशी र विदेशी पर्यटक भित्राउने कार्यक्रम बनाउने छन्।

ख) पर्यटक आकर्षित गर्ने होटेल तथा रिसोर्ट तथा अन्य सेवा प्रदान गर्ने उद्यमीलाई पहिलो ५ वर्षसम्म आयकरमा ७५% छुट दिइने छ।

ग) होमस्टे सञ्चालन गर्न चाहने महिलाहरूको समूहका लागि रू. ५० लाखसम्म लिएको ऋणको ५% भनदा बढी ब्याज अनुदान दिइने छ।

**२.७. औद्योगिक विकास**

सम्भाव्यताका आधारमा गाउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई औद्योगिक क्षेत्रको रूपमा विकास गरिने छ। यसका लागि निम्न दुई विषयमा ध्यान दिइने छ।

(क) विश्व वजारमा प्रतिस्पर्धी हुने गुणस्तरीय वस्तु उत्पादन गरी नेपालमा खपत हुने तथा विदेशमा निर्यात गर्न सकिने वस्तुहरूको उत्पादनमा जोड दिइने छ।

- कृषिजन्य उद्योगहरूः दुग्धजन्य, मासुजन्य, फलफुलको जुस, क्याण्डी, तेल, अदुवा-बेसार जस्ता नगदे वाली, मैदा, गेडागुडीको प्याकेजिङ्ग, चीनी उद्योग आदि।
- बनपैदावार जन्यः फर्निचर, जडिबुटी प्रशोधन तथा आयुर्वेदिक औषधि उत्पादन
- उपभोगजन्यः साबुन, मञ्जन, विस्कुट, चाउचाउ, दालमोठ, पोटेटो चिप्स आदि
- धातुजन्यः ग्रील, कृषि औजार, पाइप, भाडाकुडा आदि
- कपडाजन्यः गार्मेन्ट, पस्मिना उद्योगहरू आदि
- कलकारखानाः टर्वाइन, जेनरेटर, ह्युम पाइप, ट्रसका सामाग्री आदि

(ख) भारत र चीनका औद्योगिक प्रतिष्ठानहरूसँग मूल्य-शृंखला (भ्यालु चेन) मा जोडिन सक्ने अग्र र पृष्ठ सम्बन्ध (फरवार्ड तथा ब्याकवार्ड लिङ्केज) भएका उत्पादनशील उद्योगहरूको पहिचान गरी निजी क्षेत्रलाई त्यस्ता उद्योगहरूमा लगानी गर्ने उपयुक्त वातावरण बनाइने छ।

**२.८. सेवा क्षेत्र**

(क) ग्राहक केन्द्रीत मृदु व्यवहार र आईसीटी जस्ता आधुनिक पूर्वाधारको प्रयोग गरी सेवा क्षेत्रको गुणस्तर विकासमा जोड दिइने छ।

(ख) होटल क्षेत्र, ब्यपार तथा कानूनी व्यवसाय जस्ता सेवा क्षेत्रमा लाग्ने जनशक्तिलाई ग्राहकसंग गरिने व्यवहार र आधुनिक प्रविधिको प्रयोग सम्बन्धी तालिमको व्यवस्था गरी उनीहरूको कार्य दक्षता बढाइने छ।

(ग) कार्यस्थलमा आवश्यकता अनुसार शिशु स्याहार केन्द्र स्थापना गरिने छ।

**२.९.सूचना र सञ्चार**

(क) नगरका सबै वडाकार्यालय क्षेत्रमा, सबै स्कूलहरूमा र अस्पताल क्षेत्रमा पहिलो वर्षमा नै र टोलटोलमा क्रमशः इन्टरनेट सेवा निशुल्क उपलब्ध गराइने छ।

(ख) स्वतन्त्र र निष्पक्ष प्रेस, रेडियो, टिभी जस्ता मिडियाको पूर्ण सम्वर्धन गरिने छ।

(ग) श्रमजिवी मिडियाकर्मीहरूका हक हितको रक्षा र वृति विकासका लागि सहयोगी वातावरण तयार गरिने छ।

बाल अधिकारको संरक्षण, युवा जनशक्ति विकास र जेष्ठ नागरिक सम्मान

**२.१०. बाल अधिकार संरक्षण**

१. स-सना बालबालिकाका लागि गाउँ/नगरपालिकाका सबै वडाहरूमा एक एक बाल उद्यानहरू बनाइने छ।

२. हरेक टोलमा एउटा बाल क्लब गठन गरिनेछ। यसै क्लबहरू मार्फत कला, खेलकुद तथा साहित्य प्रतियोगिता जस्ता कृयाकलाप संचालन गराई उनीहरूको नेतृत्व तथा क्षमता विकास गरिने छ।

३. माथि भनिएझैं १५ वर्ष मुनिका बालबालिकाको शिक्षा र स्वास्थ्य सेवा निशुल्क गरिने छ।

**२.११. युवा जनशक्ति विकास कार्यक्रमहरू**

१. पर्यटक गाइड तथा होमस्टे कार्यक्रमहरू संचालन गर्न चाहनेहरूलाई आवश्यक तालिम सेवा उपलब्ध गराइने छ। यसमा लाग्न चाहने युवाहरूलाई निशुल्क तालिम प्रदान गरिने छ।

२. काष्ठ तथा फर्निचर, टेक्सटाइल (साना तथा मझौला), इलेक्ट्रिकल-मेकानिकल सामग्री, कृषि तथा पशुपालन, वागवानी, सिमेन्ट, ईटा, साबुन, डिटर्जेण्ट, होटल-पार्टी प्यालेस स्थापना तथा सञ्चालन र पेट्रोल पम्प संचालनजस्ता विषयहरूमा प्रत्येक वर्ष हरेक वडाका ५० जना गरेर नगरपालिकाका ५०० युवालाई रोजगारी एव उत्पादन मूलक विषयगत तालिमको व्यवस्था गरिने छ। राम्रो उद्यम गर्ने ५० जनालाई विदेशमा गएर तालिम लिएर आउने व्यवस्था मिलाईने छ।

३. रोजगार, स्वरोजगार तथा उद्यमशिलताको तालिममा गरीव परिवार, महिला तथा दलित समुदायलाई प्राथमिकता दिइने छ।

४. प्रत्येक वडामा एक फुटसल सहित एक खेलकुद मैदान बनाइने छ।खेलकुद क्षेत्रमा लाग्न चाहने युवाहरूलाई प्रोत्साहन मूलक कार्यक्रमहरूको व्यवस्था गरिने छ।

५. वैदेशिक रोजगारमा गएका युवाहरूको व्यक्तिगत सुरक्षा, उनीहरूले कमाएको पुँजी जलविद्युत, उद्योगधन्दा जस्ता योजनामा सेयर लगानी गर्न पाउने उचित व्यवस्था गरिने छ। यसको लागि एउटा छुट्टै कोष खडा गरिने छ।

६) युवा तथा लैङ्गिक मैत्री बजेटको व्यवस्थापन गर्न विशेष ध्यान दिइने छ।

**२.१२. जेष्ठ नागरिक**

(क) ६५ वर्ष माथिका जेष्ठ नागरिकलाई निशुल्क स्वास्थ्य सेवाको व्यवस्था गरिने छ।

(ख) एकल, असहाय वा परिवारबाट उपेक्षित जेष्ठ नागरिकको लागि स्याहार सुसार गर्ने व्यवस्था सहितको विशेष आवास गृहको निर्माण गरिने छ।

(ग) हरेक वडामा एक एक 'जेष्ठ नागरिक भेटघाट' कक्ष बनाइने छ।

**२.१३. घरपरिवार स्तरीय कार्यक्रम**

(क) हरेक घरमा वायोग्याँस राख्ने प्रवन्ध मिलाइनेछ।यसका लागि सामाग्री एवं प्राविधिक सहयोग सरकारी अनुदान हुने छ।

(ख) ग्रीडकोविजुली नपुग्ने घरमा सोलारमा ९०% सरकारी अनुदान, १०% व्यक्तिगत पूजी वा श्रमको व्यवस्था गरी सबैघरमा विजुली सुविधा उपलब्ध गराइने छ।

(ग) सबैलाई भरपर्दो फोन तथा इन्टरनेटको सुविधा दिने व्यवस्था गरिने छ।

**२.१४. सामाजिक सेवा कार्यक्रम**

(क) जनहितलाई ध्यानमा राख्दै हरेक विहान र वेलुका एक एक पटक सबै वडा कार्यालयबाट नगरपालिकाको कार्यालय आउन र जानका लागि निशुल्क नगर यातायात सेवा सञ्चालन गरिने छ।

(ख) गर्भवती महिला, १० वर्ष मूनिका बालबालिका र ६५ वर्ष माथिका जेष्ठनागरिकलाई एम्बुलेन्स लगायत नगरभित्र चल्ने कुनैपनि यातायात सेवामा भाडा लाग्ने छैन।नगरभित्र चल्ने यातायात सेवामा विद्यार्थिलाई ५०% छुट दिने व्यवस्था गरिने छ।

ग) नगरपालिका भित्र उपयुक्त स्थानको चयन गरी निम्नानुसारका सेवाहरू उपलब्ध गराउन एक एकिकृत सेवा केन्द्र खोलिने छ।

- कृषि तथा पशु र औधोगिक कार्य सम्बन्धी परामर्श एवं प्राविधिक सहयोग।
- स्वास्थ्य सेवा सम्बन्धी परामर्श एवं प्राविधिक सहयोग।
- आर्थिक दृष्टिकोणबाट निम्न स्तरका जनसमुदायलाई उद्यम तथा व्यवसाय गर्न सुलभ कर्जाको व्यवस्था गरिने छ।

**२.१५. समावेशी विकास**

(क) कुनै भौगोलिक क्षेत्र विशेष, वर्ग वा समुदाय विशेष (गरीव, महिला, दलित, अल्पसङ् ख्यक, शारीरिक अपाङ्गता भएका नागरिक) संग सम्बन्धित वा उनीहरूलाई प्रत्यक्ष प्रभाव पर्ने नीति-कार्यक्रम बनाउँदा वा कार्यान्वयनमा ल्याउँदा उनीहरूलाई अनिवार्य सहभागी गराइने छ।

(ख) महिला, दलित, मुस्लिम, अल्पसंख्यक, सिमान्तकृत, तथा लोपोन्मुख समुदायहरू र शारीरिक अपाङ्गता भएका नागरिकहरूका लागि एकिकृत सामुदायिक विकासका तथा विशेष उत्थानका कार्यक्रमहरू सञ्चालन गरिने छ।

**२.१६.महिला उत्थान कार्यक्रम**

महिला उत्थानका लागि निम्न नीतिहरू तथा कार्यक्रमहरू अवलम्बन गरिने छ।

क) कृषि, कुटिर तथा साना उद्योग र व्यवसाय जस्ता विषयहरूमा 'महिला सशक्तिकरण' कार्यक्रम संचालन गरी महिला दिदीबहिनीहरूको क्षमता अभिवृद्धि तथा सशक्तिकरण गरिने छ।

ख) महिला हिंसाको अन्त्यका लागि 'फाष्ट ट्र्याक महिला न्याय यूनिट' को ब्यवस्था हुने छ।

ग) महिलाहरूलाई उत्पादनमूलक तथा रोजगारीमूलक उद्यम गर्न चाहेमा १० वर्षका लागी रू १ करोड सम्म ऋणदिने र त्यसको ब्याज ५ प्रतिशत मात्र गरिने छ।

घ) महिला, पुरूषको लागी समान कामको समान ज्यालाको नीति कार्यान्वयन गरिने छ। गर्भवती महिलालाई निशुल्क नर्सिङ्ग सेवा र सुत्केरीसेवा दिईने छ। किसान, मजदुर क्षेत्रका महिलाहरूलाई सुत्केरी हुँदा पोषण भत्ता दिने व्यवस्था गरिने छ। साथै महिला बिशेषका रोगहरू पाठेघर, स्तन क्यान्सर, पाठेघर खस्ने, पिसाव चुहिने, लगायतको उपचार निशुल्क गरिने छ।

ङ) भूमीकर महिलाकोहकमा कुल तोकिएको करको ७५% हुने छ।

**२.१७. दलित, अल्पसंख्यक, शारीरिक अपाङगता भएका समुदाय उत्थान कार्यक्रम**

(क) दलित, अल्पसंख्यक, शारीरिक अपाङ्गताभएका व्यक्तिहरूलाई विशेष क्षमता अभिवृद्धि तथा सशक्तिकरणका कार्यक्रमहरू मार्फत उनीहरूलाई आत्मनिर्भर हुने शीप सिकाइने छ।

(ख) दलित,अल्पसंख्यक, शारीरिक अपाङ्गताभएका व्यक्तिले उत्पादनमूलक तथा रोजगारीमूलक उद्यम गर्न चाहेमालिएको रू १ करोड सम्मको ऋणको ब्याजमा ५ प्रतिशत भन्दा माथिको ब्याज अनुदान दिइने छ।

**२.१८. धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र विकास**

(क) हिन्दु, बौद्ध, मुस्लिम, किरात, शिख, जैन क्रिस्चियन लगायत धर्मावलम्वीहरूको धार्मिक स्थलहरूको संरक्षण तथा संवर्धन पहिचानयुक्त मानव बस्तीको पहिचान प्रदान, संरक्षण र संवर्धन गरिने छ।

(ख) सबै समुदायका संस्कृतिको संरक्षण -जस्तै स्थानीय कला, तथा संस्कृतिको विकासका लागि आवश्यक सहयोग गरिने छ। स्थानीय बासिन्दाको कला, संस्कृति झल्कने बस्तुहरू समावेश गरी प्रत्येक पालिकामा एक-एक वटा कला संस्कृति गृह वा केन्द्र खोलिने छ।

(ग) गाउँपालिका र नगरपालिका भित्र रहेका जल, जमीन, वन जङ्गल, वन्यजन्तु, चराचुरूङ्गी, जलचर आदिको संरक्षण गरिने छ।

(घ) गाउँपालिका र नगरपालिका क्षेत्रभित्रका खानी तथा खनिज पदार्थको संरक्षण गरिने छ।

आदरणीय दाजुभाई तथा दिदीबहिनीहरू, उल्लेखित नीति, कार्यक्रम र कार्ययोजना कार्यान्वयन गर्न जनता समाजबादी पार्टी, नेपाल दृढ सङ्कल्पित छ। जसपाका लागि निर्वाचन घोषणापत्र औपचारिकता मात्र नभएर सार्वजनिक उत्तरदायित्व, निष्ठा र प्रतिबद्धताको विषय हो। हाम्रो पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनीधिहरूले दत्तचित्त भई उपरोक्त नीति, योजना तथा कार्यक्रम लागू गर्ने छन्।

तसर्थ, उपरोक्त घोषणा, नीति र कार्यक्रमलाई समर्थन गर्दै आउँदो बैशाख ३० गते सम्पन्न हुने स्थानीय तहको निर्वाचनमा जसपा,नेपालका उमेदवारहरूलाई ढल्केको छाता निर्वाचन चिन्हमा आफ्नो अमुल्य मत दिई विजयी गराउनुहुन आम जनसमुदायमा हार्दिक अनुरोध गर्दछौं।

## विश्व परिवेश

# आतंकवादका मुद्दाहरूको अनुसन्धानमा कोलम्बो सुरक्षा सम्मेलन




भारतको राष्ट्रिय अनुसन्धान एजेन्सीले मंगलबार कोलम्बो सुरक्षा कन्क्लेभ भर्चुअल सम्मेलन आयोजना गरेको थियो जसमा आतंकवादका मुद्दाहरूको अनुसन्धानमा अनुभवहरू आदानप्रदान गरिएको थियो र भारत, माल्दिभ्स, मौरिसस, श्रीलंका र बंगलादेशका प्यानल र सहभागीहरू थिए। मंगलबारको राष्ट्रिय सुरक्षा परिषद् सचिवालयको एक विज्ञप्ति अनुसार, सम्मेलन २०२२-२३ को लागि कोलम्बो सुरक्षा कन्क्लेभको सहयोग र गतिविधिहरूको रोडम्यापमा पहिचान गरिएको संलग्नता गतिविधिहरू मध्ये एक थियो। माल्दिभ्समा मार्च ९-१० मा भएको एनएसए स्तरको पाँचौं बैठकमा सदस्य राष्ट्रहरूले यो रोडम्यापमा सहमति जनाएका थिए।

सहभागीहरूले आ-आफ्नो देशमा आतंकवाद सम्बन्धी विभिन्न चुनौतिहरूका बारेमा छलफल गर्नुका साथै आतंकवादी मुद्दाहरूको अभियोजन, विदेशी लडाकुहरूसँग जुध्ने रणनीति र इन्टरनेट तथा सामाजिक सञ्जालको दुरूपयोग विरूद्धका अनुभवहरू आदानप्रदान गरेका थिए।

विज्ञप्तिमा भनिएको छ, प्यानलका सदस्यहरूले आतंकवाद र कट्टरपन्थी सम्बन्धी मुद्दाहरूको प्रभावकारी अनुसन्धान र अभियोजनका लागि कोलम्बो सुरक्षा सम्मेलनका सदस्य र पर्यवेक्षक देशहरूबीच घनिष्ठ सहयोग र समन्वयको आवश्यकतामा जोड दिए।

कोलम्बो सेक्युरिटी कन्क्लेभ अन्तर्गत आतंकवाद र कट्टरपन्थी विरूद्धको सहकार्यलाई अगाडि बढाउनका लागि विशेष क्षेत्रहरू पहिचान गर्न सहभागीहरूले सहमति जनाएका छन्।

मार्चमा माले माल्दिभ्समा ५ औं कोलम्बो सुरक्षा सम्मेलनको बैठकमा आफ्नो बयानमा भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले साझा सुरक्षा चुनौतीहरू सम्बोधन गर्न र यस क्षेत्रमा पहिलो प्रतिक्रियाकर्ताको रूपमा समुद्री छिमेकीहरू बीचको सहयोगलाई बलियो बनाउन आह्वान गरेका थिए।

दुई दिने सम्मेलनमा भारत, श्रीलंका, माल्दिभ्स, मौरिसस, बंगलादेश र सेशेल्सका राष्ट्रिय सुरक्षा सल्लाहकार र प्रतिनिधिहरूको सहभागिता थियो।

कोलम्बो सुरक्षा सम्मेलन भारत, श्रीलंका र माल्दिभ्स बीच सुरक्षा सहयोगका चार स्तम्भहरू, समुद्री सुरक्षा र सुरक्षा, मानव बेचबिखन, प्रतिआतंकवाद, र साइबर सुरक्षा कभर गर्ने त्रिपक्षीय सुरक्षा ढाँचाको रूपमा स्थापित भएको थियो।

*– इण्डिया न्यूज नेटवर्क*

# भारतले १५० भन्दा बढी देशहरूमा चामल निर्यात गऱ्यो



भारतले सन् २०२१-२२ मा १५० देशमा चामल निकासी गरेको र गत आर्थिक वर्षमा गैर-बासमती चामलको निर्यात मूल्य ६११ करोड ५० लाख अमेरिकी डलर पुगेको वाणिज्य मन्त्रालयले जारी गरेको तथ्यांकले देखाएको छ।

मन्त्रालयका अनुसार चीनपछि विश्वको दोस्रो ठूलो धान उत्पादक भारतले अफ्रिकी, एसियाली र युरोपेली संघको बजारमा आफ्नो चामल निर्यातको पदचिह्न विस्तार गर्न जारी राखेको छ। यसले विश्व चामलको व्यापारमा भारतको सबैभन्दा ठूलो हिस्सा रहेको सुनिश्चित गरेको छ।

भारतको गैर-बासमती चामलको निर्यात आर्थिक वर्ष २०१३-१४ मा अमेरिकी डलर २९२५ मिलियनबाट आर्थिक वर्ष २०२१-२२ मा ६११५ मिलियन अमेरिकी डलरमा १०९ प्रतिशतले बढेको वाणिज्य तथा उद्योग मन्त्रालयले जनाएको छ।

आधिकारिक तथ्यांकअनुसार भारतले २०१९-२० मा २०१५ मिलियन अमेरिकी डलरको गैर-बासमती चामल निर्यात गरेको थियो, जुन २०२०-२१ मा ४७९९ मिलियन अमेरिकी डलर र २०२१-२२ मा ६११५ मिलियन अमेरिकी डलर पुगेको छ।

२०२१-२२ मा २७% को वृद्धि दर्ता गर्दै गैर-बासमती चामलको निर्यात सबै कृषि-वस्तुहरू मध्ये शीर्ष विदेशी मुद्रा कमाउने थियो।

पश्चिम अफ्रिकी देश बेनिन भारतबाट गैर-बासमती चामलको प्रमुख आयातकर्ता हो। अन्य गन्तव्यमा नेपाल, बंगलादेश, चीन, कोटे डी आइभर, टोगो, सेनेगल, गिनी, भियतनाम, जिबुती, माडागास्कर, क्यामरून सोमालिया, मलेसिया, लाइबेरिया, युएई रहेको मन्त्रालयले जनाएको छ।

२०२०-२१ मा भारतले गैर-बासमती चामल नौ देशहरूमा ढुवानी गऱ्यो - टिमोर-लेस्टे पोर्टो रिको ब्राजिल पपुवा न्युगिनी जिम्बाब्वे बुरून्डी इस्वाटिनी म्यानमार र निकारागुआ जहाँ पहिलो पटक वा पहिले निर्यात गरिएको थियो।

बन्दरगाह ह्यान्डलिङ पूर्वाधारको विस्तारमा भारतको जोड, प्रमुख सरोकारवालाहरूलाई समावेश गर्ने मूल्य श्रृंखलाको विकास र पछिल्ला दुई वर्षमा चामल निर्यातका लागि देश वा बजारमा नयाँ अवसरहरू खोज्ने प्रयासले चामलको निर्यातमा ठूलो वृद्धि भएको छ।

कोभिड -१९ महामारीले उत्पन्न गरेको तार्किक चुनौतीहरूको बाबजुद भारतले अफ्रिकी एसियाली र युरोपियन युनियन बजारहरूमा आफ्नो चामल निर्यात पदचिह्न विस्तार गर्न जारी राखेको छ यसरी विश्वव्यापी चामलको व्यापारमा सबैभन्दा ठूलो हिस्सा रहेको छ। बलियो विश्वव्यापी मागले पनि भारतको चामलको वृद्धिलाई मद्दत गऱ्यो।

प्रमुख धान उत्पादक राज्यहरू पश्चिम बंगाल, उत्तर प्रदेश, पञ्जाब, तमिलनाडु, आन्ध्र प्रदेश, बिहार, छत्तीसगढ, ओडिशा, असम र हरियाणा हुन्।

*– इण्डिया न्यूज नेटवर्क*

हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ सालको उपलक्ष्यमा सम्पुर्ण ग्राहकवर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नेपाल टेलिकम परिवार

# जनकपुरधाम-७ का वडाध्यक्ष जानकीराम एमाले प्रवेश



काठमाडौं। मधेश प्रदेशको राजधानी जनकपुरधाम उपमहानगरपालिका वडा नं. ७ का अध्यक्ष जानकीराम साह नेकपा (एमाले) प्रवेश गरेका छन्। मंगलबार बिहान एमाले अध्यक्ष केपी शर्मा ओलीको काठमाडौंस्थित निवासमा वडाध्यक्ष साहले पार्टी प्रवेश गरेका हुन्। साहलाई पूर्वप्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष ओलीले अबिर र खादा लगाई स्वागत गरेका छन्। साह लोकतान्त्रिक समाजवादी पार्टी नेपाल परित्याग गरी एमालेमा प्रवेश गरेका हुन्। साहले गत निर्वाचनमा तत्कालीन राजपाबाट वडाध्यक्षमा निर्वाचित भएका थिए। आसन्न स्थानीय निर्वाचनमा साह जनकपुरधाम उपमहानगरको मेयरका लागि उम्मेद्वारी दिने घोषणा गरिसकेका छन्। लोसपामा मेयरका धेरै आकांक्षीहरू रहेको आफूले टिकट नपाउने अवस्था देखेपछि एमालेमा प्रवेश गरेको बताइएको छ।

नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त दाजुभाई-दिदीबहिनी एवम् स्वदेश तथा विदेशमा रहनुभएका नेपालीहरूमा सुख, शान्ति, समृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं।

गोपाल यादव
महासचिव, राष्ट्रिय श्रमिक संघ

नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त दाजुभाई-दिदीबहिनी एवम् स्वदेश तथा विदेशमा रहनुभएका नेपालीहरूमा सुख, शान्ति, समृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं।

विनय यादव
अध्यक्ष, राष्ट्रिय एकता अभियान

## जिल्ला समाचार

### राजदेवीमा एमालेका मेयर र उपमेयर सिफारिस

रौतहट। नेकपा (एमाले)ले रौतहटको राजदेवी नगपालिकामा मेयर र उपमेयरका आकांक्षीको नाम सिफारिस गरेको छ। राजदेवी नगर कमिटीको आइतबार बसेको बैठकले मेयरमा दुई जना र उपमेयरमा पाँच जनाको नाम सिफारिस गरेको नगर अध्यक्ष रूपनारायण दासले जानकारी दिएका छन्। नगरअध्यक्ष दासका अनुसार मेयरका दुई जना आकांक्षीमा गत निर्वाचनको मेयर प्रत्यासी राजेश साह र हालको उपमेयर अंशु सिह रहेका छन्। हाल जिल्ला कमिटी सदस्यको हैसियतमा रहेका साह जनयुद्धकालीन नेता हुन् भने सिंह हालै फोरमबाट प्रवेश गरेकी हुन्। उपमेयरमा भने चर्चित जिल्ला कमिटी सदस्य निवेश यादवसहित ५ जनाको नाम सिफारिस गरेको नगरअध्यक्ष दासले बताए। लामो समय पत्रकारितामा बिताएका यादव हाल एमालेको जनवर्गीय संगठन राष्ट्रिय युवा संघका स्थायी कमिटी सदस्य पनि हुन्। उनका अलावा रामपुकार दास, प्रदीप साह, अशोक यादव, रूप नारायण दास आकांक्षी रहेका छन्।

### नगराइनमा जसपा बलियो हुँदै

जनकपुरधाम। केही महिनासम्म धनुषाको नगराइन नगरपालिकामा कमजोर संगठन रहेको जनता समाजवादी पार्टी नेपाल पछिल्लो समयमा जम्दै गएको छ। नेपाली काँग्रेस र नेकपा एमालेको गढको रूपमा रहेको नगराइन नपामा पछिल्लो समयमा जनता समाजवादी पार्टीले खुट्टा जमाउन थालेको हो। आइतवार मात्रै नगराइन नपाको वडा नं. ५मा विभिन्न पार्टी परित्याग गरि जनता समाजवादी पार्टीमा प्रवेश गरेका हुन। आइतवार गंगुलीमा आयोजित पार्टी प्रवेश कार्यक्रममा नेकपा (एस)को नगरसचिवकै नेतृत्वमा २ दर्जन भन्दा बढी नेता कार्यकर्ताहरू जसपामा प्रवेश गरे। नगरकमिटी अध्यक्ष चुडामणी ठाकुरको अध्यक्षता एवं क्षेत्र नं. ३का प्रभावशाली युवा नेता जीतेन्द्र कुमार यादवको प्रमुख अतिथ्यमा आयोजित कार्यक्रममा उनिहरूलाई पार्टीमा स्वागत गरिएको छ। नवप्रवेशीहरूमा नेकपा एसको नगर सचिव शिवचन्द्र झा, नेकपा एकै वडा नं. ५का वडा सचिव साधना झा, लोसपा नेतृ संगीता देवी झा सहितका थिए। पार्टी प्रवेश कार्यक्रममा पार्टीका केन्द्रिय सदस्य वेचन मुखिया, धिरेन्द्र झा, क्षेत्रीय अध्यक्ष युगलकिशोर यादव, महेश मण्डल सहितको उपस्थिति रहेको थियो। क्षेत्र नं. ३को विभिन्न पालिकामा निरन्तर जसपा प्रवेश गर्नेहरूको संख्या बढदै गएको छ।

### आगलागीबाट होटल र किराना पसलमा क्षति

विराटनगर। विराटनगर महानगरपालिका-७ अस्पताल चोकमा रहेको होटल र पसलमा सोमबार राति १२ बजे आगलागी हुँदा चार पसल पूर्णरूपमा नष्ट भएको छ। कुमारप्रसाद घिमिरेको घरमा सञ्चालित होटल र किराना पसल आगलागीबाट जलेर नष्ट भएको भएको छ। उक्त आगो विराटनगरका तीन र दुहवी नगरपालिकाको एक वारूणयन्त्र, प्रहरी र सर्वसाधारणको सहयोगमा आज बिहान २ बजे नियन्त्रणमा लिएको थियो। आगो के कसरी लागेको सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको छ भने क्षतिको पूर्ण विवरण आउन बाँकी छ। आगो नियन्त्रणका क्रममा कार्यालय तीन कर्मचारी घाइते भई स्थानीय म्याक्स अस्पतालमा उपचार भइरहेको छ।

### राजा महेन्द्रको सालिक पुनर्स्थापित

धनगढी। कैलालीको अत्तरिया चोकमा राजा महेन्द्र शाहको सालिक अनावरण गरिएको छ। सालिक पुनर्निर्माण समिति गोदावरी अत्तरियाले स्थानीयको पहलमा उक्त सालिक राखिएको हो। सालिकको लोमस गिरिजी महाराज मठाधिश निरन्जनी अखाडाले अनावरण गरेका हुन्। २०६२-६३ को जनआन्दोलनका क्रममा तत्कालीन सालिक भत्काइएको थियो।

### थारू अगुवा चौधरीको निधन

धनगढी। दुर्घटनामा घाइते थारू कल्याणकारिणी सभा कैलालीका सभापति एवं थारू अगुवा लाहुराम चौधरीको निधन भएको छ। मोटरसाइकल दुर्घटनामा परी गम्भीर घाइते भएका चौधरीको धनगढीस्थित माया मेट्रो अस्पतालमा उपचारका क्रममा निधन भएको हो। धनगढीस्थित ट्राफिक चौराहनजिक मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका थिए। उनको टाउको, खुट्टा र आँखामा गम्भीर चोट लागेको थियो। लाहुराम थरूहट आन्दोलनका अगुवा थिए। ०७२ साल भदौमा 'कैलालीको टीकापुरमा भएको हिंसात्मक घटनाको जिम्मा हामी लग्छौं' भनेर स्थानीय एफएममा अन्तर्वार्ता दिएपछि उनी तीन वर्ष जेल बसेर रिहा भएका थिए।

### शंकराचार्य निश्चलानन्द सरस्वतीको बिदाइ

मोरङ। भारत जगन्नाथपुरीस्थित गोवर्द्धन मठका पीठाधीश जगतगुरू शंकराचार्य स्वामी श्री निश्चलानन्द सरस्वतीलाई विराटनगरबाट बिदाइ गरिएको छ। विराटनगरमा भक्तजनसँग सामिप्यता राख्दै विराटनगर आएका उनलाई मोरङको उर्लाबारीतर्फ बिदा गरिएको आयोजक कार्यसम्पादन समितिले जनाएको छ। यसअघि विराटनगरस्थित अतिथी सदनमा शंकराचार्यसँग भक्तजनको भलाकुसारी भएको थियो। सो क्रममा भक्तजनले धर्म, आस्था, शान्ति जस्ता कुरामा आ-आफ्नो जिज्ञासा राखेका थिए। भक्तजनको जिज्ञासा मेटाउने क्रममा उनले हिन्दु धर्म सनातनी परम्परालाई तोड्न नहुनेमा जोड दिएका थिए।

### 'सहमति कार्यान्वयन नगरे कारबाही हुन्छ'

रूपन्देही। गृहमन्त्री बालकृष्ण खाँणले गठबन्धन दलबीचको सहमति कडाइका साथ पालना गर्नुपर्ने बताएका छन्। गृह जिल्ला रूपन्देहीको तिलोत्तमास्थित आफ्नै निवासमा आयोजित पत्रकार भेटघाटमा उनले सत्तारूढ दलबीच केन्द्रमा हुने सहमति कार्यान्वयन नगर्नेलाई कारबाही गर्ने बताए। कांग्रेसका नेतासमेत रहेका खाँणले निर्वाचनमा गठबन्धन दलबीच सहमति र सहकार्य हुने भएकाले सहमति उल्लंघन गर्ने छुट कसैलाई नभएको बताए। 'अहिले गठबन्धन हुन्छ हुँदैन भन्ने सवाल महत्वपूर्ण होइन, कतिपय ठाउँमा गठबन्धन होला कतिपयमा स्थानमा छुट्टाछुट्टै हुन सक्ला तर केन्द्रले जे निर्णय गर्छ, त्यसको पालना गर्नुपर्छ,' उनले भने। उनले जनताको नजिकको सरकार भएकाले स्थानीय तहको निर्वाचन शान्तिपूर्ण ढंगले सम्पन्न गर्नेतर्फ सरकारले विशेष ध्यान दिएको उल्लेख गरे।

### गोली लागेकी महिला सैनिकको मृत्यु

कपिलवस्तु। गोली लागेर गम्भीर घाइते भएकी कपिलवस्तुस्थित शमशेर दल गण गोरूसिङ्गे ब्यारेककी महिला सैनिक जवानको मृत्यु भएको छ। त्यस ब्यारेकमा सिपाही पदमा रहेकी झापाको गौरहदह नगरपालिका १ की २४ वर्षीया कोपिला राजवंशीको मृत्यु भएको हो। उनको भैरहवास्थित युनिभर्सल मेडिकल कलेजदमा उपचारका क्रममा मृत्यु भएको कपिलवस्तुका प्रहरी प्रमुख एसपी दानबहादुर कार्कीले जानकारी दिए। कार्कीका अनुसार ब्यारेक भित्रको पोस्टमा डियुटीमा रहेको बेला राइफल ( एम १६ ) आफैंले आफै तिर फायर गरी आत्महत्याको प्रयास गरेको प्रहरीको प्रारम्भिक अनुमान छ। गोली लागेर गम्भीर घाइते भएकी उनलाई थप उपचारका लागि काठमाडौं लैजाने तयारी गरिए पनि अवस्था निकै गम्भीर भए पछि नलगिएको प्रहरीको भनाइ छ।

### आगलागी हुँदा ३० लाखको क्षति

कपिलवस्तु। कपिलवस्तुमा भएको आगलागीबाट छ घर गोठ जलेर नष्ट भएको छ। जिल्लाको शिवराज नगरपालिका-११ भदौखरमा लागेको आगोले करिब ३० लाखको क्षति भएको वडा प्रहरी कार्यालय चन्द्रौटाले जनाएको छ। स्थानीय मोतीराम अहिरको घरबाट सुरू भएको आगोले सीताराम यादव, रामचन्द्र यादव, अधारे यादव र भिख्खी यादवको घर गोठ जलेर नष्ट भएको वडाध्यक्ष रामेश्वर वर्माले बताए। आगोले अन्नपात, लत्ताकपडालगायत घरमा रहेका सामग्रीहरू पूर्णरूपमा जलेका छन्। तराईका जिल्लामा गर्मी मौसममा हावाहुरी लाग्ने भएकाले फुसको छानो भएका घर उच्च जोखिममा रहेका छन्।

# सरकार–जनमत वार्ता

काठमाडौं । सरकार र डा.सीके राउत नेतृत्वको जनमत पार्टीबीच शुक्रबार गृह मन्त्रालयमा वार्ता भएको छ । २०७१ असोज १५ गते र २०७५ फागुन २४ गते भएका सहमति कार्यान्वयनबारे छलफल भएको हो ।

वार्तामा सरकारी टोलीको नेतृत्व गृहमन्त्री बालकृष्ण खाण र जनमत पार्टीको नेतृत्व अध्यक्ष राउतले गरेका थिए । वार्तामा सरकारका तर्फबाट गृहमन्त्री खाणसहित महान्यायाधिवक्ता खम्मबहादुर खाती, गृहसचिव टेकनारायण पाण्डे र सहसचिव फणिन्द्रमणि पोखरेल सहभागी रहेका थिए ।

त्यस्तै जनमत पार्टीका तर्फबाट अध्यक्ष राउतसहित उपाध्यक्षत्रय वसन्त कुशवाह, दिपक साह र नरेन्द्र साह तथा महासचिव चन्दनसिंह सहभागी रहेका थिए ।

वार्तामा जनमत पार्टीले आफूहरू स्थानीय तह निर्वाचन प्रयोजनार्थ निर्वाचन आयोगमा दल दर्ता गराएको र त्यसअघि आफूहरूसँग सरकारले गरेका सम्झौता कार्यान्वयन गर्न माग गरेको थियो ।

विभिन्न आरोपमा थुनामा पार्टीका नेता कार्यकर्तालाई रिहा गर्नुपर्ने, अभिव्यक्ति, स्वतन्त्रता र नागरिक हकको सम्मान हुनुपर्ने माग पार्टीले राखेको थियो । त्यस्तै जनमत पार्टीले आफूहरूले गरेको कृषि आन्दोलनका क्रममा पक्राउ परेका नेता कार्यकर्ता रिहा र कृषिसम्बन्धी आफूहरूका माग प्रस्तुत गर्दै पूरा गर्न आग्रह गरेको थियो ।

मधेस आन्दोलनका क्रममा भएको सहमति कार्यान्वयन हुनुपर्ने माग पार्टीको थियो । सरकारका तर्फबाट गृहमन्त्री खाणले मूलधारको राजनीतिमा आएर निर्वाचन आयोगमा दल दर्ता गर्दै निर्वाचनमा जाने तयारी गर्नु स्वागतयोग्य काम भएको बताएका छन् ।

उनले जनमत पार्टीसँग पूर्ववर्ती सरकारले गरेको सहमति बमोजिम कानुन अनुरूप फिर्ता लिन मिल्ने मुद्दा फिर्ता लिन पहल गर्ने बताए । वार्ताका क्रममा जनमत पार्टीले राष्ट्रिय मान्यता प्राप्त गरेको दललाई मात्र दलको चुनाव चिन्हबाट निर्वाचन लड्न पाउने व्यवस्था हटाउन माग गरिएको थियो ।

गृहमन्त्री खाणले सबै राजनीतिक दलले आफ्नो दलको चुनाव चिन्ह पाउने वार्ता गर्न निर्वाचन आयोगलाई आग्रह गरेको र त्यसै अनुरूप आयोगले निर्णय गरिसकेको जानकारी दिएका छन् ।

अदालतमा रहेका बन्दी रिहा गर्न पनि पहल गर्ने गृहमन्त्री खाणले बताएका छन् । त्यस्तै संविधान संशोधन गर्न गठबन्धन सरकार सकारात्मक रहेको उनले बताएका छन् ।

## मधेश...

निर्णयलाई केन्द्रले बेवास्ता गरेर अपमान गरेको उनको ठम्याइँ छ ।

गठबन्धनको निर्णयपछि पार्टीका नेता तथा कार्यकर्ताहरूको तीव्र आक्रोश देखिएको छ । सो निर्णय नमान्ने दबाब जसपा नेतृत्वलाई रहेकाले पनि गठबन्धनको निर्णय मान्न नसकिने स्थानीय नेताहरूले बताएका छन् । उनीहरू बाँकेका चार पालिकामा फरक निर्वाचन चिन्ह लिएर भए पनि प्रतिस्पर्धा गर्ने निर्णयमा पुगेका छन् ।

**लोसपामा आपत्ति**

वीरगन्ज महानगरमा नेकपा एमालेसँग चुनावी तालमेल गर्ने विषयमा लोसपामा विवाद भएको छ । बिहीबार एमाले नेताहरूसँगै पत्रकार सम्मेलन गरेर लोसपाका वरिष्ठ नेता लक्ष्मणलाल कर्ण र जिल्ला अध्यक्ष पुरूषोत्तमलाल झाले वीरगन्ज महानगरमा एमालेसँग चुनावी तालमेल गरिएको घोषणा गरेका थिए ।

तर उक्त घोषणाको ४ घण्टा नवित्दै लोसपा पर्साका ३ जना जिल्ला उपाध्यक्षले संयुक्त विज्ञप्ति जारी गर्दै महानगरमा एमालेसँग चुनावी तालमेल नगरिएको बताएका छन् । बिहीबार दिउँसो लोसपाका जिल्ला उपाध्यक्षत्रय कृष्णा पटेल, राजेश कुमार साह र देवानन्द यादवले संयुक्त विज्ञप्ति जारी गर्दै महानगरमा लोसपा एक्लै चुनाव लड्न तयार रहेको पनि बताएका छन् ।

विज्ञप्तीमा लोसपाको जिल्ला कार्यसमितिले महानगरमा अन्य कुनै पनि दलसँग चुनावी तालमेल गर्नेबारे निर्णय नै नगरेकाले, एमाले र लोसपाबीच तालमेल गरिएको भन्नुको कुनै औचित्य नभएको उल्लेख छ । लोसपालाई समाप्त पार्ने नियतले कुनै नेता विशेषको इशारामा एमालेसँग तालमेल गरिएकाले यसप्रति तीनैजना उपाध्यक्षले आपत्ति पनि जनाएका छन् ।

लोसपा वीरगन्ज महानगरका अध्यक्ष ओम प्रकाश सर्राफले पनि एमालेसँग गरिएको तालमेल प्रति आपत्ति जनाएका छन् । सर्राफले महानगरमा एमालेसँग चुनावी तालमेल गर्ने बारेमा पार्टी भित्र कुनै पनि किसिमको छलफल नै नभएको बताए ।

**कांग्रेसमा पनि असन्तुष्टि**

जनकपुरधाम उपमहानगरपालिकाको मेयर पद जनता समाजवादी पार्टीको भागमा परेपछि नेपाली कांग्रेसभित्र असन्तोष चुलिएको छ । कांग्रेस समर्थित युवाहरूले सत्तागठबन्धन दलका शीर्ष नेताहरूको पुत्ला दहन गरेका थिए भने कांग्रेस नगर समितिले प्रेस विज्ञप्ति प्रकाशित गरी निर्णय सच्याउन अपिल गरेको थियो । बिहीबार कांग्रेस नगर समितिका सभापति तथा मेयरका प्रत्यासी मनोज साहले निर्णय नसच्याए सामूहिक राजीनामा दिने चेतावनी दिएका छन् । सत्तागठबन्धन दलका शीर्ष नेताहरूको बैठकबाट जनकपुरधाम उपमहानगरपालिका जसपाको भागमा परेको हो ।

नगर सभापति साहले आफूसहित नगर समितिका २५ वटै वडा सभापति, पार्टीका समर्थक, शुभेच्छुकहरू गठबन्धनको विरोधमा रहेको बताए ।

प्राप्त मतभारको आधारमा पदको बाँडफाँट गर्नुको सट्टा गठबन्धन दलहरूले व्यक्ति विशेषको आधारमा पद बाँडफाँट गरेको आरोप मनोज साहको छ ।

# मुसहर बस्तीमा पाँच वर्षपछि पुगे नेता

जलेश्वर । स्थानीय तहको निर्वाचनको समय नजिकिएसँगै महोत्तरी जिल्ला सदरमुकाम जलेश्वर नगरपालिका वडा नं ३ खैरा गाउँमा अवस्थित मुसहर बस्तीमा पाँच वर्षमा कहिल्यै नपुगेका नेता अहिले पुग्न थालेका छन् । २०७४ को निर्वाचनमा सो बस्तीमा पुगेका नेताहरूले आफू जितेपछि मुसहर समुदायका लागि दर्जनौं योजना तथा कार्यक्रम ल्याउने आश्वासन दिए पनि हराएका थिए । बस्तीका अगुवा मुसहर अमृत सदाका अनुसार अहिले नेताहरूको आगमनका कारण प्रत्येक दिन मुसहर बस्ती राति १-२ बजेसम्म जाग्राम बस्छ ।

'सबै चुनावमा लालपुर्जा बन्ने आसले नेतालाई भोट दिन्छु तर अहिलेसम्म कुनै पनि नेताले मुसहरको लालपुर्जा बनाइदिएनन', अगुवा मुसहर अमृत बताउछन् । जलेश्वर बजारबाट एक किलोमिटर दूरीमा रहेको खैरा गाउँका मुसहर समुदायका कोही कुनै नेतालाई भेट्न जाँदा बेवास्ता गर्ने गरेको, कसैको कुरा सुन्न तयार नहुने गरेको र कुनै कामकाजसमेत नगरिदिने गरेको बस्तीकी ६० वर्षीया मुसह तेतरी सदाले दुखेसो गरे । 'हामीलाई आपत्विपत् पर्दा जनप्रतिनिधिलाई बस्तीमा बोलाउँदा आउँदैनथे । फोन गर्दा उठाउँदैनथे र समस्या सुनाउँदा पन्छिन्थे' तेतरीले थपे । त्यही बस्तीमा अहिले नेताहरूको नियमित भिड लाग्छ । 'स्थानीय तहको चुनावको मिति तय भएयता दिनहुँ आएर नेताहरू फेरि आफूले आगामी निर्वाचनमा मुसहरको मत पाएर जितेपछि तपाईंहरूका लागि विकासको लहर ल्याउने भनी भाषण सुरू गरिसकेका छन् । मुसहर मतदातालाई अहिले नेताको भाषण सुन्न झ्याइनझ्याइ छ', बस्तीका अर्का ७० वर्षीया सिलिया सदाले बताए ।

खैरा गाउँमा मुसहर समुदायको करिब ९० घर छ । उनीहरूका लागि न शौचालयको व्यवस्था छ न त खानेपानीमै सहजता छ । सिङ्गो बस्तीमा एक थान मात्रै खानेपानी ह्यान्डपाइप तथा प्रत्येक आठ-दश घरमा एउटा शौचालय छ त्यो पनि तीन रिङ्ग भएको जुन एक-दुई महिनामै भरेर सबैलाई फेरि वनमै शौच गर्ने बाध्यता रहने गरेको स्थानीयवासी ४५ वर्षीया सुकमरिया सदाले बताए ।

उनका अनुसार नेताहरूले सो बस्तीमा विकास गरिदिने आश्वासन बाँडेकाले प्रत्येक चुनावमा आफूहरूले भरोसा गरेर मत दिए पनि खानेपानी, नाला र सडक बनाउनुपर्ने वर्षौंदेखिको माग अहिले पनि यथावत् छ । घर बनाइदिने, खानेपानी पाइप, स्कुल, नालालगायत विकासको काम गरिदिने आसले नेतालाई मत दिए पनि अहिलेसम्म बन्न नसकेको स्थानीयवासी लड्डु सदा बताउछन् ।

भारतीय सीमासँग जोडिएको जलेश्वर नगरपालिका जिल्लाको सबैभन्दा गहिरो ठाउँ हो । बर्सात्मा घरघरमा पानी पस्छ । मुसहर बस्ती ऐलानी जमिनमा छ । बस्तीका करिब १५० जनाको नागरिकता प्रमाणपत्र छैन । बुबाको नागरिकता नभएकै कारण छोराछोरीको समेत जन्मदर्ता नबन्दा तिनले विद्यालयको मुखसमेत हेर्न पाएका छैनन् ।

मुसहरले गत चुनावमा नागरिकता र जन्मदर्ता बनाइदिने, बर्सात्को पानी व्यवस्थापन गरिदिने, खानेपानी, सडक र सबै ऐलानी जमिनको लालपुर्जा बनाइदिनुपर्ने माग राखेका थिए । अहिलेसम्म पनि बस्तीमा केही हुन सकेको छैन । अझै पनि दर्जनौं व्यक्ति नागरिकताविहीन, दर्जनौं बालबालिका जन्मदर्ताविहीन र बस्ती सडक-विद्यालय-खानेपानी-नालाविहीन छ । स्थानीयवासी अर्जुन सदा भन्छन्, 'बस्तीमा मात्र एउटा चापाकल (खानेपानी पाइप )छ । यहाँ गर्मीमा पानीको हाहाकार हुन्छ । लालपुर्जा नहुँदा घरबारविहीन हुने चिन्ता छ । नाला नबन्दा बर्सात्मा घर डुब्छ । त्यसैले हरेक निर्वाचनमा हामीहरू यी माग अघि सार्छौं र नेताहरूले आश्वासन दिएपछि मत दिन्छौं, तर हाम्रा माग अहिलेसम्म पूरा भएका छैनन् ।'

खैरा गाउँभरि बिजुलीबत्ती पुगे पनि मुसहर बस्ती चाहिँ बर्सौंदेखि अँध्यारो छ । गरिबी र विपन्नताले गर्दा कतिले बिजुलीबत्ती जडान नै गर्न सकेका छैनन् भने एक-दुई जनाले जडान गर्न चाहे पनि बसोबास गर्दै आएको जग्गाको लालपुर्जा नहुँदा मिटर नपाएको गुनासो गरेका छन् । गाउँमा लाइन त छ, तर विद्युत् कार्यालयले लालपुर्जा नभएकालाई मिटर दिन मानेको छैन, विद्युत् चुहावट गऱ्यो भने प्रहरीले समात्छ । स्थानीयवासी सिरिया सदा भन्छन्, 'मुसहर बस्ती अझै उस्तै छ । यहाँका सबै सधैं अभावमा बाँचिरहेका छन् । बस्तीमा नेताहरू भोट माग्न मात्रै आउँछन् । भोट पाएपछि नेताको रङ फेरिन्छ तर बस्तीको रङ फेरिँदैन ।'

नेपाल सरकारले भारतलाई पछि पार्दै बडो धुमधामका साथ देशलाई खुलादिसामुक्त घोषणासमेत गरिसकेको अवस्थामा बस्तीमा शौचालय नहुँदा खुला ठाउँमा शौच गर्नुपर्ने बाध्यता छ । सबै नेताहरूले बस्तीमा सार्वजनिक शौचालय बनाइदिने आश्वासन दिए पनि कसैले पूरा नगरेको स्थानीयवासी बिरू सदाको गुनासो छ ।

जमिनदारको जमिनमा बटैया अर्थात् आधी-आधीमा उनीहरू खेती गर्छन् तर बर्सातको बेला खेत डुबानमा पर्छ । वर्षा नभएका बेला खडेरी लागेर बाली नष्ट हुन्छ । त्यसको क्षतिपूर्ति हुँदैन । गरिबको भोको पेट भर्न कहिले कुनै पहल गरिँदैन', अर्का स्थानीयवासी विमलेश सदाले दुखेसो पोखे ।

बस्तीका वडाध्यक्ष अहिले लोसपा नेपालका सञ्जयकुमार पाण्डे र बस्ती रहेको क्षेत्रका नगर प्रमुख रामशङ्कर मिश्र शाही तथा सोही बस्ती समेटेको सङ्घीय निर्वाचन क्षेत्र नम्बर ३ का सङ्घीय सांसद लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर हुनुहुन्छ । त्यस्तै मधेश प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं ३ ख अन्तर्गत पर्ने सो क्षेत्रबाट मधेश प्रदेशका प्रदेशसभा सदस्यमा रानीकुमारी तिवारी हुन । बर्सौंदेखि गरिबी, विपन्नता र समस्यासँग जुध्दै गरेका सो बस्तीका मुसहरका लागि वडाध्यक्ष, नगर प्रमुख, प्रदेशसभा सदस्य र सङ्घीय सांसदसमेतले अहिलेसम्म केही नगरिदिएको उनीहरूको सामूहिक गुनासो छ ।

## आर्थिक समाचार

### महोत्तरी र सिरहामा लक्ष्मी बैंकका एक्सटेन्सन काउन्टर विस्तार

काठमाडौं । लक्ष्मी बैंकले आफ्नो संजाल विस्तार गर्ने क्रममा आफ्ना दुई नयाँ एक्स्टेन्सन काउन्टर संचालनमा ल्याएको छ । उक्त एक्स्टेन्सन काउन्टरहरू महोत्तरी जिल्ला अदालत र सिराहा जिल्ला अदालतमा स्थापना भएका छन् । यी एक्स्टेन्सन काउन्टरहरूको शुरूआतसँगै लक्ष्मी बैंकको शाखा संजाल ५० जिल्लामा १४२ शाखा, १३ एक्सटेन्सन काउन्टर र ५ हस्पिटल सेवा काउन्टर, १७६ एटिएम, २५०० भन्दा बढि रेमिटेन्स् एजेन्ट तथा ६३ शाखा रहित बैंकिङ्ग एजेन्टहरू पुगेको बैंकले प्रेस विज्ञप्ति जारी गरी जनाएको छ । यसको साथ लक्ष्मी बैंकले आफ्नो सेवा अझ सुदृढ अनि व्यापक बनाउने विश्वास राखेको छ । सुविधाजनक बचत खाता योजना, मुद्दती निक्षेप योजना, घर तथा सवारी कर्जा, साना व्यवसायी कर्जा, लघुवित्त, लगायतका वित्तीय सेवाहरूको बढ्दो मागलाई पूरा गर्न बैंकले नयाँ तथा वित्तीय पहुँच नपुगेका क्षेत्रहरूमा सक्रिय रूपमा सेवा विस्तार गर्दै आएको जनाएको छ ।

### हवाई टिकट काट्दा सर्वाधिक क्यासब्याक र रू. ३०० सम्म छुट

काठमाडौं । आइएमई ग्रुपद्वारा संचालित आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित ' आइएमई पे ' ले हवाइ उडान टिकटको नयाँ योजना सार्वजनिक गरेको छ । पहिलो पटक आइएमई पे एप प्रयोग गर्ने सेवाग्राही वा पहिलो पटक आइएमई पे एपबाट हवाइ उडान टिकट काट्ने सेवाग्राहीहरूले आइएमई पे एप मार्फत हवाइ उडान टिकट काट्दा सर्वाधिक क्यासब्याकको साथै अतिरिक्त रू. ३०० छुट प्राप्त गर्ने प्रबन्ध मिलाइएको छ । यात्राको लागि सबैभन्दा सहज माध्यम हवाइ उडान भएकोले, आइएमई पेले यात्रुहरूलाई हवाइ उडान मार्फत यात्रा गर्न प्रोत्साहन दिन समय-समयमा यस्ता योजनाहरू प्रस्तुत गर्दै आएको छ । नयाँ योजना अनुसार हवाई उडान टिकटमा ५०% सम्मको छुटदेखि लिएर नेपालको कैयौं रमणिय गणतव्यको फ्री हवाइ टिकट प्रदान गर्ने जस्ता योजनाहरू आईएमई पे ले ल्याउने गरको छ । योजनामा कम्पनीले निश्चित सेवा र शर्तहरू निर्धारण गरेको छ । पहिलो पटक आइएमई पे एप प्रयोग गर्ने सेवाग्राही वा पहिलो पटक आइएमई पे एपबाट हवाइ उडान टिकट काट्ने सेवाग्राहीहरूले मात्र यो अफर मार्फत छुट पाउँनेछन् भने फर्स्ट टाईम युजर्सहरूले आइएमई पे एपको पूर्व उल्लेखित क्यासब्याकको साथै रू. ३०० अतिरिक्त छुट पाउनेछन् । अरू प्रयोगकर्ताहरूले नियमित सर्वाधिक क्यासब्याकमा आइएमई पे एप मार्फत हवाइ उडान टिकट बुक गर्न सक्नेछन् ।

## पाण्डे भारतको सेना प्रमुख

काठमाडौं, ६ बैशाख । छिमेकी मित्रराष्ट्र भारतको सेना प्रमुखमा मनोज पाण्डे नियुक्त भएका छन् । भारतको रक्षा मन्त्रालयले पाण्डेलाई सेना प्रमुख बनाउने निर्णय लिइएको जनाइएको छ । अप्रिल ३० मा हालका सेना प्रमुख मनोज मुकुन्द नरवणे सेवानिवृत्त भएपछि पाण्डेले सेना प्रमुखको जिम्मेवारी औपचारिक रूपमा सम्हाल्ने छन् । उनी नरवणेपछिका वरिष्ठ अधिकारी हुन् । हाल भारतीय सेनाको उपप्रमुख रहेका पाण्डे सेनाको शीर्ष स्थानमा पुग्ने पहिलो इन्जिनियरसमेत बन्ने समाचार एजेन्सी एएनआईले जनाएको छ ।

## नेपाल-भारत सीमानाका बन्द हुने

जनकपुरधाम । स्थानीय तह निर्वाचन हुनु ७२ घण्टा अघिदेखि नेपाल-भारत सीमा नाका बन्द गर्ने दुई देशका सुरक्षा अधिकारीको संयुक्त बैठकले निर्णय गरेको छ । भारतको मधुवनी जिल्लास्थित जयनगरमा बसेको दुवै देशका सुरक्षा अधिकारीहरूको संयुक्त बैठकले यही वैशाख ३० गते हुने स्थानीय निर्वाचनको ७२ घण्टा अगाडिबाट सीमा नाका बन्द गर्ने निर्णय गरेको हो । खुल्ला सीमा नाकाका कारण निर्वाचनको बेला सुरक्षा चुनौती बढ्न सक्ने भएकाले ७२ घण्टा अगाडिदेखि सीमा नाका बन्द गर्ने निर्णय भएको धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिए । बैठकमा सीमा वारपारको सम्बन्ध, दशगजाको अतिक्रमण, दशगजाको व्यवस्थापन, दुईपक्षको आन्तरिक सुरक्षा, तस्करी, लागुऔषध र मदिरा ओसारपसार नियन्त्रणलगायतका विषयमा पनि छलफल भएको प्रजिअ पौडेलले बताए ।










मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं